## पहिलो अध्याय

# अनुसन्धान प्रवन्ध

शाक्यमुनि बुद्धले प्राप्त गर्नुभएको सम्यक् सम्बोधि ज्ञान आफुमामात्र सीमित राख्नुनभई प्राणीहरुको दुःख निराकरण गर्न सारनाथको मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरुलाई औपचारिक रुपमा उपदेश दिनु भएर प्रथम धर्मचक्रको प्रवर्तन गर्नुभएको थियो । त्यसपछि ती भिक्षुहरुलाई बुद्ध शासनमा प्रवर्जित गर्नुभई बुद्धधर्मको "संघ" स्थापना गर्नुभएको थियो ।

बुद्धको परिनिर्वाणको ३ महिनापछि बुद्धधर्म र संघलाई बचाई राख्न वेभार पर्वतस्थित सप्तपर्णी गुफामा पहिलो "संघ भेला" भएको थियो । जुन संघ भेला बौद्ध धर्मको पहिलो संगायनको नामले प्रसिद्ध छ । तदनुन्तर बौद्ध धर्ममा विभिन्न समयमा बिभिन्न स्थानमा संघ भेला भएको इतिहास पाइन्छ ।

नेपाल मण्डलमा किरांतकालदेखि नै "बौद्ध विहारहरु" र "संघ परम्परा" रहेको जनश्रुति प्रसिद्ध छ भने लिच्छविकालदेखि वर्तमानसम्म पनि बौद्ध विहार र संघ परम्पराको निरन्तरता रहेको इतिहासले र यहाँको बौद्ध संस्कृतिले पुष्टि गर्दछ । यसको ज्वलन्त उदाहरणको रुपमा काठमाडौंको माथिल्लो भेग(क्षेत्र)मा हुने "बज्राचार्य संघ भेला"लाई लिन सकिन्छ । यहाँ हुने बज्राचार्य संघ भेलालाई "थथु पुंई आचागू" भन्ने गरिन्छ । थथु पुंई आचागूलाई "थथु पुंई आचार्य गुथि"को संक्षेपीकरण मानिन्छ । यो गुथि प्रत्येक वर्ष फागुन शुक्ल द्वादशीको दिन गुथिका सम्पूर्ण संघ सदस्यहरु तोकिएको विहारमा भेला भई बज्रयानी परम्परा अनुसार पूजाआजा गरी, गुथि पाला (गुथिको कार्यभार वहनकर्ता)हरुले सम्पूर्ण गुथिका सदस्यहरुलाई आफ्नो गच्छेअनुसार अन्न, दक्षिणा, भोजन इत्यादी दान गरी गुथि संचालन गर्ने गरिन्छ । यो गुथिको सदस्य हुन कान्तिपुरको माथिल्लो भेगका चारवटा मूख्य विहारहरु - मैत्रीपुर महाविहार (क्वाःबाहाः), रत्नकेतु महाविहार (न्हूबाहाः), हेनाकर महाविहार (ध्वाका बाहाः) र हेमवर्ण महाविहार (गंबाहाः)मध्ये कुनै विहारमा विधिवत रुपमा "प्रव्रज्यासंवर(

भिक्षुत्व)" प्राप्त गरी "बज्राभिषेक" समेत प्राप्त गरेको हुनुपर्ने नियम रहेको छ। साथै यो संघ भेला गर्ने पालो ती चारवटा मूल विहारका संघ सदस्यहरुमध्ये नै प्रवर्जित भएको जेष्ठताको कममा हुने चलन रहेको छ । यस गुथि एक प्रकारले निश्चित विहारका संघ सदस्यहरुको भेला अर्थात संघ भेला भएकाले बौद्ध धर्म, संस्कृति र इतिहासको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण विषय मान्न सकिन्छ त्यसर्थ उहि विषयमा शोध कार्य गर्ने लक्ष्य राखी "थथु पुंई आचागू : एक अध्ययन" शीर्षक अन्तर्गत शोध कार्य सम्पन्न गरी यो शोधग्रन्थ तयार गरिएको छ । यो शोधग्रन्थ नेपाली भाषामा तयार गरिएको छ ।

## १.१ पूर्वसाहित्य समिक्षा :

थथु पुंई आचागूसम्बन्धी पुस्तकहरु खासै रुपमा प्रकाशन भएको नपाइएता पनि थथु पुंई आचागू र यो गुथिसंग सम्बन्ध रहेका केहि पुस्तक, पत्र-पत्रिका र शोधग्रन्थ यस शोधग्रन्थको प्रस्तावना तयार गर्नका निम्ति अध्ययन गरिएको छ । तीं निम्न प्रकार छन् ।

**अंग्रेजी भाषा**

१) लक, जोन के., **बुद्धिस्त मोनाष्ट्रिज अफ नेपाल**, (काठमाडौं : सहयोगी प्रेस, ई.सं.१९८५) ।

**नेपाल भाषा**

२) बज्राचार्य, **रत्नकाजी र विजय रत्न बज्राचार्य**, *नेपा देया विहारया ताचा* (काठमाडौं : पचली भैरब प्रेस, ने.सं. ११०३) ।

३) बज्राचार्य, नरेशमान, *बौद्ध संगायन व यें देया दे आचा गुठी,* न्हूगु विश्वभुमि दैनिक पत्रिका, तंसा पौ, ने.सं. १११९ चिल्लागा ८ ।

४) बज्राचार्य, मदनसेन, **दे आचार्य गुथि** (काठमाडौं : शाक्य अफसेट प्रेस, ने.सं. १११९) ।

**नेपाली भाषा**

५) बज्राचार्य, नरेशमान, *नेपालको बज्रयानी बौद्ध सस्कृति* (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, बि.सं. २०६३) ।

६) बज्राचार्य, मञ्जु श्री रत्न, *दे आचार्य गुथि र कान्तिपुरका वज्राचार्यहरुको संघ परम्परा* **बज्रयान** त्रैमासिक पत्रिका, वर्ष २ अंक ६, ने.सं. ११३१)

## १) बुद्धिस्ट मोनाष्ट्रिज अफ नेपाल :

सन १९८५ मा प्रकाशित यस पुस्तकमा आचार्य गुथि भन्ने खण्डमा आचार्य गुथिसंग काठमाडौं शहरको हाल विद्यमान चारवटा क्षेत्रको अतिनै महत्वपूर्ण सम्बन्ध रहेको कुरा दर्शाउने क्रममा चारवटा क्षेत्रको विकासको इतिहास र थथु पुंई आचार्य गुथिको पनि उल्लेख गरिएको छ । सो पुस्तकमा लिच्छविकालीन समयमा काठमाडौं शहरको हालको हनुमान ढोकादेखि उत्तर तिरको भागलाई "कोलिग्राम" र दक्षिण तिरको भागलाई "दक्षिण कोलिग्राम" भनेर काठमाडौं शहर दुई क्षेत्रमा विभाजन भई रहेको कुरा उल्लेख गरिएको छ । लिच्छविकालको अन्त अन्त तिर कोलिग्रामलाई "यम्बु" र दक्षिण कोलिग्रामलाई "यंगाल" भनेर स्थानीय नाम दिएको र पछि आएर फेरि यम्बु (कोलिग्राम) लाई "कान्तिपुर" र यंगाल ( दक्षिण कोलिग्राम)लाई "काष्ठमण्डप" भनेर भन्ने गरेको कुरा पनि उल्लेख गरिएको छ । साथै हालको थथु पूंई रहेको क्षेत्र त्यहाँको पूजाआजाको दृष्टिकोणमा कान्तिपुरको एउटा अलग्गै क्षेत्र बनाई त्यसलाई "शुवर्णप्रणाली महानगर" भनेर नामांकन गरियो र मल्लकालीन समयमा आएर काठमाडौं शहर "थथु पुंई", "दथु पुंई", "लायकु पुंई" र "क्वथु पुंई" भनेर चार क्षेत्रमा विभाजन भएको कुरा पनि उल्लेख गरिएको छ । थथु पुंई अन्तर्गत क्वाबाहा, झ्वाःबाहाः, ध्वाकाबाहा र गंबाहा,  दथु पुंई अन्तर्ग इतुंबाहा, जनबाहा, तक्षेबाहा, मूबाहा, सवलबाहा, तेबाहा र मखंबाहा, लाय्कु पुंई अन्तर्गत सिखंमुबाहा र क्वने पुई अन्तर्गत ओमबाहा, इकुबहा, मिखाबाहा, लगंबाहा, मुसुंबाहा(१) र मुसुंबाहा(२) रहेको कुरा उल्लेख गरिएको छ । आचार्य गुथि चारवटा पुंईको गुथिको एक संगठन हो । चारवटै आचार्य गुथि हालसम्म पनि चली नै रहेको तर त्यसको कार्यक्रमहरु छोत्याएर लगेको छ । प्रत्येक पुंईको आचार्य गुथिमा जेठो सदस्य अथवा थाय्पा गुथिको प्रमुख हुने प्रचलन रहेको कुरा पनि उल्लेख गरिएको छ ।

## २) नेपाः देःया विहारया ताःचा :

ने.सं. ११०३ मा प्रकाशित यस पुस्तकमा सुवर्ण पनादि/प्रणाली महानगर (थने पुंई) मा २२ वटा विहार रहेको भनि सो विहारहरुको संस्कृत नाम, प्रचलित नाम र विहार रहेको स्थान समेत उल्लेख गरिएको छ । साथै काठमाडौंको १८ वटा मूल विहारको नाम उल्लेख गर्ने क्रममा थने पुंईमा रहेको चारवटा विहारहरु श्री मैत्रीपुर महाविहार (क्वाबाहा), श्री हेनाकर महाविहार (ध्वाकाबाहा), श्री हेमवण महाविहार (गंबाहा) र श्री रत्नकेतु महाविहार ( न्हूबाहा) को नाम उल्लेख गरिएको छ ।

## ३) बौद्ध संगायन व यैं देया दे आचार्य गुठी :

ने.सं. १११९ चिल्लागा ८ मा नेपाल भाषाबाट प्रकाशित हुने दैनिक पत्रिका न्हूगु विश्वभुमिमा काठमाडौंमा हुने बज्राचार्य संघ भेला दे आचार्य गुथि" बुद्धको परिनिवार्णपछि भएका विभिन्न बौद्ध संगायनकै स्वरुप हो भन्ने कुरा पुष्टि गर्ने क्रममा "संघ"को कारणले नै बुद्धले दिनु भएको उपदेश "धर्म" लाई बुद्धको परिनिर्वाणपछि पनि हालसम्म जीवित राख्न सकेको र नेपालमा पनि शाक्यभिक्षु संघ र बज्राचार्य संघले "धर्म"लाई बचाइ राखेको कुरा उल्लेख गर्नु भएको छ । सो लेखमा प्रत्येक बर्ष काठमाडौंमा हुने बज्राचार्य संघको भेलालाई "बज्राचार्यहरुको राष्ट्रिय बौद्ध भेला" हो भनेर अनुमान गर्न सकिन्छ भनेर लेखकले आफ्नो विचार प्रकट गर्नुभएको छ ।

## ४) दे आचार्य गुथि :

ने.सं १११९ मा प्रकाशित यस पुस्तकमा दे आचार्य गुथिमा कसरी सदस्यता ग्रहण गरिन्छ भन्ने सन्दर्भमा थथु पुंई र थथु पुंई आचार्य गुथिलाई पनि उल्लेख गरिएको छ । सो पुस्तकमा कान्तिपुरलाई चारवटा क्षेत्रमा विभाजन भई रहेको र कान्तिपुरको १८ वटा मूल विहारहरु मध्ये ४ वटा मूल विहारहरु कान्तिपुरको माथिल्लो भेग अर्थात थथु पुंईमा रहेको, ७ वटा मूल विहारहरु मध्य भाग अर्थात दथु पुंईमा रहेको, १ वटा मात्र मूल विहार दरवार क्षेत्र अथार्त लाय्कु पुंईमा रहेको र ६ वटा मूल विहार तल्लो क्षेत्र अर्थात क्वने पुंईमा रहेको कुरा

उल्लेख गरिएको छ । प्रत्येक मूल विहारमा चुडाकर्म भएका व्यक्ति त्यहिं विहारको संघ सदस्य हुने र त्यसपछि आ-आफ्नो पुंई आचार्य गुथिको पनि सदस्य हुन्छ भन्ने कुरा उल्लेख भएको छ ।

लेखकको विचारमा प्रत्येक पुंई आचार्य गुथि भनेको दे आचार्य गुथिको शाखा वा प्रान्तीय स्वरुप हो ।

## ५) नेपालको बज्रयानी बौद्ध संस्कृति :

यो नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा तयार पार्न लगाइएको अनुसन्धान प्रतिवेदन हो । यस प्रतिवेदनको अध्याय चारमा अनुसन्धानकर्ताले वर्तमान नेपालमण्डलका वज्रयानी विहार र संघ संरचनाको बारेमा उल्लेख गर्ने क्रममा कान्तिपुरमा "झिं च्यागुवाहा" को नामले १८ वटा महाविहारहरु छन् । जसलाई १८ वटा मूख्य विहार पनि भन्ने गरिन्छ । ती १८ वटा महाविहारलाई क्षेत्रीय आधारमा चार खण्डमा बिभाजन गरिएको छ । जसमध्ये उत्तरमा ठमेलदेखि असनको ढुङ्गे माच्छासम्मलाई उत्तरिभेग अर्थात उपल्लो क्षेत्र मानिन्छ । त्यस क्षेत्र भित्रका विहारहरुलाई नेपाल भाषामा "थथुपुईया वाहा" भन्ने चलन छ । यस अन्तर्गत क्वाबाहाः, न्हुबाहाः, ध्वाकाबाहाः र गंबाहाः पर्दछन् । ती चारवटै विहारका संघ सदस्यहरु वर्षेनि एक पटक भेला हुन्छन् । यस भेलालाई नेपाल भाषामा "थथुपुईया आचागु" भनिन्छ भनेर उल्लेख गरिएको छ । यो भेला प्रत्येक वर्ष फाल्गुन शुक्ल द्वादशीका दिन हुने परम्परा रहेको र प्रत्येक विहारमा नव प्रवजित सदस्यहरुको नाम उक्त भेलामा नामांकन (पंजीकरण) गरेर सो क्षेत्रीय भेलाको सदस्यता ग्रहण गराईन्छ भनेर पनि उल्लेख गरिएको छ ।

## ६) दे आचार्य गुथि र कान्तिपुरका वज्राचार्यहरुको संघ परम्परा :

ने.सं. ११३१ सिपुन्हिको दिन नेपाल परम्परागत बौद्धधर्म संघद्वारा , वर्ष २, अंक ६ मा प्रकाशित बज्रयान त्रैमासिक पत्रिकामा लेखकले दे आचार्य गुथि मा पुंई आचार्य गुथिको सम्बन्ध दर्शाउने क्रममा थथु पुंईमा चारवटा मूल बिहारहरु पर्दछन र थथु पुंई आचार्य गुथि फाल्गुन शुक्ल द्वादशीका दिन गर्ने परम्परा रहेको कुरा उल्लेख गरिएको छ ।

## १.२ समस्या कथन :

थथु पुंई आचागू नेपालको प्राचीन बौद्ध परम्परा भएर पनि यसको वास्तविक उपादेयता, यसका प्राचीन स्वरुप, परिवर्तित स्वरुप र सम्पन्न गरिने पूजाविधिहरुका विषयबारे प्राज्ञिक जगत अनभिज्ञ छ। तसर्थ निम्न लिखित समस्याकथनलाई मध्यनजर राखी शोध कार्य सम्पन्न गरी शोधग्रन्थ पस्तुत गरिएको छ।

क) थथु पुंई आचागू वास्तविक रुपमा के हो ?

ख) आचागूको प्राचीन र वर्तमान स्वरुप र परम्परामा के-कस्तो भिन्नता छ ?

ग) आचागूमा पूजाविधिको के महत्व छ ?

## १.३ उद्देश्य :

कुनै कार्ययोजनाको सामान्य उद्देश्य र निश्चित उद्देश्य हुन जरुरी छ। तसर्थ निम्न लिखित सामान्य उद्देश्य र विशेष अर्थात निश्चित उद्देश्य प्राप्तिकोलागि शोध कार्य गरिएको थियो र ती उद्देश्यहरु धेरै हदसम्म पूर्ति गर्न सफल भएको मान्न सकिन्छ। तर पनि थप अनुसन्धानको आवश्यक्तालाई नकार्न सकिंदैन।

### सामान्य उद्देश्य :

कान्तिपुरको माथिल्लो क्षेत्रका चारवटा मूल विहारहरुका बज्राचार्य संघ सदस्यहरु प्रत्येक वर्ष कुनै एक विहारमा भेला भई मनाइने "आचागू" को जानकारी प्राप्त गर्ने।

### विशेष उद्देश्य :

क) उक्त आचागूको उत्पत्ति र विकासको ऐतिहासिक अध्ययन गर्ने।

ख) उक्त आचागूको वर्तमान स्वरुप र संचालनको अध्ययन गर्ने र

ग) उक्त आचागूमा गरिने पूजाबारे अध्ययन गर्ने आदि।

## १.४ औचित्यता :

थथु पुई आचागू नेपालको बौद्ध धर्मको एक अभिन्न भएकै कारणले पनि यस विषयको अध्ययन तथा अनुसन्धान अत्यन्तै औचित्यपूर्ण छंदै छ । त्यसो भए तापनि यस अनुसन्धानको औचित्यतालाई निम्न लिखित बुंदामा पनि प्रस्तुत गरिन्छ ।

१) "थथु पुंई आचागू" मा काठमाडौंको माथिल्लो भेगमा रहेका प्रमुख चार महाविहारहरुका संघ सदस्यहरुको भेला हुने गर्दछन् । उक्त भेला प्रत्येक वर्ष एक निश्चित दिनहरुमा हुंदै आइराखेका छन् । यस गतिविधिलाई सरसर्तीमात्रै हेर्दाखेरी पनि यो बौद्ध धर्मसंग संवन्धित भएको पाईन्छ । त्यतिमात्रै होइन वर्षेनि हुने हुनाले एक अनिवार्य गतिविधि भएको पनि पाईन्छ ।

२) "थथु पुंई आचागू" एक सामान्य बौद्ध गतिविधि नभइकन नेपाल मण्डलकै बौद्ध धर्म अभ्यासको विशेषता भएको पाईन्छ ।

यस्तो महत्वपूर्ण "थथु पुंई आचागू" को विषयमा खासै अध्ययन तथा अनुसन्धान भइसकेको देखिन्दैन । यस विषयमा अध्ययन तथा अनुसन्धान गरी प्रस्तुत शोधग्रन्थका कारण एक महत्वपूर्ण विषयको अभिलेखीकरण हुन गएको छ, जानकारी प्राप्त भएको छ । नेपाल मण्डलको बौद्ध धर्म सम्वन्धमा अझ विस्तृत ज्ञान प्राप्त गर्न सकिने भएको छ ।

## १.५ अध्याय विभाजन :

माथि उल्लेखित समस्या कथन उद्देश्य र औचित्यता संवोधन गर्दै तयार गरिएको शोधग्रन्थलाई जम्मा ९ अध्यायमा विभक्त गरिएको छ । जुन निम्न अनुसारका छन् ।

अध्याय १ परिचय

अध्याय २ कान्तिपुरका झिन्च्याग‌ु बाहाः, संघ र आचागू

अध्याय ३ थथु पुंई आचागूको इतिहास तथा पूर्वरुप

अध्याय ४ थथु पुंई आचागूको वर्तमान स्वरुप र संचालन

अध्याय ५ थथु पुंई आचागूका सहायक गुथिहरु

अध्याय ६ थथु पुंई आचागूमा गरिने पूजाविधि

अध्याय ७ थथु पुंई आचागूका वर्तमान आर्थिक श्रोत तथा व्यवस्थापन

अध्याय ८ थथु पुंई आचागूको प्राचीन र वर्तमान स्वरुप र परम्परामा भिन्नता

अध्याय ९ उपसंहार एवं निष्कर्ष

## १.६ शोध कार्यको सीमा क्षेत्र तथा पद्धती :

प्रस्तुत शोधकार्यको प्रमुख केन्द्रविन्दु कान्तिपुरको माथिल्लो क्षेत्रको प्रमुख चारवटा महाविहार हो । त्यसैले यो शोधग्रन्थ त्यहाँ हुने पुंई आचागूमा केन्द्रित छ । जस अनुरुप गुथि संग सुरक्षित दस्तावेज इत्यादीको अध्ययनको साथै गुथिका पाको सदस्यहरु तथा बुद्धिजीवीहरु संग अन्तवार्ता लिने कार्य गरियो । आवश्यक अनुरुप कान्तिपुरको बाँकी तीनवटै क्षेत्रमा हुने आचागू र दे आचागूको पनि अध्ययन गरिएको छ । शोध कार्य पुस्तकालय शोध र वर्णनात्मक शोध पद्धतीलाई अनुसरण गरी यस शोधग्रन्थ प्रस्तुत गरिएको छ ।

## शोधग्रन्थ तयार पार्न प्रयोग गरिएका श्रोतहरु :

यो शोधपत्र तयार गर्न प्राथमिक श्रोत र सहायक श्रोत दुवै प्रयोग गरिएको छ । जुन निम्न प्रकार छन् -

क) आचागूसंग रहेको अप्रकाशित दस्तावेजहरुको अध्ययन ।

ख) आचागूको जिन्सी सामानहरुमा उल्लेखित अभिलेखहरुको अध्ययन ।

ग) आचागू संग सम्बन्धित पाको व्यक्तिहरु र बुद्धिजीवीहरुसंग अन्तवार्ता ।

घ) आचागू हुने दिन आचागू हुने स्थानमा गई आचागूको प्रत्यक्ष अवलोकन गरेर ।

ङ) म आफै पनि उक्त आचागूको सदस्य भएकोले हालसम्म उक्त आचागूमा सहभागी भई आफूले प्रत्यक्ष रुपमा अनुभव गरेका कुराहरु ।

च) आचागूसम्वन्धी प्रकाशित तथा अप्रकाशित पुस्तक र पत्र पत्रिकाको लेखहरु ।

## १.७ समयावधि :

प्रस्तुत शोधकार्यलाई ३ महिनाको अवधि भित्र सम्पन्न गर्ने लक्ष लिइएको थियो । जस अनुसार पहिलो १ महिना प्रकाशित र अप्रकाशित श्रोत सामग्रीको संकलन गरिने योजना थियो । दोश्रो महिनामा संकलित सामग्रीहरुलाई विषय विभाजन अनुरुप लेखन कार्य गरिने छ भने बाँकी समयावधिमा लिपिबद्ध कंप्यूटर टाइप गर्ने, सम्पादन गर्ने, बाइन्डिङ्ग गर्ने आदी कार्य गरी शोधपत्र सम्बन्धित निकायमा बुझाउने लक्ष्य राखिएको थियो । तर गुथिमा रहेका हस्तलिखित दस्तावेजहरु प्राप्त गर्न बर्षौं सम्म धाउनु पर्यो । गुथिका संवन्धित व्यक्तिहरुलाई कयौं पटक ताकेता गर्नुपर्यो । कठिन परिश्रमबाट प्राप्त दस्तावेजहरु नेपालको पुरानो लिपिहरुबाट लेखिएकाले ती दस्तावेज पढ्न बुझ्न, विश्लेषण गर्न धेरै समय खर्चिनुपर्यो । एकपटकको गुथि अवलोकनमा छुट्न गएका कुरालाई पुनः अवलोकन गर्न पुरा वर्ष कुर्नुपर्यो । संवन्धित विषयका व्यक्तिहरुसंग शोधपुछ गर्ने काम पनि कठिन कार्य देखियो । बताउन नचाहनु, पुरा बताउन नसक्नु, एकले बताइएका कुरा अर्को व्यक्तिले बताइएका कुरासंग मेल नखानु आदी समस्याले गर्दा दोहऱ्याइ शोधपुछ गर्नुपर्दा धेरै समय लिनु स्वाभाविक हो । त्यसैले यस शोधग्रन्थ सम्पन्न गर्न अपेक्षा गरिएका समय भन्दा बढी समय लाग्न गएको छ ।

## दोस्रो अध्याय

# कान्तिपुरका भिन्च्याग‍ु बाहाः, संघ र आचाग‍ू

## २.१ पृष्ठ भूमि

शाक्यमुनि बुद्धले आफूले प्राप्त गर्नुभएको सम्यक् सम्बोधि ज्ञान सारनाथको मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरुलाई औपचारिक रुपमा उपदेश दिनुभएर प्रथम धर्मचक्रको प्रवर्तन गर्नुभएको थियो । त्यसपछि ती भिक्षुहरुलाई बुद्ध शासनमा प्रव्रजित गर्नुभई बुद्धधर्मको “संघ“ स्थापना गर्नुभएको थियो ।

नेपालमा पनि बुद्ध शासनको संघ बुद्धको समयमा नै भई सकेको बंशावली, स्वयम्भू पुराण र मूलसर्वास्तिविनयबस्तूको आधारमा अनुमान लगाएको छ ।

वंशावलीमा सातौ किराती राजा जितेदास्तीको शासनकालमा गौतमबुद्ध नेपाल मण्डलमा आउनु भएको कुरा उल्लेख भएको पाइन्छ । त्यस्तै स्वयम्भू पुराणमा गौत्तमबुद्धले श्री स्वयम्भू चैत्य रहेको स्थानमा चूडा नामकी महिलालाई भिक्षुणी बनाई धर्मदेशना गरेको उल्लेख छ । त्यस्तै मूलसर्वास्तिविनयवस्तु ग्रन्थमा बुद्धको जीवित अवस्थामा कोसल नरेश विडुडभले शाक्यगणराज्य ध्वस्त गर्दा त्यहाँबाट भागी नेपालमा बसोबास गरेका शाक्यहरुको र श्रावस्तिबाट नेपालमा बसाइ सरेका वनिक(व्यापारी)हरुको हालखबर बुझ्न भिक्षु आनन्द नेपाल आएको र भिक्षु आनन्द फर्केर आउँदा हिउँले हात खुट्टा खाएको वर्णन गरिएको छ ।[1]

यी कुराहरुबाट नेपालमा बुद्ध धर्मको प्रवेश गौत्तमबुद्धको समयमा नै भइसकेको देखिएकोले नेपालमा बुद्धशासनको संघको स्थापना पनि अवस्य नै भइसकेको हुनु पर्नेमा धेरै विद्वानहरुको एकमत छ ।

नेपालमा बुद्ध धर्मको विकास लिच्छविकालमा राम्रैसंग भइसकेको प्रमाण विभिन्न लिच्छविकालीन अभिलेखहरुमा पाइन्छ ।

[1] धर्मसुन्दर बज्राचार्य, *“ मध्यपुर थिमिमा बौद्ध धर्म र बज्राचार्य संघ परम्परा”*, **बज्रयान**, त्रैमासिक, वर्ष २ अंक ६, पृ. १६ र १७ ।

*अशुंवर्माको समयको ललितपुरको चप:टोलमा रहेको अभिलेखमा भिक्षुणी संघ, काठमाडौंको बण्डाहिटीमा भिक्षुसंघको उल्लेख भएको त्यस्तै नरेन्द्रदेवको समयको काठमाडौंको मुसुंबहालमा रहेको अभिलेखमा भिक्षुणी संघ, त्यस्तै संवत १४४ को भक्तपुरको वाचुहिटीमा रहेको अभिलेखमा आर्य भिक्षुणी सङ्घ उल्लेख भएकोछ ।*[2] यसबाट लिच्छविकालमा नेपाल मण्डलमा भिक्षु र भिक्षुणी रहेको र बौद्ध धर्मको राम्रो विकास भएको ऐतिहासिक प्रमाणले प्रष्टपार्दछ ।

उपलब्ध वंशावलिको आधारमा मौर्य राजा सम्राट अशोकको एक छोरी चारुमतिले नेपालमा विहार बनाएर बसेको विश्वास गरिन्छ । जुन चारुमति विहार (चाबहिल) को नाम बाट चिनिन्छ । लिच्छविकालमा महासांघिक, महायान मात्रै होइन बज्रयानको समेट अस्तित्व रहेको पुष्टि भएको छ । साथै बौद्ध धर्मलाई राजकीय संरक्षण रहेको समेत पाइन्छ ।

गुँ विहार, मान विहार, शिवदेव विहार, श्रीराज विहार आदी विहारहरुको लिच्छविकालीन अभिलेखमा उल्लेख भईरहेकोले लिच्छविकालमा धेरै विहारहरुको निर्माण राम्रैसंग भईसकेको स्पष्ट हुन आउँछ ।

मध्यकालमा निर्मित विहारहरु आधुनिक नेपालमा पनि नेपाल मण्डल (काठमाडौं उपत्यका)का विहारको रुपमा रहिरहेकोले मध्यकालमा बज्रयानी बौद्ध धर्म र संघको विकास राम्रैसंग भएको स्पष्ट हुन आउँछ । नेपाल मण्डल भित्र प्रमुख रुपमा तीन शहर रहेका छन् । ती हुन - कान्तिपुर (काठमाडौं), ललितपुर-कीर्तिपुर र भक्तपुर-मध्यपुर(ठिमी) । ती तीनै शहरहरुमा थुप्रै विहारहरु रहेका छन् । त्यसमध्ये धेरै जसो बज्रयानी विहार नै रहेका छन । जसमध्ये यहाँ कान्तिपुरमा अवस्थित बज्रयानी विहारहरुको बारेमा केहि चर्चा गरिन्छ ।

## २.२ कान्तिपुरका वर्तमान वज्रयानी विहार र संघ

कान्तिपुरमा रहेका प्रत्येक विहारहरुको एउटा संस्कृत नाम र अर्को स्थानीय भाषाको नाम रहेको  पाइन्छ । तर त्यो बोलीचालीको नाम संस्कृतको अनुवाद होइन । संस्कृतमा सो

---

[2]उही, पृ. १८ ।

विहारहरुको नामको पछाडी “महाविहार” लेख्ने र भन्ने गरिन्छ । जसले गर्दा ती सवै विहारहरु एकै थरिका जस्तो देखिन्छ । ती विहारहरुको भिन्नता त्यस विहारमा रहेको संघ संरचनाबाट छुट्टिन्छ । कान्तिपुरमा रहेको विहारलाई संघको आधारमा तीन थरिमा छुट्याएको पाइन्छ । जुन निम्न प्रकार छन् ।

### २.२.१. झिन्ञ्याागु मू बाहा(अठार महाविहार) :

कान्तिपुरमा “झिन्च्यागु मू बाहा” को नामले प्रसिद्ध अठारवटा विहारहरु छन् । ती बिहारहरुलाई कान्तिपुरमा रहेको विहारहरुमध्ये मूल (मूख्य) विहारको रुपमा चिनिन्छ । ती अठारवटै विहारमा बज्राचार्य संघ रहेको छ भने कुनै कुनै विहारमा बज्राचार्य र शाक्य भिक्षुको संयुक्त संघ पनि रहेको छ । पहिला पहिला ती अठारवटै विहारमा प्रव्रजित भई सकेपछि सवैजनाले “बज्राचार्याभिषेक” पनि लिइन्थ्यो र ती विहारहरुमा “बज्राचार्य संघ” मात्रै थियो । त्यसैले ती अठारवटै विहारहरुलाई कान्तिपुरको “झिन्च्यागु मू बहाः” (अठारवटा मूल विहार) भनेको हो भनेर भन्ने गरिन्छ । पछि आएर कुनै कुनै विहारमा प्रव्रजित भएकाहरुमध्ये कुनै कुनै सर्वसंघले विभिन्न कारणले “बज्राचार्याभिषेक” नलिइएका कारण शाक्य भिक्षुमात्रै भएको र ती विहारमा बज्राचार्य र शाक्य भिक्षुको “संयुक्त संघ” रहेको हो भनेर भन्ने गरिन्छ । बज्राचार्य र शाक्यको संयुक्त संघ रहेको विहारमा बज्राचार्य र शाक्य कुलपुत्रहरुलाई प्रव्रजित गराउने बेलामा एकैसाथ गरेपनि पछि बज्राचार्यका कुलपुत्रहरुलाईमात्र छुट्टै बज्राचार्याभिषेक दिने गरिन्छ ।

झिन्च्यागु मू बाहाहरुमा प्रव्रजित भएका सवैजना जहाँ जहाँ प्रब्रजित भएका हुन त्यहिं त्यहि विहारको सर्वसंघ(सदस्य) हुन्छन् । प्रत्येक विहारमा ती सर्वसंघहरुमध्येबाट प्रव्रजित भएको जेष्ठताको क्रमले स्वतरुपमा “न्याम्ह थाय्पा” (पञ्च स्थविर) बन्ने व्यवस्था पनि रहेको पाइन्छ । ती न्याम्ह थाय्पामध्ये जेष्ठ प्रव्रजित भएका सर्वसंघ “चक्रेश्वर” पनि हुने व्यवस्था रहेको छ । अठारवटा विहारमा नै चक्रेश्वर हुने बेलामा बज्राचार्याभिषेक प्राप्त सर्वसंघमात्र चक्रेश्वर हुन पाउने व्यवस्था रहेको छ । झिन्च्यागु मू बाहाको स्थानीय नाम, संस्कृत नाम र संघ संरचना निम्न प्रकार रहेको छ ।

| क.सं | विहारको स्थानीय नाम | संस्कृत नाम | संघ संरचना |
|---|---|---|---|
| १ | क्वा: बहा: | मैत्रीपुर महाविहार | बज्राचार्य संघ |
| २ | झ्वा:बहा:(न्हू बहा:) | रत्न केतु महाविहार | बज्राचार्य संघ |
| ३ | ध्वाका बहा: | हेनाकर महाविहार | बज्राचार्य संघ |
| ४ | गं बहा: | हेमवर्ण महाविहार | बज्राचार्य संघ |
| ५ | तक्षेबहा: | सुरत श्री महाविहार | बज्राचार्य संघ |
| ६ | जनबहा: | कनक चैत्य महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| ७ | इतुंबहा: | भाष्कर देव संस्कारित श्री केशवचन्द्र कृत पारावत महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| ८ | मखंबहा: | रत्नकीर्त्ति महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| ९ | मूबहा: | मूल श्री महाविहार | बज्राचार्य संघ |
| १० | सवल बहा: | मन्त्र सिद्धि महाविहार | बज्राचार्य संघ |
| ११ | टेबहा: | राजकीर्त्ति महाविहार (शिवदेव संस्कारित श्री टेदो महाविहार | बज्राचार्य संघ |
| १२ | सिखंमू बहा | श्रीखण्ड तरुमूल महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| १३ | ओम बहा | ब्रम्हचक्र महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| १४ | इकु बहा: | बज्रशील महाविहार | बज्राचार्य संघ |
| १५ | मीखा बहा | मणिसंघ महाविहार | बज्राचार्य संघ |
| १६ | लगं बहा | कीर्तिपुण्य बज्रधातु चैत्य महाविहार | बज्राचार्य र शाक्य भिक्षु संघ |
| १७ | मुसं बहा | मणि सिंह महाविहार | बज्राचार्य संघ |
| १८ | मुसुं बहा | मणि संघ महाविहार | बज्राचार्य संघ |

### २.२.२ झिगु बाहा(दश महाविहार) :

कान्तिपुरमा शाक्यहरु मात्र प्रव्रजित हुने १० वटा विहारहरु रहेको छ । ती विहारहरुको स्थानीय नाम र संस्कृत नाम छुट्टा छुट्टै रहेको छ । जुन निम्नानुसार छ ।

| स्थानीय नाम | संस्कृत नाम | विहार रहेको स्थान, टोल |
|---|---|---|
| १) श्रीघः बाहाः | शान्तिघतचैत्य महाविहार | नघल टोल |
| २) नघः बाहाः | रत्न मण्डल महाविहार | नघल टोल |
| ३) असं बाहाः | अशोकचैत्य महाविहार | असन, जरछें |
| ४) माबु बाहाः | महाबुद्ध महाविहार | महाबौद्ध |
| ५) तधं बाहाः | धर्मचक्र महाविहार | वटु टोल |
| ६) विकमा बाहाः | मञ्जुश्रीनक महाविहार | ओम बहा टोल |
| ७) कोहिटि बाहाः | कीर्तिपूण्य महाविहार | कोहिटि टोल |
| ८) यता बाहाः | कीर्तिपूण्य भूवन शुन्दर विहार | गोफल टोल |
| ९) सो बाहाः | धर्मधातु विहार | यंगाल, मंजेश्वरी टोल |
| १०) कोंसा बाहाः | रत्नाकर महाविहार | ह्यूमतः टोल |

कान्तिपुरुमा ती दशवटा विहारहरु “शाक्य बाहाः” को नामबाट प्रसिद्ध छ ।[3] झिगु बाहामा प्रव्रजित भएका सवैजना जहाँ जहाँ प्रब्रजित भएका हुन त्यहिं त्यहि विहारको सर्वसंघ(सदस्य) हुन्छन् । यी विहारका कुलपुत्रहरुलाई प्रव्रजित गराउँदा बज्राचार्य गुरुको गुरुत्वमा गर्ने गर्दछन् । दशवटै विहारहरुमा शाक्य भिक्षु संघमात्र रहेको छ र प्रत्येक विहारमा संघ भेला हुन्छन् तर सवै विहारको एकैठाउँमा सर्वसंघ भेला भने वर्तमान समयमा हुनेगरेको देखिन्दैन ।[4]

[3] जोन के.लक, **बुद्धिस्ट मोनाष्ट्रिज अफ नेपाल**, (काठमाडौं: सहयोगी प्रेस, ई.सं. १९८५), पृ. ३३७ ।
[4]नरेश मान बज्राचार्य, **बज्रयान नेपाल**, प्रथम संस्करण,(काठमाडौः त्रिरत्न प्रकाशन, ने.सं ११३२) पृ. ४४ ।

### २.२.३ झिन्खुगु बही(सोह्र महाविहार)

कान्तिपुरमा झिन्च्यागु मू बाहा र झिगु बाहाको भन्दा फरक विशेषता रहेको अर्को छुट्टै विहारहरु पनि छन, जसलाई झिन्खुगु बही (सोह्र महाविहार)को नामले चिनिन्छ । झिन्खगु नेपाल भाषाको शब्द हो । झिन्खुगुको अर्थ नेपाली भाषामा सोह्र हो । त्यसैले झिन्खुगु बहीलाई नेपालीमा "सोह्र बही" भन्न सकिन्छ । सोह्र बहीको स्थानीय नाम र संस्कृत नाम छुट्टा छुट्टै रहेको छ जुन निम्न प्रकार छन् ।

| स्थानीय नाम | संस्कृत नाम | स्थान | प्रव्रजित हुने विहार |
|---|---|---|---|
| १. स्वयम्भु बही | ज्योतिकीर्ति महाविहार | स्वयम्भू | अटलखु बही |
| २. बेशः बही | उदयगिरि(नीलगिरि) महाविहार | विजेश्वरी | अटलखु बही |
| ३. मांका बही | इतलम्पुकृत(पारावत) महाविहार | यट्खा | अटलखु बही |
| ४. अटलखु बही | इतलम्पुकृत(पारावत) महाविहार | यट्खा | अटलखु बही |
| ५. मुकु बही | मुक्तिपुर महाविहार | यट्खा | मरु बही |
| ६. गण बही | गनसंगम महाविहार | गनबाहाः | मरु बही |
| ७. मरु बही | शाक्यकेतु महाविहार | मरु टोल | मरु बही |
| ८. खुसी बही | नदीसंगम महाविहार | ताहाचल | दुगं बही |
| ९. क्वथु दुगं बही | षदक्षरि महाविहार | नयाँ सदक | दुगं बही |
| १०. दुगं बही | षदक्षरि महाविहार | नयाँ सदक | दुगं बही |
| ११.मखं बही | राजकीर्ति महाविहार | मखन टोल | मखं बही |
| १२. न्हायकं बही | कीर्तिपुण्य महाविहार | लगन टोल | नः बही |
| १३. च्वाकं बही | कीर्तिपुण्य महाविहार | लगन टोल | नः बही |
| १४. नः बही | उदयकीर्ति महाविहार | न बही टोल | नः बही |
| १५. थथु चाः बही (चाः बही) | समाधि मण्डप महाविहार | चाबहील | चाः बही |
| १६. क्वथु चाः बही | गगनज महाविहार | चाबहील | क्वथु चाः बही |

सो विहारहरुलाई स्थानीय भाषामा “बाहाः” नभनी “बही” भन्ने गरिन्छ । प्रत्येक बहीमा शाक्य भिक्षु संघमात्र रहेका छन् तर प्रत्येक बहीमा प्रव्रज्यासम्बर दिने कार्य हुन्दैन । बहीमा रहेका शाक्य भिक्षु संघलाई स्थानीय भाषामा “बही संघ” भन्ने प्रचलन छ । बही संघलाई संस्कृतमा “शाक्यभिक्षु”, “श्रीभिक्षु” तथा “ब्रम्हचयभिक्षु” भन्ने चलन छ भने नेपाल भाषामा “विखु वरे संघ” भन्ने प्रचलन छ । यी विखु वरे संघका पञ्चस्थविर र प्रत्येक विहारका एक एक जना गरी जम्मा एक्काइस जना सर्वसंघ वर्षेनी दुई पटक भेला हुने परम्परा छ । उक्त संघ भेलालाई “चमेला गुथि” भन्ने गर्दछ ।[5]

## २.२.४ झिन्च्यागु मू बाहाको क्षेत्रीय वर्गीकरण

लिच्छविकालीन समयमा काठमाडौं शहरको हालको हनुमान ढोकादेखि उत्तर तिरको भागलाई “कोलिग्राम” र दक्षिण तिरको भागलाई “दक्षिण कोलिग्राम” भनेर काठमाडौं शहर दुई क्षेत्रमा विभाजन भई रहेको थियो । लिच्छविकालको अन्त अन्ततिर कोलिग्रामलाई “यम्बु” र दक्षिण कोलिग्रामलाई “यंगाल” भनेर स्थानीय नाम दिएको र पछि आएर फेरि यम्बु (कोलिग्राम) लाई “कान्तिपुर” र यंगाल (दक्षिण कोलिग्राम) लाई “काष्ठमण्डप” भनेर भन्ने गरिएको थियो । साथै हालको थथु पुंई रहेको क्षेत्र त्यहाँको पूजाआजाको दृष्टिकोणमा कान्तिपुरको एउटा अलग्गै क्षेत्र बनाई त्यसलाई “शुवर्णप्रणाली महानगर” भनेर नामांकन गरियो र मल्लकालीन समयमा आएर कान्तिपुर शहर “थथु पुंई”, “दथु पुंई”, “लायकु पुंई” र “क्वथु पुंई” भनेर चारक्षेत्रमा विभाजन गरियो ।[6] यी चारक्षेत्रमा झिन्च्यागु मू बहा रहेको छ । जसमध्ये थथु पुंईमा चारवटा, दथु पुंईमा सातवटा, लायकु पुंईमा एकवटा र क्वने पुंईमा छवटा मूख्य विहारहरु रहेका छन् । प्रत्येक पुंईमा प्रत्येक वर्ष संघ भेला हुने गर्दछन् । जसलाई “पुंई आचागू” भन्ने गरिन्छ । प्रत्येक पुंई र त्यस पुंइको पुंई आचागूको संक्षिप्त चर्चा, थथु पुंईमा रहेका मूख्य विहारहरुको संक्षिप्त परिचयपछि गरिन्छ ।

---

[5] उही, पृ. ४६ ।

[6] जो. के. लक, पूर्ववत पा.टि.नं ३ पृ. २५४ ।

### २.२.५ थथु पुंईका विहारहरुको परिचय :

झिन्च्यागु मू बहामध्ये थथु पुंई क्षेत्रमा रहेका विहारहरुलाई “थथु पुंईया बहाः” पनि भन्ने गरिन्छ । थथु पुंइमा रहेका चारवटा मूख्य विहारहरु निम्न प्रकार छन् ।

#### २.२.५.१ क्वाः बाहाः

यो विहार ठमेल र ठहिटि टोलको बीचमा रहेको छ । यस विहारको संस्कृत नाम “मैत्रीपुर महाविहार” हो । स्थानीय भाषामा क्वाः बाहाः भन्ने गरिन्छ । ने.सं. ९३७ मा लेखिएको थथु पुंई आचागूको एउटा अभिलेखमा यस विहारको नाम “मैत्री बुद्ध पुरि महाविहार”[7] भनी उल्लेख गरिराखेको पाइन्छ । यस विहारमा बज्राचार्य सर्वसंघ मात्र रहेका छन् । यस विहारको स्थापना “वाक्‌बज्र बज्राचार्य”ले गरेको र यस विहारका सर्वसंघहरु वाक्‌बज्रकै सन्तान हुन् भन्ने भनाई यस विहारका सर्वसंघहरुको रहेको छ । यस विहारको एउटा “कचा बाहाः” (शाखा बिहार) पनि रहेको छ । यस विहारको शाखा विहारलाई स्थानीय भाषामा “मूस्या बाहाः” भन्ने गरिन्छ । वाक्‌बज्र बज्राचार्य कान्तिपुरका बज्राचार्यहरुको चार खम्वामध्ये एक खम्बा हुन् ।[8] वाक्‌बज्रको दुईजना छोराहरु मञ्जुपाल र मजिन्द्र(महिन्द्र)पाल रहेको र मजिन्द्रपालले मूस्या बहाको निर्माण गरेका हुन् भन्ने भनाई सो विहारका सर्वसंघहरुको रहेको छ ।

*“वाकबज्रका मञ्जुपाल र मजीन्द्रपाल नाउँ गरिएका दुई छोरा भए । क्वाःबाहालका वर्तमान बज्राचार्यहरु ती मञ्जुपालका संन्तान हुन् । मजीन्द्रपाल चाहिं बाहिर बस्न गए तथा हाल ज्याठास्थित मुस्या बहालका बज्राचार्यहरु तीनकै सन्तान हुन् ।”*[9]

क्वाःबाहाको विशेषताकोरुपमा बज्राचार्य कन्याकेटीलाई जिउँदो कुमारीको रुपमा संस्थापन गरिराख्नु हो ।[10] थथु पुंईमा अवस्थित अरु कुनै विहारमा जिउँदो कुमारीको प्रचलन

---

[7] परिशिष्ट - दस्तावेज नं. (क) १ ।

[8] मदनसेन बज्राचार्य, *दे आचार्य गुथि,* (काठमाडौं: शाक्य अफसेट प्रेस, ने.सं.१११९), पृ. १५

[9] भुवनलाल प्रधान, *काठमाडौं उपत्यकाका केही सांस्कृतिक छिर्का-मिर्का,* प्रथम संस्करण,(काठमाडौंः सुमित्रा मानन्धर गुरुङ्ग, ने.सं. ११२७), पृ. १०६

[10] उही, पृ. १०५

रहेको पाइन्दैन । हाल क्वाःबाहाःमा पनि जिउँदो कुमारीको प्रचलन रहेको पाइन्दैन । क्वाःबाहाका सम्पूर्ण सर्वसंघहरु प्रत्येक वर्ष फाल्गुन शुक्ल सप्तमीको दिन भेला भई आफ्नो विहारको "बुसादँ" मनाउने गर्दछन् । यस बुसादँलाई त्यस विहारको संघ भेला भन्न सकिन्छ ।

### २.२.५.२ भ्वाः बाहाः(न्हूबहाः)

भ्वाः बाहाः ठंहिटि र ध्वाका बहालको बीचमा अवस्थित छ । यस विहारको संस्कृत नाम "रत्न केतु महाविहार" हो । भ्वाः बाहामा बज्राचार्य सर्वसंघमात्र रहेको छ । यस विहारका सर्वसंघहरु थायमदु(बाङ्गेमूढा) टोलमा अवस्थित "न्हू बाहाः"मा प्रव्रजित हुने गर्दछन् । सो विहारको आगंदेवता भ्वाः बाहामा नै रहेकोले आचालुयेगु (बज्राभिषेक) भने भ्वाःबाहामा नै गर्दछन् । "रत्न बज्र बज्राचार्य" यस विहारका "प्रसिद्ध बज्राचार्य" हुन् ।[11] यस विहारको कचा बाहाको रुपमा "धालसिको बाहा", "चाःबाहाः" र "ज्योतिबाहाः" रहेका छन् । भ्वाःबाहाका सर्वसंघहरु प्रत्येक वर्ष आश्विन शुक्ल नवमीको दिन विहारमा भेला भई "महाबु गुथि" संचालन गरिरहेका छन् । यस महाबु गुथिलाई त्यस विहारको संघ भेला भन्न सकिन्छ ।

### २.२.५.३ ध्वाका बाहाः

भ्वाः बाहाः र त्यौड टोलको बीचमा अवस्थित यस विहारको संस्कृत नाम "हेनाकर महाविहार" हो । यस विहारको स्थापना कसले र कहिले गरियो भन्ने लिखित अभिलेख प्राप्त हुन सकेको छैन । गंबहा यसै विहारका सर्वसंघ छुट्टिएर गएर गंबहाको निर्माण गरी बस्न गएको भन्ने जनश्रुति रहेकोले यो विहारको निर्माण ने.सं. ३२७ अगाडि नै भइसकेको हुनु पर्दछ । यस विहारमा बज्राचार्य सर्वसंघ मात्र रहेको छ । यस विहारको कचा बाहाको रुपमा "छुस्या बाहा" र "हाकु बाहा" रहेका छन् । ध्वाका वाहाका सम्पूर्ण सर्वसंघहरु प्रत्येक वर्ष विहारमा भेला भई "तुत गुथि" संचालन गरिरहेका छन् । जसलाई त्यस विहारको संघ भेला भन्न सकिन्छ ।

---

[11] वद्रीरत्न बज्राचार्य, **न्हापायापिं प्रसिद्ध बज्राचार्यपिं,** (काठमाडौंः आनन्द कुटी विहार गुठी, ने.सं ११।१०), पृ. १०५ ।

### २.२.५.४ गं बाहाः

पूर्वमा ध्वाका बाहाः र पश्चिममा नघलको बीचमा अवस्थित "गं बाहा"को संस्कृत नाम "हेमबर्ण महाविहार" हो । यस विहारको स्थापना ने.सं. ३२७ मा रत्न देव बज्राचार्य र श्री पात्र ब्रम्ह थकुरजुले गरेका हुन् । यस विहारमा बज्राचार्य संघ मात्र रहेको छ । लिखित अभिलेख केहि नभएपनि जनश्रुति अनुसार यस बाहालका सर्वसंघहरु ध्वाकाबहाको सर्वसंघबाट छुट्टीएर आएको हो भनिन्छ । ध्वाकाबहाः र गंबहाःका सर्वसंघहरु एउटै पिताका दुईजना छोराका सन्तान भएकोले यी दुई विहारका सर्वसंघहरु बीच विवाह नचल्ने परम्परा रहेको भन्ने भनाई रहेको छ । यस विहारका सम्पूर्ण सर्वसंघहरु प्रत्येक वर्ष जेष्ठ शुक्ल अष्टमीको दिन विहारमा भेला भई विहारको बुसादँ गरिरहेका छन् । सो बुसादँलाई त्यस विहारको संघ भेला भन्न सकिन्छ ।

### २.२.६ आचागू

"आचागू" शब्द नेपालको बज्रयान समाजमा चलेको शब्द हो । "आचा" र "गू" शब्द मिलेर आचागू शब्द बनेको बुझिन्छ । आचा शब्दले आचार्य अर्थात बज्रयानमा आचार्य पद प्राप्त गरेका बज्राचार्यहरुलाई जनाउँदछ भने गू शब्दले गोष्ठि वा गुथिलाई जनाउँदछ । तसर्थ आचागूको शाब्दिक अर्थ नेपालको बज्रयान बौद्ध सम्प्रदायका आचार्य अर्थात बज्राचार्यहरुको गुथि हो भन्ने बुझिन्छ । आचागूको विषयमा प्रवेश गर्नुअघि नेपालमा गू वा गुथि शब्दको प्रयोग तथा प्रयोजन माथि प्रकाश पारिन्छ ।

### २.२.६.१ गू वा गुथि शब्दको परिचय

कुनै सामुहिक (सामाजिक, धार्मिक, सांस्कृतिक) उद्देश्य पूर्तिको लागि एकआपसमा मिलेर सहयोगको भावनामा खडा गरिराखेको संस्थालाई "गुथि" भनिन्छ । गुथि शब्दको व्युत्पत्ति, अर्थ, परिभाषालाई फणीन्द्र रत्न बज्राचार्यज्यूले निम्नानुसार व्यक्त गर्नुभएको छ । *"गुथि शब्द संस्कृत भाषाको "गोष्ठी" शब्दबाट आएको हो । मानिसहरुको प्रारम्भिक अवस्थामा खेतीको संगै वनमा गएर गाई जोट्न गई जीवन निर्वाह गरिने हो । गोठालाहरु*

*जमघत भइरहेको स्थान (गोष्ठ) लाई गोष्ठी भनियो । पछि यो गोष्ठी शब्दको अर्थ विकास भएर गोठालाहरु जमघत हुने नभनिकन एउटै उद्देश्य लिएर मानिसहरु एकै स्थानमा जमघत भएर, परस्पर सहयोग गरेर काम गर्ने लाई गोष्ठी भनियो । एउटै अर्थमा भन्ने हो भने गोष्ठीको अर्थ समूह, सभा, सम्मेलन हो । यहिं गोष्ठी शब्द अपभ्रंश भएर तद्भव शब्दको रुपमा नेपाल भाषामा "गुथि" भएर भित्रियो । नेपाल भाषाको प्रवृत्ति अनुसार शब्दको पछाडीको अक्षर हराए त्यसको सट्टा अगाडिको अक्षर दीर्घ हुन जान्छ । जस्तो सफुति को सफू, भुतुलिको भुतू, तुंथिको तूं आदि । त्यस्तै गुथि शब्दको "थि" हराएर "गू" दीर्घ हुन गएको देखियो । जस्तो सीगू, सनागू आदि । तर यो गुथिको सानो रुप "गू" शब्द एक्लै प्रयोग नभई अर्को शब्द संग जोडेर मात्र प्रयोग हुन्छ ।"*[12]

लिच्छविकालमा बिभिन्न अभिलेखहरुमा सामुहिकरुपमा सहयोगको भावनामा गरिने कार्यलाई गोष्ठी भनी उल्लेख गरिएको पाइन्छ । जस्तो पानीको व्यवस्था गर्न "प्रणालिगोष्ठी", "पानीयगोष्ठी" दीप बाल्न "प्रदीपगोष्ठी" इत्यादी ।

ललितपुरको लेलेमा रहेको संवत् ५२६ को एउटा शिलालेखमा *"श्रीमहासामन्तांशुवर्म्मास्मदनुमोदनया शिलापट्ट शासनमिदन्दत्तवान् ...... भगवद् बासुदेव ब्राहमण गौष्ठिकानाम्मा.*[13] भनेर गोष्ठी शब्दको उल्लेख भइरहेको छ । त्यस्तै ललितपुरकै मंगलबजारको देवलको अभिलेखमा *"थ्वतेया चिन्तायाक गोष्ठी ....)"*[14] भनेर "गोष्ठी" शब्दको उल्लेख भइरहेको छ ।

नेपालमा गुथिको प्रचलन कहिलेदेखि भयो भनी एकिन साथ भन्न नसके पनि ललितपुरको लेलेको शिलालेखमा गोष्ठीको बारेमा उल्लेख भएको सम्वत् ५२६ नै अहिलेसम्म गुथिसम्वन्धी प्राप्त सम्वतमध्ये सवै भन्दा पुरानो सम्वत मानिन्छ । लिच्छविकालका महासामन्त अंशुवर्माको पालामा नै गोष्ठीको उल्लेख भइसकेको हुनाले गुथिको प्रचलन परापूर्वकालदेखि नै भएको मान्न सकिन्छ ।

---

[12] फणीन्द्ररत्न बज्राचार्य, **नेवाः बौद्ध संस्कृतिइ गुथि,** (यँः रत्न पिथना, ने.सं. ११२६), पृ. ७ ।
[13] उही, पृ. ७ ।
[14] उही, पृ. ८ ।

गुथिका सदस्यहरुलाई "गुथियार" भनिन्छ । गुथिको प्रकृतिअनसार गुथियारहरुको संख्या पनि धेरै, थोरै भइराखेको हुन्छ । गुथि निरन्तररुपमा चलाई राख्न दाताहरुले आयस्ताको व्यवस्था गरिराखेको हुन्छ । दाताले राखिदिएको आयस्ताले गुथि संचालन गर्न नपुग भएमा वा दाता नभएमा गुथियारहरु आफैबाट दामासाहिरुपमा नगद वा जिन्सी राखेर गुथि संचालन गर्ने गरिन्छ । यदि धार्मिक गुथि हो भने दाताको सम्मान वा सम्झना स्वरुप सो दाताको नामबाट पूजा गरिदिने पनि गर्दछन् ।

भविष्यमा गुथिमा कुनै समस्या नआओस भनी दाताले वा गुथियारहरु एकआपसमा मिलेर गुथि संचालनसम्वन्धी नियमहरु बनाईराखेको हुन्छ । कोहि गुथियार नियम विपरित गयो भने त्यसलाई जरिमाना तिराउने तथा सजांयको व्यवस्था पनि गुथिमा गरिराखेको हुन्छ

नेपाल मण्डलमा रहेका बज्राचार्य संघ र शाक्य भिक्षु संघको विभिन्न गुथिहरु रहेको पाइन्छ । जुन गुथिहरुलाई त्यस संघहरुको संघ भेलाकोरुपमा लिन सकिन्छ । नेपाल मण्डलमा रहेका प्रत्येक बज्राचार्य र शाक्य संघहरुको प्रत्येक वर्ष कुनै न कुनै गुथिको नाममा संघ भेला भई रहने हुनाले यहाँ बौद्ध धर्मको संघ परम्परा जीवित नै रहेको पाइन्छ । बज्राचार्यहरुको संघ भेलालाई आचार्य गुथि तथा आचागू भन्ने परम्परा रहेको छ ।

फणीन्द्र रत्न बज्राचार्य र डेविड गेल्नरले बज्राचार्य संघ र शाक्य संघको गुथिलाई जातीय गुथि अन्तर्गत वर्गीकरण गरिराखेको छ ।[15]

डा. नरेशमान बज्राचार्यका अनुसार सरसरती हेर्दा आचार्य(बज्राचार्य) संघ एक जातीय संघ जस्तो लाग्ला तर यो एउटा विशुद्ध धार्मिक संघ हो जसको नेपालको बौद्ध धर्मसंग सम्बन्ध छ । बौद्ध धर्ममा संघको महत्वलाई बुझ्न सकेमा मात्र आचार्य संघको महत्व बुझ्न सकिन्छ ।[16]

[15] उही, पृ. ३० र ३१
[16] नरेशमान बज्राचार्य, *बौद्ध संगायन व यें देया दे आचा गुठी,* (न्हूगु विश्वभुमि दैनिक पत्रिका, तंसा पौ, ने.सं. ११११९ चिल्लागा ८) ।

### २.२.६.२ थथु पुंई र थथु पुंई आचागू

उत्तरमा ठमेलदेखि दक्षिणमा असनको ढुङ्गे माच्छासम्मलाई “थथु पुंई”(माथिल्लो भेग वा क्षेत्र) भनिन्छ । यस क्षेत्रमा क्वाःबाहाः, भ्वाःबाहाः(न्हूबाहाः), ध्वाका बाहाः र गं बाहाः गरी चारवटा मूख्य विहारहरु रहेका छन् । ती चारवटा विहारका सर्वसंघहरु प्रत्येक वर्ष एक ठाँउमा भेला हुनेगर्छन् । जसलाई “थुथु पुंई आचागू” भन्ने गरिन्छ । यस आचागुलाई “थंछु आचार्य गुथि”, “थंछु बज्राचार्य गोष्ठि” र “बज्रसत्व न्यालोहंठ आचार्य गुठी” भन्ने गरेको पाइन्छ ।[17]

थथु पुंई आचागू फाल्गुन शुक्ल द्वादशीको दिन गरिन्छ । यो गुथि चार दिनसम्म संचालन गरिन्छ । फाल्गुन शुक्ल पंचमीको दिन “पचिंछायेगु” गरिन्छ । फाल्गुन शुक्ल एकादशीको दिन “भरिंस्वनेगु” गरिन्छ । फाल्गुन शुक्ल द्वादशीको दिन गुथिको मूख्य दिन हो । यो दिन विहान कलशार्चन पूजा र देशबलि पूजा गरिन्छ । गुथिको चार दिनमध्ये यो दिनमात्र गुथिका सबै सर्वसंघ भेला हुने गर्दछन् । बेलुकि लोकोत्तर र शेषबलि पूजा गरिन्छ । भोलि पल्ट अर्थात त्रयोदशीको दिन भरिंक्वकायेगु, ल्यास्वयगु गरिन्छ । यसको विस्तृत विवरण अध्याय ३ र ४ मा प्रस्तुत गरिने छ ।

### २.२. ६.३  दथु पुंई र दथु पुंई आचागू

उत्तरमा असनको ढुङ्गे माच्छादेखि दक्षिणमा हनुमान धोका, बसन्तपुरको क्षेत्र बाहेक टेबाहाः सम्मको क्षेत्रलाई “दथु पुंई”(मध्य क्षेत्र) भनिन्छ । यस क्षेत्रमा तक्षबाहा, जनबाहाः, इतुंबाहाः, मखंबाहाः मूबाहाः, सवलबाहाः र टेबाहाः गरी सातवटा मूख्य विहारहरु रहेका छन् । यस क्षेत्रका यी सातवटा विहारहरुलाई “दथु पुंईया वाहा” भन्ने चलन छ ।[18] ती सातवटा विहारका सर्वसंघहरु प्रत्येक वर्ष एकै ठाँउमा भेला हुने गर्छन् । जसलाई “दथु पुंई आचागू” भन्ने गरिन्छ ।

[17] थथु पुंई आचागूलाई सम्बोधन गरिने विभिन्न नामको लागि परिशिष्ट - दस्तावेज नं (ख) १, २ र ३ ।
[18] न.मा. बज्राचार्य, पूर्ववत पा.टि. नं. ४, पृ. ४२ ।

दथु पुंई आचागू ल्हुति पुन्हि अर्थात चैत्र शुक्ल पूर्णिमाको दिन गरिन्छ । यो दिन बज्रसत्व गुरुलाई स्थापना गरेर कलशार्चन पूजा र देशबलि पूजा गरिन्छ । त्यसपछि सर्वसंघलाई गुथि पालो भएको व्यक्तिहरुले दान प्रदान र भोजन गराईन्छ । भोजनपछि साँझ लोकोत्तर पूजा गरिन्छ । भोलि पल्ट "ल्याःचाः स्वय्गु" भनेर गुथिमा भएको आम्दानी खर्चको हिसाब गर्ने र गुथिको जिन्सी सामानहरु अर्को वर्ष गुथि संचालन गर्ने पालो भएको व्यक्तिलाई हस्तान्तरण गर्ने कार्य गरिन्छ ।

## २.२. ६.४ लाय्कु पुंई र लाय्कु पुंई आचागू

हनुमान धोकाको सम्पूर्ण दरवार क्षेत्रलाई "लाय्कु पुंई" भनिन्छ । यस क्षेत्रमा एउटै मात्र विहार "सिखंमूबाहाः" रहेका छन् । यस विहारमा बज्राचार्य र शाक्य भिक्षुको संयुक्त संघ रहेका छन् । सो पुंईको विहार सिखंमू बाहाका सर्वसंघ सवै पहिला बज्राचार्य नै भएको र पछि दुईजना दाजु, भाईमध्ये भाई चाहिंले आचार्याभिषेक नलिई शाक्यभिक्षुमै सीमित भइआएको जनश्रुति रहेको कुरा सो विहारका सर्वसंघ तथा राजगुरुजु श्री मञ्जुश्री रत्न बज्राचार्यको भनाई रहेको छ ।

लायकु पुंईमा "पुंई आचागू" कै नामबाट सर्वसंघको भेला हुने नगरेको तर प्रत्येक वर्ष जेष्ठ कृष्ण औंसीको दिन "कय्गुकाला गुथि" र माघकृष्ण प्रतिपदाको दिन "पोहेला गुथि" को नामबाट वर्षको २ पल्ट सम्पूर्ण सर्वसघहरु भेला हुने गरिरहेका छन् । लाय्कु पुंईको कयगुकाला गुथि र पोहेला गुथि उक्त पुंईको संघ भेला हो । उक्त संघ भेलालाई "लाय्कु पुंई आचागू"को स्वरुप पनि भन्न सकिन्छ कि भन्ने लाग्दछ ।

## २.२. ६.५ क्वने पुंई र क्वने पुंई आचागू

उत्तरमा दरवार क्षेत्रको काष्ठमण्डप र टेबाहादेखि दक्षिणमा मुसुंबाहासम्मको क्षेत्रलाई "क्वने पुंई"(तल्लो क्षेत्र) भनिन्छ । यस क्षेत्रमा ओमबाहा, इकुबाहाः, मीखाबाहाः, लगंबाहाः मुसुंबाहाः र मुसुंबाहाः गरी छवटा मूख्य विहारहरु रहेका छन् । ती छवटा विहारका सर्वसंघहरु प्रत्येक वर्ष एक ठाँउमा भेला हुनेगर्छन् । जसलाई क्वने "क्वने पुंई आचागू" भन्ने गरिन्छ ।

यो गुथि बैशाख कृष्ण चतुर्दशी अर्थात मातातिर्थ चह्रेको दिन मनाईन्छ । वि.सं. २०६० भन्दा अगाडिसम्म कोने पुंई आचागूमा सर्वसंघहरु कम हुँदै गएर सर्वसंघहरुमध्ये सातजना सदस्यहरुले आलो पालो गर्दै गुथि संचालन गर्दै आइराखेको थियो । वि.सं. २०६० सालमा श्री स्वयम्भू रत्न बज्राचार्यको गुथि पालोदेखि केही थप सदस्यहरुसमेत सम्मिलित भई विगतमा भन्दा राम्रोसंग मनाउँदै आईराखेका छन् । हाल कोने पुंई आचागूमा अरु पुंई आचागूमा जस्तै सर्वसंघमध्ये रोलक्रमका आधारमा गुथिको पालो व्यहोरिन्दैन । व्यक्ति विशेषले पालो व्यहोर्नुको सट्टा कोने पुंईमा रहेका विहारहरु मध्येबाट आलो पालो गरी एउटा सिङ्गै विहारले पालो व्यहोर्ने गरी नयाँ व्यवस्थापनकासाथ कोने पुंई आचागू मनाउँदै आइराखेको छ । गुथि संचालनको लागि पालो दिने बेलामा व्यक्तिलाई नदिई विहारलाई दिने गरिन्छ । गुथिको दिन पञ्चशाली पूजा गर्ने गरिन्छ ।

उपरोक्त चार क्षेत्रका विहारहरुका संघका सभालाई क्षेत्रीय बौद्ध अधिवेशन (Regional Buddhist Council) भन्न सकिन्छ ।[19] माथि उल्लेखित चारै पुंईका सर्वसंघहरु वर्षको २ दिन एकै ठाउँमा भेला हुने गर्दछन् जसलाई "दे आचागू" भनिन्छ । जसको संक्षिप्त वर्णन तल गरिन्छ ।

### २.२.६.६ दे आचागू

दे आचागू (दे आचार्य गुथि) प्रत्येक वर्ष चैत्र कृष्ण अष्टमी र नवमीको दिन कान्तिपुरमा हुने गर्दछ । यसलाई बोलिचालीको भाषामा "आचागू" मात्र पनि भनिन्छ । *"यो आचार्य गुथि कान्तिपुरको बज्राचार्यहरुमात्र हैन ललितपुर, भक्तपुर र थिमिका सम्पूर्ण बज्राचार्यहरु पनि एउटै भएर वर्षको एक पल्ट आचार्य गुथि संचालन गर्ने प्रथा शूरु भयो ।"*[20] पछि विभिन्न कारणले गर्दा ललितपुर र भक्तपुरका बज्राचार्यहरु यहाँ सहभागी नभई आ-आफ्नै स्थानमा आचार्य गुथि मनाएको भन्ने भनाइ रहेको छ । हालआएर कान्तिपुरका अठार मूख्य विहारमा प्रव्रजित भएका बज्राचार्य सर्वसंघहरु मात्र सहभागी भई मनाउने गुथि भएकोले यस

[19] पूर्ववत पा. टि. नं. ४, पृ. ४३ ।
[20] व. र. बज्राचार्य पूर्ववत पा. टि. नं. ११, पृ. (छ) ।

गुथिलाई “येँ देया दे आचागु” तथा “येँ देया दे आचार्य गुथि” पनि भन्ने गरिन्छ । यो कान्तिपुरमा रहेको १८ वटा मूख्य बज्रयानी विहारहरुका सर्वसंघहरुको सवै भन्दा ठूलो गुथि हो । यो गुथिमा सहयोगीको रुपमा साना-साना “कचा गुथि”हरु पनि रहेका छन् । मुख्यतया २ दिनसम्म मनाइने यो गुथिको प्रत्येक वर्ष गुथि “न्यायेकेगु पाः” (संचालन गर्ने पालो) कान्तिपुरको चारवटै पुंई (क्षेत्र)बाट एक एकजना गरी चारजनाको पालो आउँदछ । पहिलो दिन थने पुंईबाट एकजना र दथु पुंईबाट एकजना गरी दुईजनाको गुथि संचालन गर्ने संयुक्त पालो हुन्छ । दोश्रो दिन लाय्कु पुंईबाट एकजना र क्वने पुंईबाट एकजना गरी दुईजनाको गुथि संचालन गर्ने संयुक्त पालो हुन्छ । थथु पुंई, दथु पुंई र क्वने पुंईका सर्वसंघहरुको यो गुथि पालो आउने प्रव्रजित भएको जेष्ठताको आधारमा हुन्छ भने क्वने पुंईकोमात्र जन्म भएको जेष्ठताको आधारमा हुन्छ । त्यसो भएकोले क्वने पुंईका सर्वसंघमध्ये अर्को वर्ष कसको पालो भनेर समय समयमा विवाद आउने गरेको पाईन्छ । त्यस्तो अवस्थामा राजगुरुजुले विवादित सर्वसंघहरुको चिना हेरेर अर्को वर्षको गुथिको लागि पालो तोकिदिन्छ । यो वर्ष ने.सं. ११३४ मा भएको गुथिमा पनि अर्को वर्ष ने.सं. ११३५ को गुथि पालाको लागि विवाद आएर राजगुरुजुले चिना हेरेर विवाद समाधान गर्नुभएको थियो ।

पहिलो दिन अर्थात् चैत्र कृष्ण अष्टमीको दिन “स्वयम्भू”मा यो गुथि गरिन्छ । यो दिन गुथि संचालन गर्ने पालो कान्तिपुरको “थथु पुंई” (उपल्लो क्षेत्र) र “दथु पुंई” (मध्य क्षेत्र)का सर्वसंघहरुमध्येबाट एक-एकजनाको गरी दुईजनाको पालो हुन्छ । निर्धारित समयमा गुथिका सम्पूर्ण सर्वसंघहरु स्वयम्भूमा भेला हुन्छन् । यस दिन सर्वप्रथम स्वयम्भू महाचैत्यको पश्चिमाभिमुख अमिताभ तथागतको अगाडि दे थाय्पा (मूल चक्रेश्वर)बाट मूल पुरोहित भएर कलशार्चन पूजा गरिन्छ । कारणबस् देथाय्पा पूजामा उपस्थित हुन नसकेमा राजगुरुजुले मूल पुरोहित भएर पूजा गरिन्छ ।[21] यस पूजामा नवप्रवेशी बज्राचार्यहरुले गुरुमण्डल पूजा गरी, अमिताभ तथागत, दे थायपा (मूल चक्रेश्वर) र अरु सातजना गुरुहरुलाई ग्वयदाँ (पानको पाटमा सुपारी र दक्षिणा) राखी दे आचार्य गुथिमा औपाचारिक रुपमा प्रवेश गर्छन् । कलश

[21] मञ्जु श्री रत्न बज्राचार्य, *दे आचार्य गुथि र कान्तिपुरका वज्राचार्यहरुको संघ परम्परा*, **बज्रयान**, त्रैमासिक, वर्ष २ अंक ६, पृ. ४८ ।

पूजा सकेपछि दे थाय्पाबाट शान्तिपुरमा पूजा गरिन्छ सो पूजामा चर्यागीत पनि गाईन्छ । पूजा सम्पन्न भएपछि सम्पूर्ण सर्वसंघहरुलाई पूजा गरी दान प्रदान गर्नुको साथै जलपान पनि गराईन्छ । पहिला पहिला सर्वसंघहरुको बीचमा कुनै समस्याहरु आइपरेमा शान्तिपुरको यस भेलामा प्रस्तुत गरेर सो समस्यालाई त्यस भेलामा छलफल गरी समस्या समाधान गरिदिने गर्दथ्यो भन्ने जनश्रुति रहेको छ ।

शान्तिपुरमा दानप्रदान सकिएपछि सम्पूर्ण सर्वसंघहरु स्वयम्भू महाचैत्यको फेदमा रहेको "भूइख्य" मा भेलाभई "गणचक्र पूजा"मा सहभागी हुन्छन् । गणचक्र पूजामा १८ वटै विहारका सर्वसंघबाट आ-आफ्नो विहारको चर्यागीत गाउँछन् । गणचक्र पूजामा कचा गुथिहरुबाट प्रसादको व्यवस्था गर्ने गर्दछन । गणचक्र पूजा सकिएपछि आगामी वर्ष दे आचागू संचालन गर्नेलाई गुथिको पालो हस्तान्तरण गरिन्छ । त्यसपछि त्यो दिनको दे आचागू सम्पन्न हुन्छ ।

स्वयम्भूमा भेला भएको भोलिपल्ट अर्थात चैत्र कृष्णपक्ष अष्टमीका दिन दे आचागू "छेँ थाय्" भनेर लायकु पुंई र क्वने पुंईका दुईजना पालाहरुमध्ये गुथि संचालन गर्न पाएक परेको पालाको घरमा गुथिको पूजा गरिन्छ । यो दिन अठारवटै विहारका सर्वसंघहरु सो स्थानमा भेला हुन्छन् । यो दिन पनि कलशार्चन पूजा गरिन्छ । गुथिको लागि स्थान दिइएका पालाको पुरोहित बज्रसत्व भएर चर्यागीत संगै चर्यानृत्य गर्दछन् । पालाका तर्फबाट सर्वसंघहरुलाई दान प्रदान गरी जलपान पनि गराइन्छ । सो समयमा कचा गुथिमध्येको एउटा गुथि "चिया गुथि"को तर्फबाट चिउरा र तिबती चिया खुवाउने पनि गरिन्छ । बेलुकि लोकोत्तर पूजा पनि गरिन्छ । लोकोत्तर पूजा सम्पन्न भएपछि यो वर्षको दे आचागू अर्थात कान्तिपुरका बज्राचार्य सर्वसंघको बार्षिक भेला सम्पन्न हुन्छ । कान्तिपुरमा रहेका बज्राचार्यहरुको यस संघ भेला अर्थात गुथिलाई विभिन्न लेखकहरुले आ-आफ्नै तरिकाले परिभाषित गरिएका छन् । जुन निम्न प्रकार रहेको छ ।

डा. नरेशमान बज्राचार्यको भनाई अनुसार नेपाल मण्डलका सम्पूर्ण आचार्यहरु सम्मिलित एक ठूलो संघ "दे आचार्य संघ" हो । उक्त संघको वार्षिक सभालाई दे आचागु (दे

आचार्य गुथि) (National Buddhist Council of Acharyas) भनेर भनिएको हो । तर उक्त भेलामा आजकल कान्तिपुरका १८ महाविहारका बज्राचार्यहरु मात्रै भेला भई आइराखेको छ ।

शाक्यमुनिको महापरिनिर्वाण पछि पटक पटक बौद्ध संगीतिहरु (Buddhist Councils) हरु सम्पन्न भएको इतिहास छ । उही इतिहासकै आधारमा डा. नरेशमान बज्राचार्यले नेपालमा पनि दे आचागू मनाउँन्दै आइराखेको हुन सक्ने अनुमान लगाउनु भएको छ ।[22]

मदनसेन बज्राचार्यले कान्तिपुरको "दे आचार्य गुथि"लाई बज्राचार्य संघको केन्द्रीय स्वरुप र संघ स्वरुप हो भने अठार महाविहारहरु स्थानीय निकाय भनेर उल्लेख गर्नुभएको छ ।[23]

*महायान अन्तर्गत नै बज्रयान धर्ममा रहेका ज्ञानधारण गरी नियमाचारमा बसी रहेका आचार्यलाई बज्राचार्य भनिन्छ । तसर्थ बज्राचार्य भनेको कुनै जाती विशेष होइन, यो त योग्यता वा उपाधि हो ।*[24]

दे आचार्य गुथि कान्तिपुरका "बज्राचार्याभिषेक" प्राप्त व्यक्तिहरुको मात्र संघ भेला भएकोले यसलाई "जातीय भेला" भन्न नमिल्ने देखिन्छ । दे आचार्य गुथिमा भेला हुने बज्राचार्यहरु बज्राचार्य जातीमात्र हैनन्, बज्रयान बौद्ध धर्मको "आचार्य पदवी" प्राप्त गरेका व्यक्तिहरु हुन् । यसरी यस भेलामा बज्रयानसम्वन्धी आचार्याभिषेक प्राप्त व्यक्तिहरु बज्रयानी पूजा गरी बौद्ध धर्म र संघको उत्थान तथा त्यसमा आइपरेको समस्याको बारेमा छलफल गरी निराकरण समेत गरिने भएकोले यसलाई "धार्मिक भेला (गुथि)" तथा "बौद्ध संगायन"को स्वरुप मान्नु पर्ने देखिन्छ ।

---

[22] न. मा. बज्राचार्य, पूर्ववत पा.टि.नं. १६ ।

[23] म. से. बज्राचार्य, पूर्ववत पा.टि.नं. ८, पृ. १७ ।

[24] ध. सु. बज्राचार्य, पूर्ववत पा.टि.नं. १, पृ. २९ ।

## तेस्रो अध्याय

# थथु पुंई आचागूको इतिहास तथा पूर्वरुप

### ३.१.थथु पुंई आचागूको संस्थापक वाक्‌बज्र बज्राचार्य

थथु पुंई आचागू प्रत्येक वर्ष संचालन गरिआएको छ । तर कहिलेदेखि सो आचागू शुरुवात भएको हो र कसले स्थापना गरिएको हो भन्ने कुरा एकिनसाथ भन्न सकिने अवस्था भने छैन । गुथिका सर्वसंघहरुको भनाई अनुसार क्वाःबहाःका सर्वसंघ, “दे आचागू” का “प्यंगथां”(चार खम्बा) मध्येका एक “वाक्‌बज्र बज्राचार्य”ले यस थथु पुंई आचागूको स्थापना गरेको हो भन्ने रहेको छ। यस सम्वन्धमा थप अनुसन्धानको जरुरी छ। तर थप खोजले नयाँ निष्कर्ष नआएसम्म सर्वसंघका किंवदन्ति अनुसार थथु पुंई आचागूका संस्थापक वाक्‌बज्र बज्राचार्यलाई मान्नुपर्ने देखिन्छ। नेपाल मण्डलका प्रसिद्ध बज्राचार्यहरुमध्ये वाक्‌बज्र बज्राचार्य एक हुन् । उहाँले काशी(भारत)मा स्थापित चैत्यको जीवन्यास(प्राण)लाई त्यहाँबाट नेपालमा ल्याई एक ठूलो चैत्य बनाई त्यसमा उक्त जीवन्यास राखिदिए भन्ने प्रसिद्ध कथन छ। उक्त चैत्य वर्तमानमा काठेसिम्भूले चिनिन्छ । काठेसिम्भू शब्द काशीस्वयम्भूको अपभ्रंश शब्द मानिन्छ। त्यस्तै वाक्‌बज्र नागार्जुन पर्वतको गुफामा समाधिमा बस्नु हुन्थ्यो भन्ने कथन पनि प्रचलित छ । उहाँले केही महायानी तथा बज्रयानी बौद्ध ग्रन्थको साथै चर्यागीतहरु पनि रचना गर्नुभएको छ।[25]

### ३.२ थथु पुंई आचागू स्थापना काल नेपाल सम्वत पूर्व

“वाक्‌बज्रको गुरु वन्धुदत्त बज्राचार्य हो । त्यसैले वाक्‌बज्र राजा नरेन्द्रदेवको समकालीन मानिराखेको छ। वाक्‌बज्रले आफ्नो ५० वर्षको उमेर पछि अर्थात ने.सं.पू. ३३०

[25] बद्री रत्न बज्राचार्य, **प्रसिद्ध बज्राचार्य पिनिगु संक्षिप्त विवरण**, प्रथम संस्करण,(काठमाडौः हिरा शोभा तुलाधर, ने.सं. ११०९), पृ. २१ ।

तीर काशीस्वयम्भू चैत्य स्थापना गरेको अनुमान गर्न सकिन्छ ।”[26] यस अर्थबाट थथु पुंई आचागू ने.सं.पूर्व नै स्थापना भइसकेको अनुमान गर्न सकिन्छ ।

ने.सं. १०३७ मा सारिएको एउटा पाण्डुलिपिमा गुथिमा श्राद्ध गर्नुपर्ने विधान उल्लेख गर्ने क्रममा पहिलो पंक्तिमा “मंजुपाल, महिन्द्रपाल ग्व - १ क्वावाहाया, थकालिं थयेके - १” उल्लेख भएको छ । सो क्वाबहाका मंजुपाल र महिन्द्रपाल दुवैजना वाकवज्रका छोराहरुको विहार र नामसंग मेल खाएकोले ती दुवैजना वाक्वज्रका छोराहरु हुनसक्ने सम्भावना देखिन्छ । यदि ती व्यक्तिहरु वाक्बज्रका छोराहरु हुन् भने गुथिमा रहेको दस्तावेजमा ती व्यक्तिहरुको नाममा श्राद्ध गर्नुपर्ने उल्लेख भएकोले पनि यो गुथि नेपाल सम्वत पूर्व नै स्थापना भइसकेको अनुमान गर्न सकिन्छ ।

थथु पुंई आचागूसंग सम्बन्धित थुप्रै सर-सामाग्रीहरुमध्ये पचिंम्हिचा राखिएको तामाको एक कन्तुर छ ।[27] उक्त कन्तुर तथा पचिंम्हिचामा केहि “थ्यासफु” (पाण्डुलिपि) रहेका छन् । कुनै पाण्डुलिपि ताडपत्रमा लेखिएका छन्, कुनै नेपाली कागजमा लेखिएका छन् । कुनै पाण्डुलिपिहरु पत्र पत्र छुट्टिएका छन्, कुनै गाँसिएर रहेका छन्, कुनै बेरेर राखेका छन् । ती पाण्डुलिपिहरु नेपालका प्राचीन लिपिहरुमध्ये कुनै भुजिमोल लिपि, कुनै प्रचलित नेवारी लिपि र कुनै देवनागरी लिपिमा लेखिएका छन् । प्रत्येक पाण्डुलिपिमा थथु पुंई आचागूसंग संवन्धित भिन्न भिन्न विवरणहरु पाईन्छन् । ती पाण्डुलिपिहरुमा सम्वतहरु पनि लेखिएका छन् । धेरै जसो सम्वत नेपाल सम्वतमा लेखिएका छन् । वर्तमान समयमा थपिएका विवरणहरु देवनागरी लिपिमा लेखिएका छन् । कुनै विवरणमा नेपाल सम्वत र विक्रम सम्वत दुवै लेखिएका छन् भने कुनै विवरणमा विक्रम सम्वतमात्र लेखिएका छन् ।

भुजिंमोल लिपिमा लेखिएको एउटा ताडपत्रमा संवत ४७१ लेखिएको पाइएको छ । सो सम्वत ताडपत्रहरुमा उपलब्ध सम्वतहरुमध्ये सवैभन्दा पुरानो सम्वत हो । उक्त ताडपत्रमा आचागूको एक दाताको आमाको नाममा पिण्डदान कार्यको लागि आयस्ताको व्यवस्था

[26] रत्नकाजी, बिजय रत्न बज्राचार्य, **नेपाः देःया विहारया ताःचा**, प्रथम संस्करण,(काठमाडौंःमन्त्रसिद्धि महाविहार, सवल बहाः, ने.सं. ११०३), पृ. ७४ ।
[27] कन्तुरको दृश्य परिशिष्ट - चि.फ. नं (क) १ ।

गरिएको उल्लेख छ ।[28] पिण्डदानको आयस्ता व्यवस्था नै ६६३ वर्ष (हाल ने.सं. ११३४ - पाण्डुलिपिमा उल्लेखित ने.सं. ४७१ = ६६३) अगाडि भइसकेको हुनाले थथु पुंई आचागूको स्थापना धेरै पहिलेदेखि नै भएको मान्न सकिन्छ । अर्को शब्दमा भन्नु पर्दा उपरोक्त ताडपत्रमा उल्लेखित समय ईसाको चौधौ शताब्दीको उत्तरार्धको भएबाट थथु पुंई आचागूको स्थापनाकाल झन धेरै पहिलेदेखि नै भएको मान्न सकिनेमा द्विविधा छैन । पचिंम्हिचा तथा कन्तुरमा रहेका दस्तावेजहरुमा उल्लेखे भएको सम्वतहरु निम्न बमोजिम रहेको छ ।

| क.सं. | दस्तावेजको प्रकार | सम्वत | अक्षर लिपि |
|---|---|---|---|
| १ | ताडपत्र | ४७१ | भुजिंमोल लिपि |
| २ | ताडपत्र | ५१८ | भुजिंमोल लिपि |
| ३ | ताडपत्र | ५२२ | प्रचलित नेवारी लिपि |
| ४ | ताडपत्र | ५३२ | भुजिंमोल लिपि |
| ५ | ताडपत्र | ५३३ | प्रचलित नेवारी लिपि |
| ६ | ताडपत्र | ५४८ | भुजिंमोल लिपि |
| ७ | ताडपत्र | ५५३ | भुजिंमोल लिपि |
| ८ | ताडपत्र | ५५६ | भुजिंमोल लिपि |
| ९ | ताडपत्र | ५६४ | भुजिंमोल लिपि |
| १० | ताडपत्र | ५८५ | प्रचलित नेवारी लिपि |
| ११ | ताडपत्र | ५८७ | भुजिंमोल लिपि |
| १२ | ताडपत्र | ५९३ | प्रचलित नेवारी लिपि |
| १३ | ताडपत्र | ६५३ | प्रचलित नेवारी लिपि |
| १४ | ताडपत्र | ६५६ | प्रचलित नेवारी लिपि |

[28] सम्वत ४७१ उल्लेख भएको ताडपत्र परिशिष्ट - दस्तावेज नं. (ख) ४ ।

| | | | |
|---|---|---|---|
| १५ | ताडपत्र | ६५९ | प्रचलित नेवारी लिपि |
| १६ | ताडपत्र | ६६७ | प्रचलित नेवारी लिपि |
| १७ | ताडपत्र | ६८३ | प्रचलित नेवारी लिपि |
| १८ | ताडपत्र | ६८८ | प्रचलित नेवारी लिपि |
| १९ | ताडपत्र | ७१० | प्रचलित नेवारी लिपि |
| २० | ताडपत्र | ७१५ | प्रचलित नेवारी लिपि |
| २१ | ताडपत्र | ७१७ | प्रचलित नेवारी लिपि |
| २२ | ताडपत्र | ७२० | प्रचलित नेवारी लिपि |
| २३ | ताडपत्र | ७४९ | प्रचलित नेवारी लिपि |
| २४ | ताडपत्र | ७५१ | प्रचलित नेवारी लिपि |

गुथिको कन्तुरमा रहेको भूजिमोल लिपिमा लेखिराखेको एउटा पाण्डुलिपिमा सम्वत ५००, ५०१, ५०२ उल्लेख भएको छ ।[29]

कन्तुरमा रहेको अर्को एउटा पाण्डुलिपि थ्यासफुमा पुरानो दस्तावेजहरु जिर्ण भएकोले भ्वाःबाहाका चक्रपाणिले पुरानो दस्तावेज सारेर सम्वत ९४७ फाल्गुण शुक्ल द्वितियाको दिन आचार्य गुथिमा राखेको भनी उल्लेख भएको छ । सो थ्यासफुमा क्वाबहाको अमृतपारको श्राद्ध गर्ने उल्लेख भएको छ । सो थ्यासफुको अक्षर र अंक प्रचलित नेवारी लिपिमा लेखिएको हुनाले त्यसमा उल्लेखित सम्वतहरु नेपाल संम्वत नै हुनु पर्छ । त्यस थ्यासफुमा ७३९, ७५६, ७६१, ७६३, ७७२, ७७९, ७९३, ८०५, ८३०, ८३८, ८६४, ९०१, ९०७ सम्वतहरु उल्लेख भईराखेका छन् ।

[29] सम्वत ५००, ५०१, ५०२ को दस्तावेजको लागि परिशिष्ट - दस्तावेज नं. (ग) ।

थथुप्वीं आचार्य गुथि संरक्षण समितिको निमार्ण पछि विक्री गरिएको १० वटा क्वलामध्ये भक्तपुरको एउटा क्यूरियो पसलबाट प्राप्त ६ वटा क्वलामा ७५०, ७६२, ८५७, ९०२, ९०३, _३१ सम्वत उल्लेख भईराखेका छन् ।

## ३.३ आचागूको एक पूर्वरुप

थथु पुंई आचागूमा गरिने कार्यहरु समय अनुसार परिवर्तन हुँदै आएको पाइन्छ । विगतमा थथु पुंई आचागू कति दिनसम्म संचालन हुन्छ भन्ने प्रष्ट लिखित दस्तावेज नभए पनि गुथिको पचिंम्हिचामा प्राप्त दस्तावेजको आधारमा पचिंछायगु फाल्गुन शुक्ल पञ्चमीको दिन र ल्यास्वयेगु अर्थात गुथिको हिसाव किताव गरी आउँदो गुथिको पालालाई गुथिको सम्पति तथा बांकि रहेको नगद जिम्मा दिने गरेको दिन फाल्गुन कृष्ण तृतीया उल्लेख भएको पाइन्छ ।[30] पचिंछ्यायगु दिन गुथिको पहिलो दिन हो भने ल्या स्वयेगु दिन गुथिको अन्तिम दिन हुने भएकोले विगतमा थथु पुंई आचागू १४ दिनमा समापन हुने देखिन्छ ।

पचिंम्हिचामा प्राप्त नेपाल सम्वत १०३७ को पाण्डुलिपिमा थथु पुंई आचागूमा गर्नु पर्ने कार्यहरु उल्लेख गरिराखेका छन् । जुन तल उल्लेख गरिन्छ ।

१) पचिंछायगु (गुथिको दस्तावेज राख्ने झोला खोल्ने)- फाल्गुन शुक्ल पंचमीको दिन पचिंछायगु कुरा उल्लेख गरिएको छ ।

२) मे स्ववने (रांगा हेर्न जाने) - पाला, सुलि, भरिं र चिदार समेत ६ जना मिलेर रांगा हेर्न जानु पर्ने उल्लेख छ ।

३) मे स्याके (रांगा काट्न लगाउने) - चिदार ३ जना, पाला, भरि र सुलिं बसेर रांगा काट्न लगाउने कुरा उल्लेख छ ।

४) खासिपूजा - गुथिको पालाले खासिपूजाको लागि पूजा दिनु पर्ने भनी लेखिएको छ । यो पुजामा दीप, नुन, बेसार, खाने तेल, छाला स्थापना गरेर पूजा गर्नु पर्ने उल्लेख भएको

[30] ल्या स्वयेगु फाल्गुन कृष्ण ३ उल्लेख भएको दस्तावेज परिशिष्ट - दस्तावेज नं.(क) २ ।

छ । पूजा सिधिए पछि "सुवा" (भान्छे)को हात पूजा गरेर पूजा गरिराखेको छाला खासिमा राख्ने कुरा पनि उल्लेख गरिएको छ ।

५) भरिं ब्व तय (भण्डारणका लागि भाग राख्ने) - भरिं ब्व राख्नको लागि आवश्यक खाद्य सामग्री तथा पेय पदार्थको परिमाण समेत उल्लेख गरेर सो सामग्रीहरुको पाला, भरिं र गुथिबाट कुन कति सामग्री कसले ब्यहोर्ने भनी उल्लेख भएको छ । साथै पूजा गर्नको लागि आवश्यक पूजा सामग्रीहरु पाला र सुलिंले के कति व्यहोर्ने सो कुरा उल्लेख भएको छ । पूजा सम्पन्न भएपछि सर्वसंघलाई जलपान गराउनु पर्ने र ८ जना थाय्पा, पाला, सुलिं, भरिं र लक्ष्मी देवतालाई जलपान भाग राख्नुपर्ने कुरा पनि उल्लेख भएको छ ।

६) छोयलाभु याये - छोयलाभु गर्नलाई पालाले भतमास, च्यूरा, पाँच प्रकारको परिकार, मातोको पाला व्यवस्था गरेर सर्वसंघलाई भोज भाग दिनुपर्ने उल्लेख भएको छ ।

७) केंता तययुया कण्ठ - केंता तयगु कण्ठ भनेर सर्वसंघहरुर्ला भात भोज ख्वाउने बेलामा थकालिहरुले भोजमा राख्नु पर्ने दालको परिकारहरु उल्लेख भएको छ । जुन निम्न प्रकार रहेका छन् –

| | | | |
|---|---|---|---|
| पालुबजि | १ | भुति | ८ |
| म्वाके | २ | भुति | ९ |
| छुकिलु | ३ | मास | १० |
| जाव | ४ | मास | ११ |
| जाव | ५ | पिप | पाला |
| कसु | ६ | वाउके | पाला |
| कसु | ८ | | |

८) बाहालया कण्ठ - क्रमानुसार पूजा गर्ने, पंचधाला हायेके, बलिबिये, चर्यागीत गाउने, चिन्तपूजा, अन्नदान र दक्षणा दिने । विसर्जन, बलि फाल्न जानेहरुलाई समयबजि (एक

प्रकारको च्यूरा) दिने । देशबलि छोये । यति बाहालको कण्ठ भयो । लिचायके गर्ने बेलामा सर्वसंघसंग जरिमाना तिराउने यथाक्रमनुसार भयो भनेर उल्लेख भएको छ ।

९) तले पुजाया कण्ठ -.(माथि पुजाको विधान) - सबै भन्दा पहिला कुला गुथिको पूजा । च्याः गुथिको पूजा क्रमश कुला गुथिको रोती सहित जलपान गर्ने । त्यसपछि भोजन गर्ने भनेर उल्लेख भएको छ ॥

१०) लिचुपाल विये (दिने) कण्ठ - भोजन पछि जुठो सफा गरेर जेष्ठ थाय्पा सहित **आठजना थकालि**को हातधोइ दिने । लिचुपाल दिन आवश्यक सामग्री - छेंगु, कछला, छकुपाच, तखा ४ प्रकारको घासा (खानेकुरा), घः बो(एक प्रकारको भोज भाग) ६ भाग राख्ने उल्लेख गरिएको छ ।

११) पिण्ड थयगु (श्राद्ध गर्ने) विधान - कसको नाममा श्राद्ध गर्ने, सो व्यक्ति विहारको नाम र श्राद्ध गरिदिने पुरोहित बारे उल्लेख भएको छ । जुन निम्न प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| मंजुपाल महिन्द्रपाल | ग्व १ | क्वावाहाको | थकालिले पुरोहित हुने |
| अमृतपाल | ग्व १ | क्वावाहाको | थकालिले पुरोहित हुने |
| जिसिंजु | ग्व १ | भ्वावाहाको | दोश्रो नम्वरको थकालि पुरोहित हुने |
| जगतसिंजु | ग्व १ | भ्वावाहाको | दोश्रो नम्वरको थकालि पुरोहित हुने |
| रामदेव | ग्व १ | भ्वावाहाको | तेश्रो नम्वरको थकालि पुरोहित हुने |
| जिगितसिंजु | ग्व १ | ध्वाकावाहाको | तेश्रो नम्वरको थकालि पुरोहित हुने |
| हृदयकि | ग्व १ | गंवाहाको | चौथो नम्वरको थकालि पुरोहित हुने |
| ज्ञानचन्द्र | ग्व १ | ध्वाकावाहाको | पाँचौ नम्वरको थकालि पुरोहित हुने |
| आसाजि | ग्व १ | महर्जन ध्वाकावाहा | छैंथो नम्वरको थकालि पुरोहित हुने |

विजेश्वरीमा श्राद्ध गर्न दोश्रो नम्वरको थकालि पुरोहित हुने भनेर उल्लेख भएको छ । त्यस पछि त्यहिं पाण्डुलिपिमा निम्न कुरा उल्लेख गरिएको छ ।

१०) श्रीसर्वसंघ आचार्यगुठि - सवैभन्दा पहिला विजेश्वरीमा पालाले निमन्त्रणा पुजा पठाउनु पर्ने उल्लेख छ । निमन्त्रणा पूजाको लागि चामल माना १ र निमन्त्रणा पूजा कल (एक प्रकारको पूजा थालि) १ राखेर विजेश्वरीमा पूजा पठाउनु पर्ने उल्लेख भएको छ । त्यसपछि नामावली पढेर उपस्थित सर्व संघलाई लिचाकयके (पाउ धोइदिने), प्रत्येक सर्वसंघबाट धलंदंके (पूजा गर्न लगाउने), कलश पूजा गर्ने, देशवलि पुजा, पंचरक्ष्या पाठ गर्ने भनेर उल्लेख भएको छ ।

११) अभ्यन्तरपूजा - क्रमनुसार पूजास्थापन गर्ने, अभ्यन्तरको अर्थ गुह्य पूजा हो । यस पूजालाई लोकोत्तर पूजा पनि भनिन्छ ।

१२) शेषबलिपूजा - एक प्रकारको गुह्य एवं अन्तिम पूजा ।

१३) पाबोतये - पालो हस्तान्तरण भोजन भाग यसवर्षको पालाले आगामीवर्षको लागि पालालाई हस्तान्तरण गरी गुथिको पालो हस्तान्तरण गरिने कार्य ।

१४) सिधपावियेे - झ्वाःबाहाको तर्फबाट सिधपा दिने भनेर उल्लेख भएको छ । सिधपावियेगु भनेर मूल गुथिको दिन सवै सर्वसंघलाई पूजाको क्रममा बुल्ला (जांड बनाएर बाँकिरहेको छोकरबाट बनाइएको खानाको परिकार) खुवाउने गरिन्छ ।[31]

१५) दीपदान - कुनै पनि ठूलो पूजामा पूजा सम्पन्न भएपछि उपस्थित सवैलाई दीप बालेर दिन्छ र सो दीपलाई धोगी भुंइमा राख्ने गरिन्छ जसलाई स्थानीय भाषामा मतकायेगु ( दिपदान) भनिन्छ । यसको अर्थ सम्पूर्ण कार्य सम्पन्न जनाउँदछ ।

१६) मोकसुद्वि - भोजन गरिसके पछि ल्वांग, सुकुमेल र सुपारी दिनेलाई मोकसुद्वि भनिन्छ ।

१७) स्वानकोकाये - मूल देवतालाई चढाइएको फुल टिपी पूजाथालीमा राखी उपस्थित सवैलाई वितरण गरिन्छ ।

१८) व्यलावियेे - अन्तमा सवै जना आ-आफ्नो बाटो लाग्दछन् ।

यति आचागुथिको कण्ठ

[31] एघार जना थाय्पामध्येको एकजना थाय्पा श्री फणीन्द्र रत्न बज्राचार्यले दिनुभएको जानकारी अनुसार

१९) क्वाकाजा नयषुनुया (तातो भात खाने दिनको)कण्ठ - हालका ११ जना थाय्पा मध्येको एकजना थाय्पा श्री फणीन्द्र रत्न बज्राचार्य ज्यूको अनुसार क्वाकाजा नयेगु भनेर मूल गुथिको दिन सबै सर्वसंघलाई लोकोत्तर पुजामा भात ख्वाइन्छ । सो दिन बाँकि रहेको भात भोलि विहान घ्यू राखेर तताएर सर्वसंघलाई ख्वाइन्छ भनेर सुनी आइराखेको बताउनु हुन्छ ।[32]

२०) विज्यासल वनेगुया कण्ठ - क्वाकाजा नयषुनुया कण्ठ लगत्तै "विज्यासल वनेगु" अर्थात विजेश्वरी मन्दिरमा जाने विवरण उल्लेख भएको छ । यस अन्तर्गत विजेश्वरीमा श्राद्ध गर्नुपर्ने र श्राद्ध कसको नामबाट कसले गर्ने भनेर उल्लेख छ । श्राद्धको लागि आवश्यक सामग्री नाम सहित सो सामग्रीको व्यवस्था पालाले गर्नु पर्ने उल्लेख भएको छ । त्यस पछि विद्याधरी वंजला पूजाया कण्ठ भनेर विजेश्वरी देवीको पूजा गर्ने विवरण उल्लेख भएको छ । वंजला पूजा एक प्रकारले अन्तिम पूजा हो भने खुशियाली पूजा पनि हो । यो पूजामा गरिने पूजाको नाम उल्लेख हुनुको साथै पूजाको लागि आवश्वक सामग्री पालाले दिनु पर्ने उल्लेख भएको छ । भोजनको लागि आवश्यक सामग्री र भोजनपछि गरिने कार्य पनि उल्लेख भएको छ ।

२१) छेस भरिंठनेगुया कण्ठ - विजेश्वरीमा वंजला पूजा गर्नेपछि "छेंस भरिंठनेगु कण्ठ" भनेर भण्डारण पूजा गरिराखेकोलाई विसर्जन गर्ने विधि उल्लेख भएको छ । कुन दिनमा भरिंठनेगु भनी उल्लेख छैन । भरिंठनेगुको लागि पूजा गर्न आवश्य पूजाथालीको उल्लेख हुनुको साथै "लापोसुयके माल" भनेर मासुको पोको लुकाउनु पर्यो भनी उल्लेख भएको छ । थथु पुंई आचागूका जेष्ठ थाय्पा चक्रेश्वर श्री रत्नबज्र बज्राचार्यज्यूका अनुसार लापोसुयके भनेर भरिंठनेगु(भरिंक्वकायेगु) दिन भण्डारण कोठामा मासुको पोको लुकाइन्छ र सो मासुको पोको बच्चाहरुलाई खोज्न लगाईन्छ । जसले सो मासुको पोको भेताउन्छ उसैलाई दिइन्छ । यसरी गुथिको दिन बच्चाहरुलाई

[32] पूर्ववत पा.टि. संख्या ३१ मौखिक अन्तर्वार्ता अनुसार ।

रमाइलो गर्न लगाइन्छ । भरिंठनेगु दिन सर्वसंघलाई भोज खुवाउनु पर्ने पनि उल्लेख भएको छ ।

२२) थायपापिंके बंकायगु - छेंस भरिंठनेगुया कण्ठपछि "थायपापिंके वंकायगु" भनेर आठजना थायपाहरु गुथिको कार्यक्रममा अनुपस्थित रहेमा जरिमाना के कति तिराउने सो उल्लेख गरिएको छ । जरिमाना तिराउने वन्देज अध्याय ७ मा उल्लेख गरिने छ ।

२३) बूया बालिकायगुया कण्ठ - थायपापिंके बंकायगुपछि "बूंया बालिकायगुया कण्ठ" भनेर गुथि संचालनको लागि कोबाट कति बाली र कोबाट कति नगद लिने भनेर उल्लेख भएको छ । साथै यसमा थायपाहरुलाई दक्षिणास्वरुप कति नगद दिने र पालाले गुथिभरि पूजाको समेत कति नगद दिने भनी उल्लेख भएको छ ।

२४) पालानं आचागूयात जोरययायेगु कण्ठ - बाली लिने विवरणपछि "पालानं आचागूयात जोरययायगु कण्ठ भनेर गुथिमा रहेको सामानहरु बाहेक पालाले गुथिभरिलाई व्यवस्था गर्नुपर्ने सामानहरुको विवरण र त्यसको परिमाण उल्लेख गरिएको छ ।

२५) थ्वंथुयगुया कण्ठ - पालाले व्यवस्था गर्नुपर्ने सामानहरुको विवरणपछि "थ्वंथुयगुया कण्ठ" भनेर गुथिमा प्रयोग गरिने बिभिन्न प्रकारको जाँडको नाम उल्लेख गरी सो जाँडहरु बनाउन आवश्यक सामग्री तथा त्यसको परिमाण उल्लेख गरिएको छ ।

२६) पालायात जाकि खर्च यायेगुया कण्ठ - जाँड बनाउने विवरणपछि "पालायात जाकि खर्च यायेगुया कण्ठ" भनेर पालाले गुथिभरि कुन पूजामा कति चामल खर्च गर्ने र सर्वसंघलाई खुवाउन कुन दिन कति चामलको भुजा बनाउने भनेर उल्लेख भएको छ ।

### ३.३.१ आठजना थकालिको व्यवस्था :

नेपाल सम्वत १०३७ को पाण्डुलिपिमा थथु पुंई आचागूमा गर्नुपर्ने कार्यहरु उल्लेख गर्ने क्रममा लिचुपाल विये (दिने) कण्ठमा भोजन पछि जुठो सफा गरेर जेष्ठ थाय्पा सहित

आठजना थकालिको हातधोइ दिने भनी उल्लेख भएबाट विगतमा आठजना थकालिको व्यवस्था भएको देखिन्छ ।

### ३.३.२ दुईजना पालाको व्यवस्था :

पहिला गुथिको पाला एकजनामात्र भइरहेकोमा यो साल (ने.सं. १०५२)मा गुथि पालो परेका भ्वाःबहाःका हर्षरत्नको यसै वर्ष दे आचागूको पनि पालो परेकोले खर्च गर्न सारै मुस्किल परेर हर्षरत्नलाई पिर पर्न गएकोले प्रत्येक वहाःका थकालिहरुले आ-आफ्नो वहाःका सर्वसंघहरु भेला भई ने.सं. १०५२ पुंई आचागू देखि दुईजना पाला गर्ने सल्लाह मिलेर अर्को वर्ष पाला हुने क्वाःबहाःका जोगबज्रलाई पनि यसै वर्ष पाला बनाई यस वर्ष हर्षरत्न र जोगबज्र दुईजना मिलेर गुथि पालो व्यहोर्ने निर्णय भएको र यसै बमोजिम नयाँ थितिवंदेज लगत बनाएको भनी नयाँ नियम बनाई तपसीलमा लेखिएको भनी उल्लेख गरिएको छ ।[33]

### ३.३.३ दुईजना सुलिं र दुईजना भरिंको व्यवस्था :

नेपाल सम्वत १०५२ को पाण्डुलिपिमा थथु पुंई आचागूमा गर्नु पर्ने कार्यहरु उल्लेख गर्ने क्रममा २७ नम्बरको बुंदामा भरिं सुलिं तयेगु बुंदा अन्तर्ग व्यंपाला २ सुलिं (गत वर्षको पाला २ सुलिं), पाकाईम्ह पाला २ भरिं (आगामी वर्ष हुने पाला २ भरिं) भनी २ जना सुलिं र २ जना भरिंको व्यवस्था भएको देखिन्छ ।

[33] तपसील परिशिष्ट संख्या १ पृष्ठ ८६ ।

# चौथो अध्याय

# थथु पुंई आचागूको वर्तमान स्वरुप र संचालन

## ४.१ थथु पूंई आचागूको वर्तमान स्वरुप

कुनै पनि संस्थाको मेरुदण्ड भनेकै त्यस संस्थाको संचालक तथा व्यवस्थापन हो । त्यसैको आधारमा त्यो संस्थाको प्रगती हुन्दै जान्छ । त्यस्तै गरी थथु पुंई आचागूमा पनि व्यवस्थित रुपमा संचालनको लागि अधिकार प्राप्त पदाधिकारी खडा गरी राखेको पाइन्छ । पुंई आचागूलाई व्यवस्थितरुपमा संचालन गर्न निम्न प्रकार गुथिको वर्तमान स्वरुप खडा गरिराखेको पाईन्छ ।

### ४.१.१ एघारजना थकालिहरु :

थथु पुंई भित्रका मूख्य विहारमा प्रव्रजित भएका सर्वसंघ थथु पुंई अचागूमा प्रवेश गरिएको रोलक्रमको आधारमा ११ जना थकालिमा स्वत नियुक्ति हुन्छ । ११ जना थकालिमा नियुक्ति हुन व्यक्तिको उमेरलाई आधार मानिन्दैन । यदि थथु पुंई अचागुका दुईजना सर्वसंघमध्ये बढि उमेर भएको सर्वसंघ भन्दा पहिला कम उमेर भएको सर्वसंघ प्रव्रजित भएको छ भने थकालि हुने बेलामा कम उमेर भए पनि पहिला प्रव्रजित भएका सर्वसंघ नै थकालि हुन्छन् ।

थथु पुंई आचागूमा ११ जना थकालिहरु अधिकार प्राप्त पदाधिकारी हुन् । गुथि संचालनको व्यवस्थापनमा ११ जना थकालिहरुको मूख्य भूमिका रहेकोछ । गुथिको लागि आवश्यक नियमहरु ११ जना थकालिहरुको स्वीकृतिमा मात्र बनाइन्छ । गुथिमा कुनै पनि नयाँ कुराहरु गर्नु छ भने त्यसको निर्णय ११ जना थकालिहरुबाट गर्ने गरिन्छ । साथै गुथिमा कुनै विवाद आयो भने त्यसको समाधान ११ जना थकालिबाट नै गर्ने गरिन्छ । ११ जना थकालिको निणर्य सबै सर्वसंघले सहर्ष स्वीकार्छन् । यस अर्थमा थथु पुंई आचागूमा ११ जना

थकालिको भुमिका संचालकको रुपमा लिन सकिन्छ । थथु पुंई आचागूमा गरिने सम्पूर्ण पूजाहरुमा पनि गुरुजु (पुरोहित) को भूमिका ११ जना थकालिहरुबाट गर्ने गरिन्छ ।

### ४.१.२ सर्वसंघहरु (सदस्यहरु) :

थथु पुंई आचागूको सर्वसंघ हुनको लागि थथु पुंई भित्रको चारवटा मूख्य विहारहरुमध्येको कुनै विहारको सर्वसंघ हुनु पर्ने हुन्छ । गुथिमा प्रवेश गर्न ती विहारहरुमध्ये कुनै विहारमा प्रव्रजित भई "आचालुयेगु" र आ-आफ्नो पिथमा गई होमपिथ पूजा गरिसकेको हुनु पर्ने हुन्छ । उपरोक्त योग्यता भएका व्यक्ति थथु पुंई आचागुमा प्रवेश गर्नको लागि गुथिले बनाएको विधि तथा प्रकृया पूरा गर्नुपर्ने हुन्छ । सो विधि तथा प्रकृयालाई "आचा-लसु" भनिन्छ । गुथिमा प्रवेश गरिने सर्वसंघको परिवारहरु मिलेर आचा-लसु कार्यक्रमको व्यवस्थापन गरिन्छ । आचा-लसु अन्तर्गत गुथिमा प्रवेश हुन चाहने व्यक्तिहरुले गुथिका ११ थकालि लगाएत थथु पुंई आचार्य गुथि संरक्षण समितिको प्रतिनिधिलाई आफ्नो विहारमा निमन्त्रणा गरी "धलं दनेगु" पूजा गर्नुपर्ने हुन्छ । पूजाको लागि आ-आफ्नो घरमा नै पूजाभ ( पूजाथाली) तयार गरेर ल्याइन्छ । पूजाथाली तयार गर्ने क्रममा पूजाथालीमा आवश्यक मात्रामा रातो, पहेंलो टिका, अक्षता, फूल, धूप, दीप, दक्षिणा, नैवद्य, फलफूल, गाईको दूध र एउटा किसलि राखिन्छ । धलं दनेगु पूजाको लागि पूजा गरिने स्थानमा लिपपोत गरिन्छ । त्यसपछि पोताय (एक प्रकारको सेतो फुस्रो ढुंङ्गाको धुलो)ले  गुरुमण्डल बनाइन्छ । ११ जना थकालिहरुलाई आसन ग्रहण गराइन्छ । गुथिमा प्रवेश हुने व्यक्तिहरुलाई पनि जेष्ठताको रोलक्रममा पोतायद्वारा बनाइएको मण्डलको मुनि आसन विछ्याइ बसाईन्छ । पूजा गर्ने क्रममा सवैभन्दा पहिला जल आचमन लिइन्छ त्यसपछि पूजा संकल्प गरी गुरुमण्डल पूजा ( धलं दनेगु) गरिन्छ ।

पूजा सम्पन्न भए पछि थथु पुंई आचागूमा प्रवेशको कार्यक्रम हुन्छ । यसको लागि थथु पुंई आचागुमा सबैभन्दा पछि प्रवेश गरेका सवैभन्दा कम उमेरको सर्वसंघले जेष्ठ नवप्रवेशीको एउटा हात समाइन्छ । त्यस्तै जेष्ठ नवप्रवेशीले अर्को आफ्नो हातले आफुभन्दा

मुनिको नवप्रवेशीको एउटा हात समाइन्छ एवं प्रकारले जेष्ठताको रोलक्रममा लाइनलगाएर सवैभन्दा पछि गुथिमा प्रवेश भएका कम उमेर सर्वसंघले “थाय्पा द्यः” स्थापना गरी राखेको स्थानमा तानेर लगिन्छ । नवप्रवेशी सवैले थाय्पा द्यःलाई किसलि चढाएर दर्शन गरिन्छ । त्यसपछि थथु पुंई आचागूमा विधिवत प्रवेश भएको मानिन्छ । यसरी विधिवत थथु पुंई आचागूमा प्रवेश हुनेलाई “आचा-लसु” भनिन्छ । आचा-लसु पछि ११ जना थकालिहरु, समितिका प्रतिनिधि १ जना र नवप्रवेशी सर्वसघंहरुलाई नवप्रवेशीहरुको परिवारले गुलुपा ( पिण्डपात्र) दान गरिन्छ । गुलुपा दानपछि “धौ सगं”(दहिको सगुन) र “खें सगं” (अण्डा सगुन) दिइन्छ । त्यसपछि उपस्थित सवैलाई “तुच्चा”(जलपान) गराई आचा-लसुको कार्यक्रम सम्पन्न गरिन्छ ।

यसरि विधिवत प्रवेश गरेकाहरुलाई “सर्वसंघ” भन्ने गरिन्छ । सर्वसंघ शब्दले संघ प्रवेश गरेका व्यक्तिहरुलाई पनि जनाउँदछ भने सवै संघलाई पनि जनाउँदछ । सन्दर्भ अनुसार ठिक अर्थ बुझ्नुपर्ने हुन्छ । ती सवै सर्वसंघहरु थथु पुंई आचागूका सदस्य मानिन्छ ।

### ४.१.३ चारजना भरिंहरु :

थथु पुंई आचागूमा भरिंहरुले आवश्यक सामग्रीहरु बन्दोबस्त गरी भरिंकोठामा भण्डारण गरी भण्डारीको भूमिका निभाउने गर्दछन् । गुथिमा भरिंहरुले “पाला”को मूख्य सहयोगी भएर काम गर्ने गर्दछन् । यो वर्षको भरिं अर्को बर्षको गुथिको “पाला” हुन्छ । थथु पुंई आचागुको मूख्य दिनमा गरिने अन्तिम पूजा सम्पन्न भएपछि यो वर्षको भरिंहरुले अर्को बर्ष गुथि संचालन गर्ने पालो हस्तान्तरण गरेर लिन्छ ।

भरिंहरुमा पनि जेष्ठताको रोलक्रम छुत्याईएको हुन्छ । गुथिमा प्रवेश गरिएको रोलक्रमको आधारमा “न्हापाम्ह”(पहिलो), “ल्यूम्ह”(दोश्रो), “स्वम्हम्ह”(तेश्रो) र “प्यम्हम्ह”( चौठो) भरिं भनेर वर्गीकरण गरिएको पाइन्छ । त्यहि रोलक्रममा भरिंहरु अर्को वर्षको पाला बनिन्छ ।

## ४.१.४ चारजना पालाहरु :

गत वर्षको भरिं यो वर्ष पाला हुन्छ । गत वर्षको गुथिको मूख्य दिनमा गरिने अन्तिम पूजा सम्पन्न भएपछि सो वर्षको भरिंलाई गुथि गर्ने पालो दिइन्छ । गुथिमा प्रवेश गरेको रोलक्रमको आधारमा गुथि पालो आउने गर्दछ । पालाहरुमा पनि जेष्ठताको रोलक्रम छुत्याईएको हुन्छ । गुथिमा प्रवेश गरिएको रोलक्रमको आधारमा “न्हापाम्ह”(पहिलो), “ल्यूम्ह”(दोश्रो), “स्वम्हम्ह”(तेश्रो) र “प्यम्हम्ह”(चौठो) पाला भनेर वर्गीकरण गरिएको पाइन्छ ।

चारजना पालाहरुले गुथिमा चाहिने सम्पूर्ण पूजाको सामग्रीहरु (गुथिमा भएको बाहेकको) जोरजाम गर्ने र व्यहोर्ने गरिन्छ । साथै गुथिबाट अनुदान पाउने बाहेक गुथिको अन्य सम्पूर्ण खर्च पनि पालाहरुले नै दामासाहिरुपमा बेहोर्ने गरिन्छ । पालाहरुले गुथिको नियम परिधिमा रही गुथिको मूख्य जीम्मेवारी (व्यवस्थापन) गर्दछन् । यस अर्थमा यो गुथिमा पालाहरुलाई व्यवस्थापकको रुपा लिन सकिन्छ ।

## ४.१.५ च्यो भरिं :

“च्यो” नेवारी शब्द हो । यसको नेपालीमा अर्थ “नोकर” हो । भरिंको नेपालीमा अर्थ “भण्डारी” हो । यसरी अर्थ्याउने बेलामा यहाँ “च्यो भरिं” को अर्थ “भण्डारीको नोकर” हुन जान्छ । तर पुंई आचागूमा च्यो भरिंको अर्थ भण्डारीको नोकर भन्न खोजिएको हैन । यहाँ च्योभरिंको अर्थ भरिंको सहयोगी हो । च्यो भरिंले भरिंलाई आवश्यक सहयोग गर्ने गरिन्छ । अनुसन्धानको दौरानमा पुंई आचागूको विलः(निर्णय पुस्तिका) तथा थथुप्वीं आचार्य गुथि संरक्षण समितिको निणर्य पुस्तिकामा च्यो भरिंको व्यवस्था भएको देखिएन तर थथुप्वीं आचार्य गुथि संरक्षण समितिको ने.स. ११३१ (वि.सं. २०६७) मा प्रकाशित बार्षिक प्रतिवेदनमा पालाहरुले गर्नु पर्ने कार्यको एक नम्वर बुंदामा “पचिं छ्याइकुन्हु ११ म्ह थकालि, पाला, भरीं च्यो भरीं, समिति व उप समितिया दुजः पिं सकसितं सतेमागु जुल ।” भनेर उल्लेख भएकोले थथु पुंई आचागुमा च्यो भरिंको व्यवस्था ने.स. ११३२ (वि.सं. २०६८) सालको गुथिदेखि मात्र भएको देखिन्छ । किन भने संरक्षण समितिको प्रतिवेदन गुथिको दिन

मात्र प्रकाशित हुने भएकोले सो प्रतिवेदनमा उल्लेखित गुथिमा गर्नुपर्ने नयाँ कार्यहरु भनेको अर्को वर्ष गर्नुपर्ने कार्य हुन जाने भएकोले ने.सं. ११३१ मा प्रकाशित प्रतिवेदनले ११३२ को गुथिको लागि व्यवस्था गरिएको भन्ने बुझिन्छ ।

## ४.१.६ थथुप्वीं आचार्य गुथि संरक्षण समिति :

"थथुप्वीं आचार्य गुथि संरक्षण समिति" थथु पुंई आचागूलाई समय अनुसार सुधार गर्दै संरक्षण र सहयोग गर्ने उद्देश्यले स्थापना भएको हो । गुथिमा रहेको विलः अनुसार थथुप्वी आचार्य गुथि संरक्षण समितिको नामबाट समिति बन्नु अगाडि ध्वाकाबाहालका पूर्णवज्र र वीरवज्रको गुथि पालोमा ल्याः स्वयेगु दिन ने.सं. १११८ फाल्गुन शुक्ल चतुर्दशी(वि.सं. २०५४ फाल्गुन २७) शनिवारको दिन आचागूलाई व्यवस्थितरुपमा संचालन गर्न, व्यक्तिको नाममा बैकमा रहेको रकम गुथिको नाममा बैकमा खाता खोली सो रकम गुथिको खातामा राख्न र गुथिको कार्य रेखदेख गर्न झ्वाबाहाल बाट अनार रत्न र दुर्गामानन्द, ध्वाकाबाहालबाट रेवरत्न र जगतरत्न, क्वाबाहालबाट प्रकाशरत्न र रविरत्न र गंबाहाबाट शान्तहर्ष गरी ७ जना सदस्य राखी "प्वी आचागू सुधार समिति" स्थापना गरिएको देखिन्छ ।[34] पछि सोहि सुधार समितिलाई नाम परिवर्तन गरी वि.सं. २०५४ चैत्र २५ गते थथुप्वीं आचार्य गुथि संरक्षण समितिको नाम राखेको देखिन्छ । सो संरक्षण समितिमा सोहि ७ जना व्यक्तिहरुमध्ये बाटै अध्यक्षमा रेव रत्न बज्राचार्य, सचिवमा अनार रत्न बज्राचार्य, कोषाध्यक्षमा प्रकाश रत्न बज्राचार्य र सदस्यहरुमा जगत रत्न बज्राचार्य, रवि रत्न बज्राचार्य, शान्तहर्ष बज्राचार्य र दुर्गामानन्द बज्राचार्यलाई चयन गरिएको देखिन्छ ।

हाल अर्थात ने.सं. ११३४ (वि.सं. २०७०) को कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ६ जना सदस्य गरी जम्मा १० जनाको कार्य समिति रहेको छ । यो संरक्षण समितिले पुंई आचागूमा समय अनुसार आवस्यक सुधारको लागि ११ जना थकालिहरु

[34] प्वी आचागु सुधार समिति गठन भएको दस्तावेज परिशिष्ट - दस्तावेज नं (घ) हेर्नू होला ।

समक्ष सुझाव पेश गरी आवश्यक निर्णय गराउन सहयोग गर्ने गरिन्छ । संरक्षण समिति स्थापना भएपछि संरक्षण समितिको पहलमा पुंई आचागूमा समय अनुसार गरिएका परिवर्तणहरु निम्न बमोजिम रहेको छ ।

क) पालाहरुबाट गुथिमा आर्थिक भार व्यहोर्नु नपरोस भन्ने उद्देश्यले कोष खडा गर्न ने.सं. ११११९ (वि.सं. २०५५) देखि प्रत्येक सर्वसंघबाट रु १००/- "ल्हापं" उठाई कोष खडा गरिएको ।

ख) थथु पुंई आचागूमा सर्वसंघहरु बढ्दै गएकोले सवैले गुथिको पालो पाओस् र पालाको खर्च कम होस भन्ने उद्देश्यले ने.सं. ११२० (वि.सं.२०५६) को गुथि देखि गुथि पाला २ जना बाट ४ जना बनाइएको । सो समयमा पाला भएकाहरु निम्न सर्वसंघहरु हुन् ।

१) नरेन्द्र रत्न बज्राचार्य — झ्वाःबहाः

२) चन्द्र रत्न बज्राचार्य — क्वाःबहाः

३) धर्मदेव रत्न बज्राचार्य — क्वाःबहाः

४) विद्या रत्न बज्राचार्य — क्वाःबहाः

ग) गुथिमा अनुपस्थित सर्वसंघहरुलाई पनि "क्वा घासा"(भोज भाग) दिने भई रहेकोमा २०६० सालको गुथि देखि अनुपस्थितलाई क्वा घासा नदिने भनी बि.सं. २०६० साल माघ १५ गते वृहस्पतीबार बसेको बैठबाट निर्णय गरेको ।

घ) खासी पूजाको औचित्य नरहेको भनी बि.सं. २०६० साल माघ १५ गते वृहस्पतीबार बसेको बैठबाट खासी पूजा खारेज गर्ने निर्णय गरेको ।

ङ) पूजा गरिने थायपाहरुलाई सहयोगको लागि गुरुजुहरु आवश्यक भएको महशुस गरी २०६० साल माघ २७ गते मंगलबार बसेको बैठबाट पूजा उपसमिति बनाई ५ जना पदाधिकारी चयन गरिएको ।

### ४.१.७ पूजा उपसमिति :

यो थथुप्वीं आचार्य गुथि संरक्षण समितिको उपसमिति हो । यो उपसमिति थथु पुंई आचागूमा हुने पूजामा सहयोगी भूमिका निभाउने उद्देश्यले खडा गरिएको देखिन्छ । यो उपसमितिले हाल थथु पुंई आचागूको मूख्य गुथिको दिन हुने कलशार्चन, देशबलि पूजामा सहयोग गर्ने र पञ्चरक्षा पाठ गर्ने गरिआएको छ । त्यस्तै बेलुकीको "लोकोत्तर" र "शेषबलि पूजा"मा सहयोग गर्नुको साथै "चर्या गीत" गाउने गरिआएको छ ।

## ४.२ थथु पुंई आचागूको वर्तमान संचालन

थथु पुंई आचागू हालसम्म पनि निरन्तररुपमा संचालन हुंदै आईराखेका छन् । वर्तमान समयमा चार दिनमा यो गुथि सम्पन्न गर्दै आइरहेको छ । ती चार दिनमध्ये पहिलो र दोश्रो दिन पूर्व तयारिका दिन, तेश्रो दिन मूख्य दिन र चौठो दिन समापनका दिन भन्न सकिन्छ । उपरोक्त चार दिनलाई क्रमश "पचिंम्हिचा छ्याइगु", "भरिं स्वनिगु", "पुंई आचागू" र "ल्या स्वइगु" भनिन्छ । उपरोक्त चारै दिनको विस्तारपूर्वक तल उल्लेख गरिन्छ ।

पुंई आचागू संचालनको क्रममा पालाहरुबाट सामुहिक रुपमा निमन्त्रणा पत्र छापिन्छ । सो निमन्त्रणा पत्रमा सर्वसंघका सदस्यहरुलाई गुथिमा उपस्थित भई दान ग्रहण गर्न, भोजन ग्रहण गर्न अनुरोध सहितको व्यहोरा लेखिएको हुन्छ । उक्त निमन्त्रणा पत्रमा गुथि हुने स्थान र गुथिको कार्यक्रम तालिका र कार्यक्रम हुने समय पनि उल्लेख गरिएको हुन्छ ।[35] यो निमन्त्रणा पत्र वितरण कुनै निश्चित दिनमै गर्नुपर्छ भन्ने नियम रहेको देखिन्दैन । सो निमन्त्रणा पत्र मूख्य गुथिको केहि दिन अगाडि प्रत्येक विहारको थायपाद्वार आफ्नो विहारका सर्वसंघलाई वितरण गर्ने गरिन्छ ।

[35] निमन्त्रणा पत्र परिशिष्ट - दस्तावेज (छ) १ ।

### ४.२.१ पचिंम्हिचा छ्याइगु :

पचिंम्हिचा छ्याइगु (दस्तावेज राखिएको थैली खोल्ने) गुथिको पहिलो दिन हो । यो फाल्गुन शुक्ल पंचमीको दिन गर्ने गरिन्छ । जेष्ठ पालाको विहारमा वा जेष्ठ पालाको विहारमा अनुकुल नभएमा चारजना पालाहरुको सहमतिमा स्थान र समय निर्धारण गरिन्छ । निर्धारित स्थान र समयमा चारजना पालाहरु सहित एघारजना थकालिहरु, चारजना भरिंहरु, चारजना च्योभरिंहरु र थथु पुंई आचागू संरक्षण समितिका सदस्य एघारजना र उपसमितिका सदस्यहरु पाँचजना मात्र बसेर पचिंम्हिचा छ्याईगु गरिन्छ ।

यस अन्तर्गत आवश्यक गुथियारहरुको उपस्थितिमा पचिंम्हिचा खोलिन्छ । पचिंम्हिचा भित्र रहेको "विलः" खोलेर गत वर्षको गुथिमा के कति सामान खरिद गरिएको छ अध्ययन गरिन्छ । यो वर्षको गुथिको लागि आवश्यक सामानहरु खरिदको लागि भरिंलाई सामानहरुको सूची सहित आवश्यक रकम समेत दिने गरिन्छ । साथै यो दिनमा गत वर्षको गुथिमा के के समस्या आइपर्यो त्यसको छलफल गरी यो वर्षको लागि गुथि संचालनको गुरु योजना पनि तयार गरिन्छ ।

पचिंम्हिचा खोल्ने कार्यपछि गुथिको लागि आवश्यक सामग्रीहरु भरिंहरुले खरिद गर्ने तथा जोरजाम गर्ने कार्य गरिन्छ । खरिद गरिएका सामानहरु भरिंकुठि (भण्डार कोठा) मा भण्डार गर्ने गर्दछ । तत्पश्चात फाल्गुन शुक्ल एकादशीको दिन भरिं स्वनेगु पूजा (भण्डार पूजा) गर्दछ ।

### ४.२.२ भरिं स्वनेगु :

भरिं स्वनेगु गुथिको दोश्रो दिन हो । यो फाल्गुन शुक्ल एकादशीको दिन गर्ने गरिन्छ । यो दिनलाई खासी पूजायायेगु (खासी पूजागर्ने) पनि भन्ने गरिन्छ । यो दिन गुथिमा प्रयोग हुने खाद्यान्न र पेय पदार्थहरु मध्ये केही निश्चित सामानहरु जस्तो - नांचा (एक प्रकारको माटोको भाँडो)मा राखेको प्याःथ्वं (एक प्रकारको जांड), कांचो मासु र पाँच प्रकारका

मसलाहरु (खुर्सानीको धुलो, धुलो नुन, जिराको धुलो, खाने तेल र अदुवा) लाई स्थापना गरी पूजा गर्ने गरिन्छ । यो दिन मूल थकालिले मूल गुरुजु (मूल पुरोहित) भएर पूजा गरिन्छ भने पालाहरु र भरिंहरु जजमान हुने गरिन्छ ।[36] भरिं स्वनेगु दिन चारजना पालाहरु, चारजना भरिंहरु, एघारजना थकालिहरु र समितिका सदस्यहरु मात्र उपस्थित हुने गरिआएको छ । भरिं स्वनेगु पूजा सम्पन्न भएपछि पूजामा उपस्थित सवैलाई जलपान गराउने व्यवस्था पालाहरुद्वारा गरिन्छ । भरिं स्वनेगु दिनको भोलि मुख्य गुथि मनाइन्छ ।

### ४.२.३ थथु पुंई आचागू (मूख्य दिन) :

भरिं स्वनेगु दिनको भोलि अर्थात फाल्गुन शुक्ल द्वादशीको दिन मनाइने थथु पुंई आचागूको तेश्रो दिन हो । गुथि भरिको सम्पूर्ण दिन नै थथु पुंई आचागू भएता पनि यस दिनलाई वर्तमानमा बोलीचालीमा “थथु पुंई आचागू” वा “पुंई आचागू” वा “आचागू” पनि भन्ने गरिन्छ ।

#### ४.२.३.१ निमन्त्रणा पूजा, कलशार्चन पूजा र देशबलि पूजा

विहान सबेरै पालाहरु कल: (एकप्रकारको पूजाथाली) मा आवश्यक पूजा सामग्री सहित किसली (माटोको पालामा चामल, सानो सिंगो सुपारी र सिक्का राखिएको) राखेर काठमाडौंको विष्णुमती माथि अवस्थित विजेश्वरी(विद्याधरी) मन्दिरमा जान्छ र विजेश्वरी देवीलाई पूजा गरेर विजेश्वरी द्यः सालाहयेगु (विजयेश्वरी देवी आब्हान) गरेर गुथि हुने स्थानमा ल्याउँछ । त्यसपछि पालाहरुबाट ११ जना थकालिहरुलाई “लिचायेकेगु”, “पादार्घ” (पाउ धोइ दिने) गरिन्छ ।[37] थकालिहरुलाई रोलक्रम अनुसार आसन ग्रहण गराइन्छ । आसन ग्रहणपछि मूल थकालिले मूलाचार्य भई कलशार्चन पूजा गरिन्छ ।[38] दोश्रो जेष्ठ थकालि (

[36] भरिंस्वनेगु पूजाको दृश्य परिशिष्ट - चि.फ. नं. (क) ३ ।
[37] पादाअर्घ गरिएको दृश्य परिशिष्ट - चि.फ. नं. (ख) ४ ।
[38] कलशार्चन पूजाको दृश्य परिशिष्ट - चि.फ. नं. (ग) २ र ३ ।

उपाध्याय)ले धलंदनेगु पूजा सहित देशबलि पूजा पनि गरिन्छ । अरु थकालिहरुले पनि धलं दनेगु पूजा र पूजा सम्पन्नपछि पंचरक्षा सूत्र पाठ गरिन्छ। देशबलि पूजाको कममा देशबलिमा पाँचजना थकालिहरुले छायृहायेके (पंचधाला हायेके) गरिन्छ । देशबलि पूजा सम्पन्न भएपछि सो बलिलाई पूजा गरिएको स्थान बाहिरदेखि नै न्यालोहं बाहिरको मूल बाटोमा छर्दै अन्तमा बाँकि रहेको बलिअघि पूजा गरिएकै स्थानको छत्रपालमा खन्याइन्छ ।[39] कलशार्चन र देशबलि पूजाको विषयमा गुथिमा गरिने पूजाहरु शीर्षक अन्तर्गत छुट्टै अध्यायमा चर्चा गरिनेछ । पूजा सिद्धियपछि पाला, पालाका परिवार तथा भरिंहरुबाट पूजा गर्नुहुने सम्पूर्ण थकालिहरुलाई गुरु पूजा गरिनुको साथै सामान्य दान प्रदान गरी थकालिहरुबाट टीका थापी प्रसाद ग्रहण पनि गरिन्छ । यसपछि मूख्य गुथिको पहिलो चरणको पूजा सम्पन्न हुन्छ । यो पूजाको लागि आवश्यक पूजाका सामग्रीहरु चारजना पालाहरुमध्ये पहिलो र दोश्रो पालाले बन्दोबस्त गर्ने गरिन्छ ।

### ४.२.३.२ दान प्रदान तथा भोजन

उपरोक्त विहानको पूजापछि दिउसो निर्धारित समयमा गुथिका सर्वसंघ (सदस्य)हरु गुथिहुने स्थानमा भेला भई रोलकम अनुसार आसन ग्रहण गरिन्छ । आसन ग्रहणपछि उपस्थित सम्पूर्ण सर्वसंघहरु सबैभन्दा पहिला त्रिरत्नको शरणमा गई दशपारमिता पाठ गरिन्छ । त्यसपछि चारैजना पालाहरुले उपस्थित सर्वसंघहरुलाई रोलकम अनुसार पालै पालो पूजा गरिन्छ। पूजा गर्ने कममा पालाले जल छर्केर अक्षताले पूजा गर्दै जान्छ। पालाका परिवार वा सहयोगीहरुले कमश एकजनाले बुढि औंलाले पहेंलो टिका, अर्कोले रातो टिका, अर्कोले फूल, अर्कोले रातो जजंका (काँचो धागोमा रातो रंङ्ग रंङ्गाएको माला विशेष) प्रदान गरिन्छ । सर्वसंघलाई पूजा गर्ने कार्य सम्पन्न भएपछि प्रत्येक पालाहरुले उपस्थित सर्वसंघहरुलाई दान ( अन्न र दक्षिणा) प्रदान गरिनुकोसाथै अनुपस्थित सर्वसंघलाई पनि अन्न र दक्षिणा भाग छुत्याउने गरिन्छ । मूख्य गुथिको पालाहरुको दान प्रदानपछि च्याः गुथि र मरि गुथिका

[39] देशबलिसम्वन्धी दृश्य परिशिष्ट - चि.फ. नं. (घ) ।

पालाहरुबाट पनि उपस्थित सर्वसंघहरुलाई पूजा गरिन्छ ।[40] पूजापछि उपस्थितहरुलाई दान प्रदान गरिनुकोसाथै अनुस्पथितको नाममा पनि भाग छुत्याइन्छ । अनुपस्थित सर्वसंघहरुको भाग सम्बन्धित सर्वसंघको परिवारका सदस्यहरुले लाने गरिन्छ ।

दान प्रदान कार्यपछि च्याः गुथिको तर्फबाट उपस्थित सबैलाई "सें च्याः" (हिमाली भेगमा खाने चिया जसलाई हिमाली भेगमा भाक्चुङ्ग भनिन्छ) पिलाइन्छ ।[41] हाल मरि गुथि बन्द भई सकेको छ । तर गुथिका एकजना सदस्यले दक्षिणामात्र भए पनि दान गर्दै आइरहेको छ । चिया गुथि र मरि गुथिको विषयमा सहायक गुथि शीर्षक अन्तर्गत छुट्टै अध्यायमा चर्चा गरिनेछ ।

चिया पिलाइसकेपछि गुथि तथा मूख्य गुथिको पालाहरुको तर्फबाट उपस्थित सर्वसंघलाई भोजन गराईन्छ । सर्वसंघहरुलाई भोजन गराईसकेपछि प्रत्येक पालाका ३० - ३० जना पाहुनाहरुलाई पनि भोजन गराईन्छ (वि.सं. २०७० को गुथिदेखि प्रत्येक पालाले ५० जनाका दरले पाहुना बोलाएर भोज खुवाउन सक्ने गरेको) । भोजनपछि सो दिनको गुथिको अर्को चरणको पूजा "लोकोत्तर पूजा" शुरु गरिन्छ ।

### ४.२.३.३ लोकोत्तर पूजा र शेषबलि पूजा :

भोजन पछि गरिने सो दिनको गुथिको बेलुकीको कार्य लोकोत्तर पूजा हो । यो पूजाको लागि आवश्यक पूजाका सामग्रीहरुको जोरजाम तेश्रो र चौथो नम्बरको पालाहरुले गरिन्छ । यो पूजामा ११ जना थकालिहरु, ४ जना पालाहरु, ४ जना भरिंहरु, समितिका सदस्यहरु र उपसमितिका सदस्यहरु उपस्थित हुने गरिन्छ । मूल थकालिले पुरोहित भएर पुजा गरिन्छ भने अन्य थकालिहरु तथा उपसमितिका सदस्यहरुले चर्यागीत गाउने गरिन्छ । लोकोत्तर पूजापछि शेषबलि पूजा गरिन्छ । मूल थकालिले शेषबलि पूजा गर्छन् । लोकोत्तर पूजा र शेषबलि

[40] सर्वसंघलाई पूजा गरिएको र दान प्रदान गरिएको दृश्य परिशिष्ट - चि.फ. नं. (ङ) ।
[41] सर्वसंघलाई चिया पिलाउन चिया राख्न गएको दृश्य परिशिष्ट - चि.फ. नं. (च) २ ।

पूजाको विषयमा गुथिमा गरिने पूजाहरु शीर्षक अन्तर्गत छुट्टै अध्यायमा चर्चा गरिनेछ । शेषबलि पूजापछि सो दिनको अन्तिम कार्य पा:बियेगु कार्य गरिन्छ ।

### ४.२.३.४ पा: वियेगु :

शेषबलि पूजा सम्पन्न भएपछि पा:वियेगु (अर्को वर्षको गुथि संचालनको लागि पालो हस्तान्तरण गर्ने) कार्य गरिन्छ । यस अन्तर्गत यो वर्षको जेष्ठ गुथि पालाले अर्को वर्ष गुथि संचालन गर्ने जेष्ठ पाला अर्थात यो वर्षको जेष्ठ भरिंको हातमा ५ टुक्रा छोयला र खाय् ( दहिमा अलिकति नुन र तेल मिसाइएको) राखिदिन्छ । एवंप्रकारले दोश्रो पालाले दोश्रो भरिं, तेश्रो पालाले तेश्रो भरिं र चौथो पालाले चौथो भरिंको हातमा ५ टुक्रा छोयला र खाय् राखिदिन्छ । त्यसपछि भरिंहरुले ती छोयला र खाय् हातमा राखेर “बाचा ल्हायेगु” गरिन्छ ।

### ४.२.३.५ वाचाल्हायेगु :

भरिंहरुले आफ्नो हातमा छोयला र खाय् राखेर यो वर्ष “जसरी अहिलेको पालाहरुले राम्रोसंग गुथि संचालन गर्नु भयो त्यस्तै मैले पनि अर्को बर्ष थथु पुंई आचागू अझ राम्रोसंग संचालन गर्न सकोस” भनेर ११ जना थकालिहरुको सामु वाचाल्हायेगु (प्रण) गरिन्छ । त्यसपछि हातमा रहेको खाय् र छोय्ला खाइन्छ । उपरोक्त वाचा ल्हायेगुलाई आधुनिक प्रचलन अनुसार “शपथ ग्रहण” भन्न सकिन्छ । वाचाल्हायेगु पछि “मतकायेगु” गरिन्छ ।

### ४.२.३.६ मतकायेगु :

वाचाल्हायेगुपछि मूख्य गुथिको अन्तिम कार्य मतकायेगु गरिन्छ । यस अन्तर्गत उपस्थित सवैलाई दाँया हातमा चामल राखिदिन्छ । हातमा रहेको चामलको माथि दीयो बालेर राखिन्छ र त्यसलाई धोगेर भूईंमा राखिन्छ । यो कार्य सम्पन्न भएपछि पालाहरुले

सबैलाई सुपारी र फूल दिइन्छ । त्यसपछि यो दिनको अर्थात यो वर्षको मूख्य गुथि समाप्त हुन्छ ।

### ४.२.४ फाल्गुन शुक्ल त्रयोदशीको दिन

फाल्गुन शुक्ल त्रयोदशीको दिन थथु पुंई आचागूमा निर्धारित समयमा सवैभन्दा पहिला भरिंक्वकायेगु पूजा गरी झिक्ने कार्य गरिन्छ । त्यसपछि ल्याः स्वयेगु भनेर यो वर्षको गुथिमा भएको आम्दानी र खर्चको हिसाव गरेर आउँदो वर्षको पालालाई बाँकि नगद तथा जिन्सीसामान हस्तान्तरण गर्ने गरिन्छ । अन्तमा द्यः सवनेगु भनेर आउँदो वर्षको पालाको घरमा गुथिको सामानहरु पुर्याउन जाने कार्य गरिन्छ । जसको विस्तृत विवरण तर उल्लेख गरिन्छ ।

#### ४.२.४.१ भरिं क्वकायेगु(भरिं थनेगु) :

फाल्गुन शुक्ल त्रयोदशीको दिन निर्धारित समयमा भरिं क्वकायेगु भनेर भरिं स्वनेगु दिन विधिवत रुपमा स्थापना गरिएका सामग्रीहरु विधिवत रुपमा पूजा गरी झिक्ने कार्य गरिन्छ अर्थात विसर्जन गर्ने गरिन्छ । यसलाई भरिं थनेगु पनि भनिन्छ । यस दिन मूल थकालि पुरोहित भई भरिंक्वकायेगु पुजा गरिन्छ ।[42] यो दिन थकालिहरु, पालाहरु, भरिंहरु र समितिका सदस्यहरु मात्र उपस्थित हुने गर्दछ ।

#### ४.२.४.२ ल्याः स्वयेगु :

भरिं क्वकायेगु कार्य सम्पन्न भएपछि त्यहिदिन थकालिहरु र समितिका सदस्यहरुको रोहवरमा ल्याःस्वयेगु कार्य गरिन्छ । यस अन्तर्गत यो वर्षको गुथिमा भएको प्रगती र कमीकमजोरिको बारेमा छलफल गरिन्छ । यो वर्ष के के कुरामा के कति खर्च भयो, कहाँबाट

कति आम्दानी भयो भनी पालाहरु तथा भरिंहरुद्वारा पेश गरिएको आम्दानी खर्चको विवरणमा छलफल भई त्यसलाई पारित गरिन्छ । यो वर्ष गुथिमा कुनै सम्पत्ति थपिएको छ भने त्यसको पूर्ण विवरण, यो वर्षको प्रगति विवरण, आयव्ययको विवरण र अर्को वर्ष कुनै गुथिमा नयाँ कार्य गर्नुपर्ने देखिएको छ भने त्यसको विवरण विलःमा लेख्ने गरिन्छ ।[43] त्यसपछि यो वर्षको पालाहरुले अर्को वर्षको पालाहरुलाई गुथिको सम्पत्तिहरु रुजु गर्दै बुझाउने कार्य गरिन्छ । त्यसपछि विलःलाई पचिंम्हिचा भित्र राखेर लाहाछाप राखी सिलबन्दी गरिन्छ । पचिंम्हिचा तथा गुथिका जिन्सीसामानहरु सन्दुक भित्र राखी सन्दुकलाई ताला लगाई बन्द गरिन्छ । त्यसपछि सो सन्दुक अर्कोवर्ष गुथि संचालन गर्ने जेष्ठ पालाको घरमा पुर्याउने कार्य गरिन्छ जसलाई "द्यः सःवनेगु" भनिन्छ ।

### ४.२.४.३ द्यः सःवनेगु :

ल्याःस्वयेगु कार्य सम्पन्न भएपछि गुथिका सम्पूर्ण सम्पत्तिहरु अर्को वर्षको पालाहरुलाई जिम्मा लगाईन्छ । सो सम्पत्ति भएको सन्दुक अर्को वर्षको जेष्ठ पालाको घरसम्म पुर्याउन जाने कार्य गरिन्छ । ल्याः स्वयेगु कार्य गरेको स्थानबाट अर्को वर्षको जेष्ठ पालाको घरसम्म सो सम्पत्ति पुर्याउन जाने क्रममा दुईजना गुथियारले सन्दुक बोक्छन् । एकजना पालाले प्याःथ्वं भएको नांचा, अर्को पालाले खाय् भएको माटोको गुलु, अर्को पालाले छोय्ला भएको पाःचा समाउन्छन् । उपस्थितमध्ये एकजनाले डमरु बजाउँछ भने थकालिहरु लगाएत अरु सवैजनाले धूप बालेर स्वस्ति बाक्य पाठगर्दै जान्छन् ।[44] जेष्ठ पालाको घरमा पुगेपछि पालाहरुको तर्फबाट आगन्तुक सवैलाई जलपालन गराइन्छ । त्यसपछि यो वर्षको थथु पुई आचागू सम्पन्न हुन्छ ।

[42] भरिं ब्क्वकागु पूजाको दृश्य परिशिष्ट - चि.फ. नं. (छ) २ ।
[43] ल्याःस्वगु दृश्य परिशिष्ट - चि.फ. नं. (ज) १ ।
[44] द्यः सवंगु दृश्य परिशिष्ट - चि.फ. नं. (ज) २ ।

## पाँचौं अध्याय

# थथु पुंई आचागूका सहायक गुथिहरु

थथु पुंई आचागू संचालनको दौरानमा थथु पुंई आचागूकै केहि सर्वसंघहरुबाट अरु केहि गुथिहरु पनि संचालन गरी थथु पुंई आचागूमा सहयोगीको भूमिका निभाई रहेको देखिन्छ। त्यसैले ती गुथिहरुलाई थथु पुंई आचागूको "सहायक गुथि" भनेर भन्न सकिन्छ। ती सहायक गुथिहरुका तर्फबाट मूख्य गुथिको दिन सर्वसंघहरुलाई पूजा गर्नुको साथै तयारी खाद्य तथा पेय सामग्रीको साथै अन्न तथा दक्षिणा पनि दान प्रदान गर्ने गरिन्छ। ती सहायक गुथिहरुको विषयमा र ती गुथिहरुबाट हुने कार्यहरु बारेमा निम्नानुसार उल्लेख गरिन्छ।

### ५.१ च्यागू :

थथु पुंई आचागूको सहायक गुथिहरुमध्येको एउटा गुथि च्यागू (चिया गुथि) हो। यो गुथिमा हाल ५ जना गुथियारहरु मात्र रहेका छन्। यो गुथिको पचिंम्हिचा तथा केहि जिन्सी सामान रहेको "कन्तुर" हराएको जानकारी गुथियारहरुबाट प्राप्त भएकोले यो गुथि कहिले र कसले स्थापना गरिएको भनेर गुथियारहरुबाट यकिन साथ भन्न सकिने अवस्था रहेन। गुथिमा रहेको पित्तलको २ वटा चियादानीमा "सं १०२९ मिति फागुन सुकु १२ रोज ४ या दिनय न्याल्होथ आचार्य गुठिया च्या गुथी स भ्वा वाहालया बज्राचार्या जितामुनिनं लिलया खोतिग्व २ प्रिति" अंकित गरिएको र अर्को चियादानीमा "सं १०५२ फागु सु १२ रो २ या दिन" अंकिट गरिराखेको पाइएकोले यो गुथि विगत १०० वर्ष भन्दा अगाडि नै स्थापना भई सकेको अनुमान गर्न सकिन्छ।

च्याःगुबाट पुईं आचागूको दिन उपस्थित सवै सर्वसंघहरुलाई पूजा गरेर दान प्रदान गरी सेंच्या (तिब्वती चिया जसलाई भाक्चुङ्ग भनिन्छ) खुवाइन्छ। च्याःगुबाट गुथिमा उपस्थित तथा अनुपस्थित गुथिका सर्वसंघहरुलाई चिउरा दान गर्ने गरेकोमा हाल गुथिको आयस्ताको

अभावले गर्दा चिउराको सट्टा प्रत्येक वर्ष मुख्य गुथिलाई नै एकमुष्ट रकम रु. २०००/- प्रदान गरिआएको छ । यस गुथिमा हाल पचिंम्हिचा छ्यायेगु, च्याःत्वंकेगु र ल्याःस्वयेगु गरी ३ दिन सम्म गुथि मनाउने गर्दै आइरहेको छ ।

### ५.१.१ पचिंम्हिचा छ्याइगु :

पचिंम्हिचा छ्याइगु च्याःगूको पहिलो दिन हो । यो दिनमा गुथियारहरु उपस्थितिको लागि च्याःगू पालाले २-३ दिन अगाडि नै समय र स्थानको जानकारी गराइन्छ । निर्धारित समय र स्थानमा सम्पूर्ण गुथियारहरुको उपस्थितिपछि पचिंम्हिचा भित्र रहेको विलः खोलेर हेरिन्छ । च्याःगूको लागि आवश्यक सामग्री र त्यसको परिमाण विलबाट उतार गरेर लिएर सामान खरिद गर्नको लागि पालालाई दिइन्छ । यदि यो वर्ष कुनै नयाँ कुरा गुथिमा गर्नुपर्ने कुराहरु विलमा उल्लेख गरिराखेको छ भने त्यसबारे छलफल गरी सो नयाँ कुरा गर्ने नगर्ने टुंगो लगाइन्छ । त्यसपछि पालाको तर्फबाट उपस्थित गुथियारहरुलाई जलपान गराई पचिंम्हिचा छ्यायेगु कार्य सम्पन गरिन्छ । पचिंम्हिचा छ्यायेगुपछि सामान खरिद गर्नको लागि दिइएको सूची बमोजिम सामान खरिद गर्ने कार्य गरिन्छ । च्याःगुमा चिया पकाई खुवाउनको लागि आवश्यक सामग्रीहरु निम्न बमोजिम रहेकोछ ।

१) सेंच्याः (भाक्चुङ्ग)
२) खुवा
३) धिका नून
४) नेपाली घ्यू
५) बटर
६) दुध
७) पानी
८) चिया राख्ने कप वा तग्वगु सली (मातोको ठूलो पाला)
९) चिया छान्न(पोको पार्न) पाटलो कोराकपडा
१०) चिया पकाउने भाँडो
११) इन्धन

### ५.१.२ च्याःत्वंकेगु (च्याःगू) :

च्याःत्वंकेगु च्याःगूको दोश्रो दिन हो । पुंई आचागूको विहानको पूजा सम्पन्न भएपछि च्याःगुका सवैजना सदस्यहरु उपस्थित भएर सें च्याः पकाउने कार्य गरिन्छ ।[45] उपस्थित च्याःगूका सदस्यहरुलाई पालाले जलपान गराईन्छ । दिउसो निर्धारित समयमा पुंई आचागूका सर्वसंघहरु उपस्थित भइसकेपछि मूख्य गुथिका पालाहरुले उपस्थित सर्वसंघहरुलाई पूजा र दान प्रदान गरिन्छ । त्यसपछि च्याःगुका तर्फबाट उपस्थित सम्पूर्ण सर्वसंघहरुलाई पूजा गरिन्छ ।[46] पूजा गरिने क्रममा जेष्ठ गुथियारले सर्वसंघहरुलाई जलधारा वर्षाउँदै चामल पुज्दै जान्छन् । त्यसको पछि पालाले कोटः समाएर सर्वसंघलाई चामलले पुज्दै जान्छन् । बांकि गुथियारहरुमध्ये एकजनाले बुढिऔलाले पहेंलो टिका, एकजनाले रातो टिका लगाई दिन्छ । त्यस्तै एकजनाले फूल दिन्दैजान्छ भने अर्कोले रातो जजंका दिन्दैजान्छ । पालाको परिवारले गुलपा र दक्षिणा दान गर्दैजान्छ ।[47] गुथिमा अनुपस्थित सर्वसंघको नाममा पनि निजको प्रतिनिधिलाई गुलपा र दक्षिणा भाग दिने गरिन्छ । दान प्रदान कार्यपछि उपस्थित सम्पूर्ण व्यक्तिहरुलाई सें च्याः खुवाइन्छ । त्यसपछि च्याःगूको आजको कार्य सम्पन्न हुन्छ ।

### ५.१.३ ल्यास्वयेगु :

ल्यास्वयेगु कार्य फाल्गुन शुक्ल त्रयोदशीको दिन गरिन्छ । हाल ल्यास्वयेगु कार्य फाल्गुन शुक्ल द्वादशी पछिको पहिलो शनिवार गर्ने गरिन्छ । यो दिनमा गुथियारहरु उपस्थितिको लागि पालाले पहिला नै समय र स्थानको खवर गरेको हुन्छ । निर्धारित समयमा सम्पूर्ण गुथियारहरु उपस्थिति भई सकेपछि पालाले गुथिमा भएको खर्चको विवरण पेश गरिन्छ । द्वादशीको दिन सम्पन्न गुथिको बारेमा छलफल गरिन्छ । यो वर्षको गुथिमा कुनै कमीकमजोरी भएको छ भने त्यो कुरा तथा अर्को वर्ष गर्नुपर्ने कुनै नयाँ कुरा छ भने त्यो

---

[45] सेंच्या पकाइएको दृष्य परिशिष्ट - चि.फ. नं. (च) १ ।
[46] सर्वसंघलाई पूजा गरिएको दृष्य परिशिष्ट - चि.फ. नं. (ङ) १ ।

[47] सर्वसंघलाई दान प्रदान गरिएको दृष्य परिशिष्ट - चि.फ. नं. (ङ) ३ ।

निर्णय पुस्तिकामा लेखिन्छ । पालाले गरेको यस वर्षको खर्चको सोधभर्नाको लागि गुथियारहरुको तर्फबाट केहि मात्रामा ल्हापं (दामासाही रुपमा केहि रकम) उठाइन्छ । ल्हापं उठाइ सकेपछि त्यसमा गुथिको तर्फबाट थप गरेर पालालाई सोधभर्ना दिइन्छ । गुथिमा जति रकम खर्च भए पनि गुथिको तर्फबाट पालालाई हाल एकमुष्ट रकम रु. ५०००/- दिने गरिआएको छ । पहिला पहिला च्या:गुको तर्फबाट गुथिको दिन चिउरा पनि दान गर्दै आइएकोमा आयस्ताको अभावको कारणले गर्दा केहि वर्ष पहिलेदेखि चिउरा दान नगरिकन चिउराको बापट मुख्य गुथिलाई एकमुस्त रकम रु. २०००/- दान दिई आएकोछ । आजकै दिन सो रु. २०००/- पुंई आचागूलाई दिनको लागि रकम छुत्याउने गरिन्छ । त्यसपछि निर्णय पुस्तिकामा यस वर्षको आम्दानी र खर्चको हिसाब लेख्ने गरिन्छ र त्यसपछि अर्को वर्ष च्या:गु संचालन गर्ने पाला को हुने हो त्यसको जानकारी पनि गराइन्छ । कुन वर्ष, को पाला हुने हो त्यो निणर्य पुस्तिकामा पहिला नै लेखिराखेको हुन्छ । अन्तमा गुथियारहरुलाई पालाको तर्फबाट जलपान गराईन्छ । जलपालनमा सतुग्वारा (भुतेको गहुंको पिठोमा घ्यू, चिनी र पानी राखी मुछेर बनाइएको) अनिवार्यरुपमा राख्नुपर्ने नियम रहेकोछ । जलपानपछि यो वर्षको च्या:गुथि सम्पन्न हुन्छ ।

## ५.२ मरिगू

मरिगू हाल बन्द भई सकेको छ । बन्द भई सकेको कारणले मरिगूसंग सम्वन्धित व्यक्तिहरुले सो गुथि कहिलेदेखि शुरु भएको र यसको दाता को हो भनेर यकिन साथ भन्न सकेको छैन । पचिंम्हिचामा रहेको सम्वत १०३२ को पाण्डु लिपिको पेज नं ८ मा “तले पूजाया कण्ठ ॥ न्हापां कुलागुठया पूजा ॥ च्या गुठया पूजा क्रमथ्यं कुलागुठयागु अयला म्हधिचिपंथियेे ॥” उल्लेख भएको छ । यस पाण्डुलिपिमा “च्यागुठ” भनेर च्या:गूको पनि उल्लेख भएको तर मरिगूको उल्लेख भएको छैन । “कुलागुठ” भनेर उल्लेख भएकोले कुलागुठ भनेकै मरिगू हुन सक्ने सम्भावना देखिन्छ । साथै मरिगूमा मरि(तेलमा पकाएको रोती) दान गर्नुको साथै अय्ला (रक्सि) पनि खुवाउने गरेको र त्यस पाण्डुलिपिमा “क्रमथ्यं कुलागुठयागु

अयला म्हधिचिपंधिये" लेखिएको हुनाले पनि कुलागुठ भनेकै मरिगू हुनसक्न देखिन्छ । यदि कुलागुठ नै मरिगू हो भने यो गुथिको उल्लेख ने.सं. १०३७ दस्तावेजमा उल्लेख भएको हुनाले यो गुथि आज भन्दा १०५ वर्ष अगाडि नै स्थापना भई सकेको अनुमान गर्न सकिन्छ ।

मरिगूका गुथियारहरुसंग मरिगूसम्वन्धी सोधपुछ गर्ने क्रममा मरिगू तीन दिनसम्म संचालन हुने जानकारी प्राप्त भयो । मरिगूको लागि गरिने कार्य, मरिगूको दिन गरिने कार्य र मरिगू पछि गरिने कार्य निम्न प्रकार रहेको छ ।

### ५.२.१ ज्याः सनेगु :

ज्याः सनेगु फाल्गुन शुक्ल एकादशीको दिन गरिन्छ । यो दिन मरिगूका गुथियारहरु निर्धारित समयमा पालाको घरमा  भेला भई स्वारी र माल्पा पकाउने कार्य गरिन्छ ।

### ५.२.२ मरि नकेगु (मरिगू) :

पुई आचागू हुने दिन अर्थात फाल्गुन शुक्ल द्वादशीको दिन पुंई आचागू संचालन हुने स्थानमा निर्धारित समयमा गुथिका सदस्य भेला हुन्छन् । पुंई आचागूका सर्वसंघहरुलाई पुंई आचागूका पालाहरुको तर्फबाट दान प्रदान कार्य सम्पन्न भएपछि मरिगूको तर्फबाट सम्पूर्ण सर्वसंघहरुलाई सवै गुथियारहरु सम्मिलित भई पूजा गरिन्छ । पूजापछि गुल्पा र दक्षिणा दान गरिनुको साथै स्वारि र माल्पा पनि दान गरिन्छ । गुथिमा अनुपस्थित सर्वसंघलाई पनि गुल्पा, दक्षिणा र स्वारि माल्पा भाग दिने गरिन्छ ।

### ५.२.३ पिण्ड थयेगु, पाःवियेगु :

फाल्गुन शुक्ल त्रयोदशीको दिन गुथिका सदस्यहरु विहान निर्धारित समयमा पालाको घरमा उपस्थित हुन्छन् । गुथिका सदस्य गंबाहाका सुजन बज्राचार्यका अनुसार यो दिन कुश

पूजा र मरिगूको दाताको नामबाट दूईवटा पिण्ड थयेगु (पिण्ड दान गर्ने) गरिन्छ । पूजा सिद्धियपछि समयबजी (जलपान) खाइन्छ । समयबजी खाइसकेपछि ल्याःस्वयेगु (गुथिको हिसाव किताब) गरिन्छ । ल्याःस्वयेगु कार्यपछि भोज खाइन्छ । भोज खाइसकेपछि अर्को वर्ष गुथि संचान गर्नको लागि पालो हस्तान्तरण गरिन्छ । यस अन्तर्गत अर्को वर्ष गुथि संचालन गर्ने पालो लिने ब्यक्तिलाई अको वर्ष गुथि संचालनको लागि वाचा गराई पाःब्व (भोजनो भाग) दिइन्छ । त्यसपछि यो वर्षको मरिगूको सम्पूर्ण कार्य सम्पन्न हुन्छ ।

# छैटौं अध्याय

# थथु पुंई आचागूमा गरिने पुजाहरु

थथु पुंई आचागू संचालन गर्ने क्रममा प्रत्येक दिन पूजा पनि गर्ने गरिन्छ । प्रत्येक पूजा आफैमा महत्वपूर्ण रहेको देखिन्छ । थथु पुंई आचागूको गुथि भरी निम्न पूजाहरु गर्ने गरिन्छ ।

## ६.१ भरिंस्वनेगु पूजा :

थथु पूंई आचागू संचालनको कममा "भरिं स्वनेगु पूजा" गरिन्छ भन्ने कुरा अगाडि उल्लेख भईसकेको छ । शोधकार्यको दौरानमा उक्त पूजा अवलोकन गर्ने मौका पाएको थिऐं । उक्त अवलोकनको आधारमा भरिंस्वनेगु पूजाको एक झलक उल्लेख गरिन्छ ।

(गुथिको लागि आवश्यक खानेकुराको व्यवस्था गर्ने जिम्मा क्याटरिङ्गलाई दिइएको हुनाले भरिंस्वनेगु पूजा गरिएको स्थानमा कुनै खाद्य सामग्रीहरु भण्डार गरिएको देखिएन ।)

भरिं स्वनेगु पूजा फाल्गुन शुक्ल एकादशीको दिन दिउसो निर्धारित समयमा गरिन्छ । पूजा गर्ने कोठा सरसफाई गरी गोवर मिसाईएको रातो मातोले भूईं लिपपोत गरी शुद्ध गरिन्छ । भूंई सुकेपछि बस्नकोलागि सुकुल, चकटि आदि आसन विछाइन्छ । पूजाको लागि आवश्यक सामग्री भरिंहरुद्वारा व्यवस्था गरिन्छ । पालाका परिवारहरुले "पूजाभ" (पूजाथाली) तयारी गर्दछन् । गुरुजुले पोताय (एक प्रकारको सेतो फुस्रो ढुंङ्गाको धुलो)बाट पूजासंग सम्वन्धित मण्डः(मण्डल)हरु लेख्दछन् । गुरुमण्डल, रत्नमण्डल र समाधिमण्डल बाहेक अरु मण्डलको माथि एक दुई मुट्ठी "सरुवा" (केहि मात्रा चामल मिसाइएको धान) वा चामलमात्र राख्दछन् । पूजा अवलोकनको कममा मण्डलमाथि चामल राखिएको पाइयो । त्यसमाथि आवश्यक पूजा गरिने सामग्रीहरु राख्दछन् । यति सकेपछि पूजा मण्डप तयार भएको मानिन्छ

। यसरी पूजा मण्डप तयार गर्नुलाई "थापके याये" (यथा यथा स्थानमा यथा यथा पूजा सामग्रीहरु स्थापना गर्नु) भनिन्छ । पूजा मण्डप तयार भएपछि पूजा शुरु गरिन्छ ।

सर्वप्रथम मूल थकालिले शंखमा रहेको जल आचमन गर्नु हुन्छ । सुकुन्दा (दीप) बाल्नु हुन्छ । धूप पनि बाल्नु हुन्छ । त्यसपछि सवैलाई जल आचमन दिइन्छ । पानी भएको करुवा वा टाँप (पानी राख्ने भाँडो)मा पूजाथाली राखी जेष्ठ पाला (पालाहरुमध्ये जेष्ठ ब्यक्ति)लाई समाउन लगाइन्छ । उपस्थित सवैले पनि भ्याउनेले पूजाभ नै छुन्छन्, नभ्याउनेलेहरुले पूजाभ छोएको व्यक्तिहरुको शरिर मात्रै भए पनि छोएर बस्छन् । यस्तो गर्नुलाई "पूजाभ थियेगु" भनिन्छ । गुरुजुले घण्ट बजाएर वाक्य पाठ गरी पूजा शुभारम्भ गरिन्छ । यस्तो गर्नुलाई "पूजा संकल्प" भनिन्छ । पूजा संकल्पपछि उपस्थित सवैले चामल धोगेर गुरुजुलाई दिइन्छ र गुरुजुले बज्र समाई वाक्य पढेर सो चामल लिई पूजाथालीमा राखिन्छ । त्यसपछि गुरुजुले क्रमश गुरुमण्डल पूजा र रत्नमण्डल पूजा गरिन्छ । त्यसपछि सिन्हमू पूजा गरिन्छ । सिन्हमू पूजा अन्तर्गत गुरुजुले "म्ह सिन्हमू" (फुस्रो सिन्दुर भएको टिका दानी)लाई गुरुमण्डलमा राखेर आवश्यक पूजा गरिन्छ । पूजाको क्रममा बज्र, घण्टले सिन्हमूलाई छोएर बाक्य पढिन्छ र त्यो सिन्हमू "थकालिनकीं" (जेष्ठ पालाको जहान)लाई दिइन्छ । थकालिनकींले स्थापना गरिएका सवै देवताहरु तथा सामानहरुलाई अक्षताले पूजा गरिन्छ । सिन्हमूलाई दायाँ हातले समाएर बाँया हातको अंगुठि औंलाले देवता तथा स्थापना गरिएका सामानहरुलाई सिन्हमूको टिका लगाइदिइ फूल चढाइन्छ । त्यसपछि थकालिनकींको औंलामा रहेको टिका गुरुजु लगाएत सबैले लगाउन्छ । सिन्हमू गुरुजुलाई फिर्ता दिइन्छ । सिन्हमू पूजापछि मोहनी फयेगु (अञ्जल साधन) पूजा गरिन्छ । यस अन्तर्गत गुरुजुले "सलि"(माटोको पाला)मा तेल दलेर गुरुमण्डलमा राखी आवश्यक पूजा गरिन्छ । पूजा गरिसकेपछि सलिमा रहेको फूल, अक्षतालाई झिकेर सलिको पछाडीको भागमा राखिन्छ । त्यसपछि सलि दाँया हातले समाएर मन्त्रजप गरिन्छ । मन्त्रजप गरिसकेपछि सलि थकालिलाई दिईन्छ । थकालिले सलि स्थापना गरिराखेको देवाता तथा सामानहरुलाई छुवाएर धोगिन्छ । गुरुजुले ईता(दीप) बालेर "माकचा" (कालोटिका बनाउन प्रयोग गरिने बाँदरको आकृती भएको वस्तु)मा राखिन्छ । त्यसपछि गुरुलाई रत्नमण्डल दोहल्पये (चढाउने) कार्य गरिन्छ जसलाई "किगतिने" भनिन्छ । किगतिने

अन्तर्गत जजमानद्वारा एउटा मण्डल लेख्न लगाईन्छ । त्यसमा गोजा राखेर जजमानद्वारा विधिवत पूजा गर्न लगाइन्छ । पूजा गरिसकेपछि सो मण्डल विसर्जन गर्नलगाई सो मण्डलमा रहेको पूजागरिएको सवै सामान उठाएर गुरुजुको अगाडिको मण्डलमा राख्न लगाईन्छ । त्यसपछि जजमानले अक्षता धोगेर गुरुजुलाई दिइन्छ । किगतिनेपछि गुरुजुले समाधिमण्डल पूजा विधिवत गरिन्छ । समाधिमण्डल पूजापछि स्थापना गरिएका धौपति(दहिराखिएको भाँडो), मसलाहरु, सुकुन्दा, अन्ति, खायेकोरिं र काँचो मासुलाई पूजा गरिन्छ । त्यसपछि मूख्य देवदेवीको रुपमा स्थापना गरिएको क्वंचालाई विधिवत पूजा गरिन्छ । क्वंचा पूजापछि "चाकपूजा" भनेर दिशा विदिशामा रहेका सम्पूर्ण देवताहरुलाई पूजा गरेको भावना गरी पूजा गर्दछन् । पूनः जजमानद्वारा एक मण्डल लेख्न लगाई त्यसमा गोजा राखी विधिवत पूजा गर्न लगाई उपस्थित सवैद्वारा किगतिने गराइन्छ । किगतिने कार्यपछि स्थापना गरिएको धौपति विसर्जन गरी कोटः (पूजाथाली)मा राख्न लगाइन्छ । थकालिनकींले पूजाथालीलाई दाँया हातले समाई स्थापना गरिएका देवता तथा सामानहरुलाई बाँया हातको अंगुठि औंलाले दहि चढाउन लगाइन्छ । यस कार्यलाई "धौपति छायेगु" तथा "सगं छायेगु"(सगुन चढाउने) भनिन्छ । सगुन चढाई सकेपछि थकालिनकींले पूजाथाली जेष्ठ पालालाई हस्तान्तरण गरिन्छ । जेष्ठ पालाले गुरुजु तथा अन्य थकालिहरुलाई टिका लगाइदिई, फूल दिएर पूजा गरिन्छ । त्यसपछि पूजाथाली गुरुजुलाई फिर्ता दिइन्छ । गुरुजुले पनि उपस्थित सवैलाई टिका लगाई दिन्छ । टिकाटालोपछि प्रसाद ग्रहण गरिन्छ । प्रसाद ग्रहणको लागि स्थापना गरिराखेको खाद्यसामग्रीहरुलाई आसनबाट नउठाई आवश्यकमात्रामा भिकेर प्रसाद ग्रहण गराइन्छ । प्रसाद ग्रहणपछि पूजा विसर्जन गरिन्छ र त्यो दिनको गुथिको कार्य सम्पन्न हुन्छ ।

## ६.२ मूख्य दिन( पुंई आचागू)मा गरिने पूजाहरु :

पुंई आचागू फाल्गुन शुक्ल द्वादशीको दिन गरिने कुरा माथि नै उल्लेख भईसकेको छ । यस शोधपत्रको लागि अनुसन्धानको दौरानमा थथु पुंई आचागूको दिन गरिने पूजाहरु

अवलोकन गर्न पाएको थिऐं । अबलोकनको आधारमा सो पूजाहरुको विवरण तल उल्लेख गरिन्छ । यो दिन निम्न पूजाहरु गर्ने गरिन्छ ।

१) विजेश्वरी देवीलाई निमन्त्रणा पूजा

२) कलशार्चन, देशबलि पूजा

३) लोकोत्तर पूजा

४) शेषबलि पूजा

## ६.२.१ विजेश्वरी देवीलाई निमन्त्रणा पूजा :

विहान सवेरै पालाहरु विजेश्वरी देवीलाई निमन्त्रणा पूजा गर्न काठमाडौंको विष्णुमती माथि अवस्थित विजेश्वरीमा जान्छन् । यो पूजाको लागि कलः (एकप्रकारको पूजाथाली) मा पूजा सामाग्रीहरुको साथमा किसली पनि राखेर लगिन्छ । विजेश्वरी देवीलाई पूजा गर्नेक्रममा किसली विजेश्वरी देवीलाई छुवाएर गुथिको पूजा हुने स्थानमा ल्याइन्छ । यसरी किसली ल्याउनेलाई "द्यःसालाहयेगु" (देवता शाधना गरेर ल्याउने) भनिन्छ ।

## ६.२.२ कलशार्चन र देशबलि पूजा :

यो पूजा गुथिको जेष्ठ पालाको विहारको क्वापाद्धें (गण्डकुटी रहेको घर) अगाडि गर्ने गरिन्छ । पूजा गर्ने स्थानमा गोवर मिसाइएको रातो मातोले लिपपोट गरिन्छ । बस्नको लागि आवश्यक सुकुल चकतीहरु विछ्याइन्छ । पालाहरुको परिवारको महिला सदस्यहरुले मिलेर पूजाको लागि आवश्यक पूजाथालीहरु तयार गर्ने गरिन्छ ।[48] यो पूजाको लागि पूजाथालीमा मासु प्रयोग गरिन्दैन । यो पूजामा ११ जना थकालिहरुको लागि ११ वटा नै पूजाथाली तयारी गर्ने गरिन्छ । गुथिमा आवश्यक मात्रामा पूजाथाली नभएकोले नपूग पूजाथालीको लागि लप्ते (लपेस)लाई पूजाथाली बनाइएको पाइयो । यो पूजा शुरु गर्न सवैभन्दा पहिला थकालिहरुलाई

लिचायेकेगु (पादार्घ) गरिन्छ । त्यसपछि गुथिको एकजना सदस्यले पूजाको लागि पोतायेले आवश्यक मण्डलहरु बनाउने गरिन्छ। मूल थकालि बाहेक अरु थकालिहरुको लागि पूजा गर्न एकै किसिमको मण्डल बनाइन्छ भने मूल थकालिले पूजा गर्न भिन्नै प्रकारको मण्डल बनाइन्छ ।[49] मण्डल बनाइसकेपछि मण्डलमाथि सरुवाचामल राखी पूजा गरिने सामानहरु स्थापना गरिन्छ ।[50] यस कार्यलाई "थापके याये" भनेर भनिन्छ भनी माथि नै उल्लेख गरिसकेको छ । मूल थकालिको गुरुमण्डल र रत्नमण्डलको माथि बाँयाबाट क्रमश धौपति, कलश र कथुप्वाचा (दीप) थापके गरिन्छ । त्यस्तै रत्नमण्डलको संगै गुरुजुको दाँया माथि देखि क्रमश पात्र र पञ्चगव्य थापके गरिन्छ । थापके गरेर पूजा मण्डप तयार गरिसकेपछि पूजा शुरु गरिन्छ ।

पूजा शुरु गर्ने क्रममा सर्व प्रथम थकालिहरुले शंखमा रहेको जल आचमन लिइन्छ । उपस्थित सवैलाई पनि आचमन दिइन्छ । सवैजना थकालिहरुले कठुप्वाचा (दीप) बालिन्छ । धूप बालेर पूजाथालीमा राखिन्छ । जेष्ठ पालाको हातमा मूल थकालि (गुरुजु)ले टिकाद्वारा स्वस्तिक चिन्ह लेखी विधिवत पूजा गरिन्छ । पालाद्वारा प्रतिमा देव, देवी, गूरुजुको घण्ट, बज्र आदि पूजा गराइन्छ । यस पूजालाई "सूर्याघ पूजा" भनिन्छ ।

सूर्याघ पूजापछि मूल थकालिको कोटः (पूजाथाली) पानी भएको पानीको भाँडो करुवा वा टाँफ माथि राख्न लगाई जेष्ठ पालालाई सो कोटः समाउन लगाइन्छ । उपस्थित सवैले पनि भ्याउनेले कोटः नै हातले छुन्छन् भने नभ्याउनेहरुले कोटः छोएका व्यक्तिहरुको शरिर मात्रै भए पनि छोएर बस्छन् । सवै थकालिहरुले घण्ट बजाएर वाक्य पाठ गरी पूजा संकल्प गरिन्छ ।

पूजा संकल्पपछि सवै जजमानले चामल धोगेर मूल थकालिको हातमा दिइन्छ । मूल थकालिले वाक्य पढेर लिएर कोटःमा राखिन्छ । सबै थकालिहरुले पहिला क्रमश गुरुमण्डल र

[48] पूजाथाली तयारी गरिएको दृश्य परिशिष्ट - चि.फ. नं. (ख) ३ ।

[49] पोतायबाट लेखिने मण्डहरुको दृश्य परिशिष्ट - चि.फ. नं. (ख) १ र २ ।

[50] मण्डलहरुमाथि पूजा गरिने सामाग्रीहरु राखिएको अवस्थाको दृश्य परिशिष्ट - चि.फ. नं. (ग) २ ।

रत्नमण्डल पूजा गरिन्छ । मूल थकालिले मन्त्रजप गरेर पञ्चगव्य शोधन गरी सबैलाई पञ्चगव्य दिइन्छ । [51]

पञ्चगव्य प्रदानपछि मूल थकालिले सिन्हमू पूजा गरिन्छ । यस अन्तर्गत मूल थकालिले म्हसिन्हमू (फुस्रो सिन्दुर भएको टिका) दानीलाई गुरुमण्डलमा राखेर आवश्यक पूजा गरिन्छ । पूजा सिद्धिएपछि बज्र र घण्टले सिन्हमूलाई छोएर वाक्य पाठ गरिन्छ । त्यसपछि सो सिन्हमू थकालिनकिंलाई दिइन्छ । थकालिनकिंले थापके गरिएका सवै सामग्रीहरु तथा देवतालाई अक्षताले पूजा गरेर सिन्हमूलाई दाँया हातले समाएर बाँया हातको अंगुठि(सांइली) औंलाले स्थापना गरिएका देवता तथा सामग्रीहरुलाई टिका लगाई फूल पनि चढाइन्छ । त्यस पछि थकालिनकिंको औंलामा रहेको टिका मूल थकालि, थकालि र थकालिनकिंले लगाइन्छ र सिन्हमू मूल थकालिले लिएर कोटःमा राखिन्छ । सिन्हमू पूजापछि गुरुलाई रत्नमण्डल दोहलपये(चढाउने कार्य गरिन्छ । जसलाई किगतिने पनि भनिन्छ । यस अन्तर्गत जजमानद्वारा एउटा मण्डल लेख्न लगाइन्छ । त्यसमा जजमानले गोजा राखेर पूजा गरिन्छ । पूजा गरिसकेपछि सो मण्डल विसर्जन गर्न लगाई सो मण्डलमा रहेको पूजागरिएको सवै सामान उठाएर गुरुजुको अगाडिको मण्डलमा राख्न लगाईन्छ । त्यसपछि जजमानलाई अक्षता धोगाई मूल थकालिले बज्र समाई मन्त्र पाठ गरेर लिन्छ । किगतिनेपछि गुरुजुले समाधिमण्डल पूजा विधिवत गरिन्छ । समाधिमण्डल पूजापछि स्थापना गरिएका धौपति(दहिराखिएको भाँडो), कलश र दीपको विधिवत पूजा गरिन्छ । जसलाई कलशार्चन पूजा भनिन्छ । कलशार्चन पूजापछि स्थापना गरिराखेको देवताको  विधिवत पूजा गरिन्छ ।

मूल थकालि बाहेक १० जना थकालिहरुले गुरुमण्डल र रत्नमण्डल पूजापछि स्थापना गरिराखेका कथुप्वाचा तथा पुस्तकको पूजा गरिन्छ । स्थापना गरिराखेको सामग्रीहरुको पूजापछि मूल थकालि पछिको थकालि (उपाध्याय गुरुजु) ले विधिवत देशबलि पूजा थाल्दछ ।

देशबलि पूजामा जजमानका रुपमा पालाहरुले नै गुरुजुको निर्देशन अनुसार कार्य गर्दछन् । गुरुजुले बलिमाला नामक पुस्तक हेर्दै विभिन्न देवताहरुका बलिमन्त्र पाठ गर्दै फूल

---

[51] पञ्चगव्य बनाउन प्रयोग गरिने सामानहरुको नाम परिशिष्ट नं २ पृ. ८९ ।

र अक्षता पात्रमा रहेको गाईको दुधमा दुवाई जजमानको हातबाट बलिमा राख्न लगाइन्छ । त्यसपछि "छाय् हायेकेगु" भनेर उपाध्याय गुरुजु मुनिका पाँचजना थकालिहरुलाई बलिको वरिपरि राखिएका अंप (टुति भएको एकग्रकारको भाँडा, जसमा मद्य (जाँड) राखिएको हुन्छ) समाउन लगाई बलिमा मद्यधारा राख्न लगाइन्छ ।[52] यो कार्य गर्दा गुरुजुले छाय्हायेके वाक्य भनेर विशेष वाक्य वाचन गर्दछ । वाक्य वाचन गर्न समाप्त भएपछि बाँकि सवै मद्य बलिमै खन्याइन्छ । त्यसपछि बलिमा पुष्पादि पूजा गरिन्छ । देशबलि पूजा सम्पन्न भएपछि बलि फाल्न जानेहरुलाई मात्र समयेबजि (च्यूरा) खुवाइन्छ । त्यसपछि दुईजनाले वलिलाई बोकेर पूजागरिएको स्थान बाहिरको बाटोदेखि थथु पुंईको शहरको सिमानाको बाटोमा छर्दै गएर पूजा गरिएको स्थानमा नै आउँछ ।[53] बलिमा बाँकि रहेको सवै पूजा गरिएको स्थानमा रहेको छत्रपालमा खन्याईन्छ ।

देशबलि फाल्न गएपछि मूल थकालिले "चाकपूजा" गराइन्छ । पूनः जजमानद्वारा एक मण्डल लेख्न लगाई त्यसमा गोजा राखी विधिवत पूजा गर्न लगाई उपस्थित सवैद्वारा किगतिने गराइन्छ । किगतिने कार्यपछि स्थापना गरिएको धौपति विसर्जन गरी कोटःमा राख्न लगाइन्छ । थकालिनकींले पूजाथालीलाई दाँया हातले समाई स्थापना गरिएका देवता तथा सामानहरुलाई बाँया हातको अंगुठि (साइंली) औलाले पूजाथालीमा भएको दहि चढाउन लगाइन्छ । यस कार्यलाई "धौपति छायेगु" तथा "सगं छायेगु"(सगुन चढाउने) भनिन्छ भनेर माथि नै उल्लेख भईसकेको छ । सगुन चढाइ सकेपछि थकालिनकींले पूजाथाली जेष्ठ पालालाई हस्तान्तरण गरिन्छ । जेष्ठ पालाले गुरुजु तथा अन्य थकालिहरुलाई टिका लगाइदिइ, फूल दिएर पूजा गरिन्छ । त्यसपछि पूजाथाली गुरुजुलाई फिर्ता दिइन्छ । त्यसपछि पाला, पालाका परिवार तथा भरिंहरुबाट पूजा गर्नुहुने सम्पूर्ण थकालिहरुलाई गुरु पूजा गरिनुको साथै सामान्य दान प्रदान गरी थकालिहरुबाट टीका थापी प्रसाद ग्रहण गरिन्छ ।

---

[52] छाय्हायेके गरिएको दृश्य परिशिष्ट - चि.फ. नं. (घ) २ ।

[53] देशबलि थथु पुंईको सीमानामा छर्न गएको दृष्य परिशिष्ट - चि.फ. नं. (घ) ३ ।

### ६.२.३ लोकोत्तर पूजा :

फाल्गुन शुक्ल द्वादशीको दिन सबै सर्वसंघहरुले भोजन गरिसकेपछि लोकोत्तर पूजा शुरु गरिन्छ । यो पूजा विहारको क्वापा छें वा गुथि भएको विहारमा रहेको पायक परेको कुनै घरमा गरिन्छ । पूजा गरिने स्थानमा लिपपोट गरिन्छ । लोकोत्तर पूजा एक प्रकारको गुह्य पूजा हो । गोप्यरुपमा गर्नुपर्ने पूजा भएकोले पूजा गरिने स्थानको झ्याल, ढोकामा पर्दा राखिन्छ । सर्वसंघलाई बाहेक अरुलाई यो पूजा हेर्न निषेधित छ । यो पूजामा थकालिहरु, पालाहरु र भरिंहरु सबैजना उपस्थित हुन्छन् । यसको अलावा थथुप्वीं आचार्य गुथि संरक्षण समितिका सदस्यहरु र उपसमितिका सदस्यहरु पनि उपस्थित हुन्छन् । यो पूजामा मूल थकालिले गुरुजु भएर पूजा गरिन्छ । यदि मूल थकालि विशेष कारणले उपस्थित हुन नसकेमा मूल थकालिको मूनिको थकालिले गुरुजु भएर पुजा गरिन्छ ।

यो पूजाको लागि आवश्यक पूजा सामग्रीहरु तेश्रो र चौठों पालाले बन्दोबस्त गरिन्छ । पूजा गरिने स्थानमा लिपपोट पछि पोटायले आवश्यक मण्डलहरु बनाइन्छ । मण्डलमाथि चामल वा सरुवाचामल राखेर आवश्यक सामग्री तथा देव देवी थापके गरिन्छ । पूजा मण्डप तयार भइसकेपछि पूजा संकल्प गरी पूजा सुरु गरिन्छ । लोकोत्तर पूजा अन्तर्गत क्रमश गुरुमण्डल पूजा, समाधि पूजा र मामकि (थापके गरिराखेको सामग्रीहरुको) पूजा गरिन्छ । त्यसपछि धूपनृत्य(विशेष प्रकारको मकलमा धूपको धूलो राखेर गरिने चर्या नृत्य) गरेर देव देवीको पूजा गरिन्छ । पूजागर्ने क्रममा थकालिहरु र उपसमितिका सदस्यहरुले पूजाको प्रत्येक चरण तथा क्रियाकलापमा सम्बन्धित “चचा” (चर्यागीत) गाइन्छ । देवता पूजापछि बाँकि गुह्य पूजा गरिन्छ । (गुह्य पूजा भएको हुनाले सो पूजाको विवरण उल्लेख गरिएको छैन) आवश्यक पूजापछि भोजन गरिन्छ । खाइसकेर बाँकि रहेको जुठो “पिखालुखु” र “छ्वास” मा फाल्न लगिन्छ । त्यसपछि मात्र लोकोत्तर पूजा सम्पन्न हुन्छ ।

## ६.२.४ शेषबलि पूजा :

पुंई आचागू दिनको अन्तिम पूजा शेषबलि पूजा हो । लोकोत्तर पूजा सिधिने विट्टिकै भोजन गरेको ठाउँलाई सफा गरेर शेषबलि पूजा शुरु गरिन्छ । (गुह्य पूजा भएको हुनाले सो पूजाको विवरण क्रियाकलाप उल्लेख गरिएको छैन) शेषबलि पूजाको क्रममा चर्यागीत गाउँदै चर्यानाच पनि गरिन्छ ।[54]

## ६.३ भरिं क्वकायेगु पूजा :

थथु पूंई आचागू संचालनको क्रममा “भरिं क्वकायेगु पूजा” गरिन्छ भन्ने कुरा अगाडि उल्लेख भईसकेको छ । शोधकार्यको दौरानमा उक्त पूजा अवलोकन गर्ने मौका पाएको थिएँ । उक्त अवलोकनको आधारमा भरिं क्वकायेगु पूजाको एक झलक उल्लेख गरिन्छ ।

फाल्गुन शुक्ल त्रयोदशीको दिन दिउसो निर्धारित समयमा यो पूजा गरिन्छ । फाल्गुन शुक्ल एकादशीको दिन भरिं स्वनेगु पूजा गरेर स्थापना गरिएका सामानहरु विधिवत पूजा गरेर क्वकायेगु (झिक्ने) काम गरिन्छ । मूल थकालिले भरिं स्वनेगु पूजा गरेको स्थानमा नै बसेर पुरोहित भएर पूजा गरिन्छ । यो पूजाको लागि सर्वप्रथम गुरुजुले पोतायबाट पूजासंग सम्वन्धित मण्डलहरु लेख्दछन् । गुरुमण्डल, रत्नमण्डल र समाधिमण्डल बाहेक अरु मण्डलको माथि एक दुई मुठ्ठी सरुवाचामल वा चामलमात्र राखदछन् । त्यसमाथि आवश्यक पूजा गरिने सामग्रीहरु स्थापना गरेर पूजा मण्डप तयार गर्दछन् । पूजा मण्डप तयार भएपछि पूजा शुरु गरिन्छ ।[55]

पूजा शुरु गर्ने क्रममा सवैभन्दा पहिला सवैले जल आचमन लिएर जजमानहरुले पूजाथाली छोइरहन्छन् र गुरुजुले घण्ट बजाएर पूजा संकल्पको वाक्य पाठ गरी पूजा शुभारम्भ गरिन्छ । त्यसपछि गुरुजुले क्रमश गुरुमण्डल पूजा र रत्नमण्डल पूजा गरिन्छ । त्यसपछि सिन्हमू पूजा गरिन्छ । सिन्हमू पूजाको विधि माथि नै उल्लेख भईसकेको छ ।

---

[54] लोकोत्तर पूजा र शेषबलि पूजाको लागि थापके गरिराखेको दृष्य परिशिष्ट - चि.फ. नं. (छ) १ ।
[55] भरिं क्वकायेगु पूजा तयारीको अवस्थाको दृश्य परिशिष्ट - चि.फ. नं. (छ) २ ।

सिन्हमू पूजापछि गुरुलाई “रत्नमण्डल दोहल्पये” (किगतिने) गरिन्छ। किगतिने विधि माथि नै उल्लेख भईसकेको छ। किगतिने गरिसकेपछि सो मण्डल विसर्जन गर्न लगाई सो मण्डलमा रहेको पूजा गरिएको सवै सामान उठाएर गुरुजुको अगाडिको मण्डलमा राख्न लगाईन्छ। त्यसपछि जजमानले अक्षता धोगेर गुरुजुलाई दिइन्छ। किगतिनेपछि गुरुजुले समाधिमण्डल पूजा विधिवत गरिन्छ। समाधिमण्डल पूजापछि स्थापना गरिएका धौपति, मसलाहरु, सुकुन्दा, अन्ति, खायेकोरिं र काँचो मासुलाई विधिवत पूजा गरिन्छ। त्यसपछि मूख्य देवदेवीको रुपमा स्थापना गरिएको नाचालाई विधिवत पूजा गरिन्छ। नाचा पूजापछि “चाकपूजा” गर्दछन्। पूनः जजमानद्वारा एक मण्डल लेख्न लगाई त्यसमा गोजा राखी विधिवत पूजा गर्न लगाई उपस्थित सवैद्वारा किगतिने गराइन्छ। किगतिने कार्यपछि स्थापना गरिएको धौपति विसर्जन गरी कोटः (पूजाथाली)मा राख्न लगाइन्छ। थकालिनकींले पूजाथालीलाई दाँया हातले समाई स्थापना गएिका देवता तथा सामानहरुलाई बाँया हातको अंगुठि औलाले पूजाथालीमा भएको दहि चढाउन लगाइन्छ। यस कार्यलाई “धौपति छायेगु” तथा “सगं छायेगु”(सगुन चढाउने) भनिन्छ। सगुन चढाइ सकेपछि थकालिनकींले पूजाथाली थकालि पालालाई हस्तान्तरण गरिन्छ। थकालि पालाले गुरुजु तथा अन्य थकालिहरुलाई टिका लगाइदिइ, फूल दिएर पूजा गरिन्छ। त्यसपछि पूजाथाली गुरुजुलाई फिर्ता दिइन्छ। गुरुजुले पनि उपस्थित सवैलाई टिका लगाईदिन्छ। भरिं स्वने दिन मोहनी फयेगु गरेको मोहनी (अञ्जल) टिका पनि लगाईदिन्छ। टिकाटालोपछि प्रसाद ग्रहण गरिन्छ। प्रसाद ग्रहणको लागि स्थापना गरिराखेको खाद्यसामग्रीहरु सवै स्थापना गरिराखेको स्थानबाट झिकिन्छ। कांचोमासु पनि झिकेर छोयला बनाइन्छ र प्रसाद ग्रहण गराईन्छ। प्रसाद ग्रहणपछि पूजा विसर्जन गरिन्छ।

# सातौं अध्याय

# थथु पुंई आचागूको आर्थिक श्रोत तथा व्यवस्थापन

कुनै पनि संघ, संस्थाको “व्यवस्थापन” भनेको त्यस संघ, संस्थाको “मेरुदण्ड” हो भने “अर्थ” त्यस संघ, संस्थाको “प्राण” हो । चाहे त्यो धार्मिक, सांकृतिक, सामाजिक, राजिनीतिक तथा नाफा कमाउने व्यापारिक संस्था नै किन नहोस्, अर्थ र त्यसको समुचित व्यवस्थापन विना त्यो संस्था लामो समयसम्म रहिरहन सक्दैन । त्यस्तै गुथि पनि आर्थिक श्रोत विना संचालन हुन सक्दैन चाहे त्यो राजकिय, धार्मिक, जातीय गुथि नै किन नहोस् । त्यसैले गुथिलाई व्यवस्थित रुपमा चलाउनको लागि त्यहाँ आयस्ताको तथा आर्थिक श्रोतको व्यवस्था भई रहेकै हुन्छ । गुथिमा आयस्ताको रुपमा जग्गा जमिन, अन्नबाली, जिन्सीसामान, नगद इत्यादी हुने गर्दछ । पहिला पहिला जग्गा, जमीन, अन्नबाली, जिन्सीसामान र दक्षिणा गुथिको आयस्ताको रुपमा दाताको तर्फबाट दिने गर्दछन् भने आजभोलि दाताले “अक्षयकोष” खडा गरी एकमुष्ट रकम बैकमा जम्मा गरिदिने गर्दछन् र त्यसको व्याजबाट गुथि संचालन गर्ने गर्दछन । साथै गुथिको आय श्रोतको रुपमा गुथियारहरुले तिरिने “बँ” (जरिमाना) र प्रत्येक गुथियारको तर्फबाट राखिने “ल्हापं”(दामासाहिरुपमा राखिने नगद) पर्न आउँछ । यहाँ थथुप्वीं आचार्य गुथि संरक्षण समिति निमार्ण हुनु अघिसम्मको समयलाई “विगत” र थथुप्वीं आचार्य गुथि संरक्षण समिति निमार्ण भएको समय देखिलाई “वर्तमान”को समय गरी दुई समयमा विभाजन गरी थथु पुंई आचागूमा भईरहेको आर्थिक श्रोतलाई उल्लेख गरिन्छ ।

## ७.१ थथु पुंई आचागूको विगतमा आर्थिक श्रोत :

थथु पुंई आचागूमा पहिला पहिला दाताहरुले गुथिलाई जग्गा, अन्नबाली, जिन्सीसामान, दक्षिणा राखिदिएको कुरा त्यस गुथिको पचिंम्हिचामा रहेको दस्तावेजहरुबाट थाहा हुन आउँछ । गुथिको पचिंम्हिचामा रहेको दस्तावेजमा गुथि संचालनको लागि दाताहरुले राखिदिएको

जग्गा, जग्गा रहेको स्थानको नाम र सो जग्गाबाट प्राप्त हुने बाली सहितको विवरण उल्लेख भएको पाइन्छ ।[56] दाताहरुबाट प्राप्त उपरोक्त जग्गा, अन्नबाली, जिन्सीसामान र दक्षिणा प्राप्त भएकोलाई गुथिको आर्थिक श्रोत मान्न सकिन्छ । यसको अलावा गुथिमा प्रयोग हुन छोडेका सामानको विक्री गरेर कोषमा आम्दानी जनाइएको पनि पाइन्छ । ती प्राप्त आर्थिक श्रोतलाई तल उल्लेख गरिन्छ ।

### ७.१.१ दाताले जमीन राखिदिएको :

गुथिको जिन्सीसामान राखिने सन्दुकमा भएको भुजिमोल लिपिमा लेखिएको सम्वत ४७१ उल्लेख भएको एउटा ताडपत्रमा यस्तो लेखिएको छ -

- "सम्वत् ४७१ अशुनि वधि १ थंछु बजधराचार्यभिक्षु श्री मेतनजुस प्रमुखन आचार्य गोष्ठी प्रमुखसके गमनं विहार भिक्षु बजधराय(टों)ल बजसन, स्ववाचाप्रति

- भूतेन दिवंगती माता अरगन मात्रास, वर्षम्प्रति पिण्ड डायेके, उदेशा, सकद्मं पाको बू रोव ४ थ्वया बछि स्वाधिकार लूंखीरठामं ३ .....शद्धां युक्षेन सं(यु)"[57]

उपरोक्त विवरण अनुसार गमन विहार(गं बाहाल) का बज्रधराचार्य भिक्षु -बज्राचार्य भिक्षु) श्री मेतनजुले आचार्य गोष्ठि (थथु पुंई आचागू)मा दिवंगत माताको नाममा प्रत्येक वर्ष पिण्ड दान(श्राद्ध गर्न) जमीन रोव ४ (४ रोपनी ?) राखिएकोमा प्राप्त हुने बालीमध्ये आधा भाग गुथिको लागि र आधा भाग आफ्नो अधिकारमा भनी उल्लेख गरिएको देखिन्छ ।

त्यस्तै नेपाली कागजमा लेखिराखेको अर्को एउटा दस्तावेजमा यस्तो लेखिएको छ -

"अद्य ॥ श्रीमछी श्री श्री शाक्यसिंह तथागतस्य त्यादि ॥शुभ॥ सम्वत ९३७ मार्ग्जशिलमास शुक्रपक्षे द्वितीयांतिथौ मूला नक्षत्रे वृहस्पतिवार थ्व कून्हू श्री३ थंछु आचार्यया श्री बज्रसत्व सर्वसंघ प्रीतिन मैत्री वुद्ध पूरि महाविहारया श्री बज्राचार्य जगतमून देव न

---

56 जग्गाको र सो जग्गाबाट प्राप्त हुने बालीको विवरण परिशिष्ट - दस्तावेज नं. (ङ) १

57 जग्गा राखिदिएको विवरण भएको ताडपत्रको फोटो परिशिष्ट - दस्तावेज नं. (ख)४

स्वहस्ते न दोहोलपा पंदोल बूचुल २ भूयथूकिन तङाओ अधरि मोहल १५ जिमङा मोहोल जुलो।"[58]

## ७.१.२ नगद तथा जिन्सीसामान राखिदिएको

गुथिमा पाठ गरिने "पञ्चरक्षा पुष्तक"मा लेखक र लेखकको परिवारले "पुष्तक र दक्षिणा" गुथिमा राखिदिएको उल्लेख छ।

- "श्रोयोदूष्तु सम्वत ७६९ माघमामासे.....पक्ष श्रीपञ्चस्यायांनि

चार्य ग्यानदेवन, थ्वपूठिचोचकं थंछूआचार्य गुथिस दुन्ताजूरो थ्वपूठिलिक दक्षणा न्हूरमोरटंका ४ दून्ता

भार्या धरणीनिरक्ष्मीया मोहोरटंका १ दून्ता ॥ जननी हेरणारक्ष्मी मोहोलटंका १ दून्ता ॥"

ज्याठाका प्रजापति मत्यंसिले सर्वसंघलाई जलपान गराउन रकम राखिदिएको उल्लेख छ।

"सम्वत ९७१ म्ति फाल्गुण बदि १ स श्री दीपंकर चक्रम देवता प्रीतिन मूर थरपा क्वाथवाहारया श्री अमृतानन्द प्रमुखन थंछु आचार्य गुथिस ज्याथा मूननिया प्रजापति मत्यंसिननं दून्ता अधरि तका १० थुतिया ओरसानन सर्वसंघ सकस्यनं तुचा भप्यमार ॥ श्री३ चक्रम देवता क्वाहाविज्यारकेव्यरस ज्याथा ध्वाकां निसं चोयाभरेत प्याखं हूयका विज्यारकेमार वर्षपतीं धकंमत्यंसिनं विंतियाना दूता तयाजुर शुभ ॥"

गुथिको कन्तुरमा रहेको प्रचलित नेवारी लिपिमा लेखिराखेको एउटा पाण्डुलिपिमा शुभ सम्वत १०५० फाल्गुण थ्व(शुक्ल) १२ रोज ४ मा श्री बज्रसत्व न्यालोहंथ आचार्य गुथिमा भ्वाःबहाःका कनक वज्रको धर्मचित्त उत्पत्ति भएर गुथिका दस्तावेजहरु, नगद राख्न तामाको कन्तुर १ र देशि ताला ३ पनि प्राप्त भयो शुभम् भनि उल्लेख भएको छ।

[58] जग्गा राखिदिएको विवरण भएको दस्तावेज परिशिष्ट - दस्तावेज नं. (क)१।

त्यस्तै शुभ सम्वत १०५३ फाल्गुण शुक्ल द्वादशीको दिन झ्वाःबहाःका कनक वज्रको धर्मचित्त उत्पत्ति भएर श्री न्यालोंथ आचार्य गुथिमा तपसील बमोजिम सामानहरु प्राप्त भयो भनी उल्लेख भएको छ ।[59]

### ७.१.३ गुथिलाई सापत प्राप्त भएको :

गुथिमा रहेको एउटा थ्यासफूमा झ्वाःबाहालका चक्रपाणिले गुथिलाई दिएको रकम फिर्ता दिएको कुरा लेखिराखेको छ ।

"संवत ९४७ थुगु संवत स झ्वालवाहालया चक्रपाणि तगु दाम अधलि मोद ५ सं ९५३ थुगु संवत स चक्रपाणियात लितविया थ्व दामया व्याज था सद्दा चक्रपाणि हयूजुल शुभ । थुगु दाम यागु वापत सर्वसंभयनिस्यन भोजन याय धुन जुल ।"[60]

### ७.१.४ जरिमानाको व्यवस्था :

ने.सं. १०३२ मा लेखिएको पाण्डुलिपिमा "थायपापिंके वंकायगु" भनेर आठजना थकालिहरु गुथिको कार्यक्रममा अनुपस्थित रहेमा जरिमाना के कति तिराउने सो उल्लेख गरिएको छ ।[61]

### ७.१.५ प्रव्रज्यासंवर र आचार्याभिशेक प्रदानबाट आम्दानी :

गुथिको पचिंम्हिचामा रहेको दस्तावेजमा उल्लेख भए अनुसार विभिन्न मितिमा थथु पुंईका सर्वसंघका कुलपुत्रहरुलाई प्रव्रज्यासंवर र आचार्याभिशेक प्रदान गरेबापट उनीहरुबाट

---

[59] गुथिमा जिन्सीसामान राखिदिएको विवरण परिशिष्ट - दस्तावेज नं. (ङ) २ ।
[60] झ्वाबाहालका चक्रपाणिबाट गुथिलाई सापत प्राप्त भएको निजलाई फिर्ता गरेको विवरण परिशिष्ट - दस्तावेज नं. (च) १ ।
[61] थकालिहरु गुथिको कार्यक्रममा अनुपस्थित भएमा जरिवाना लिने विवरण परिशिष्ट - दस्तावेज नं. (च) २ ।

निश्चित रकम प्राप्त गरी गुथिमा आम्दानी जनाइएको पाइएको छ । ने.सं. ९८४ मा मो रु ९१ त्यस्तै ने.सं. ९८५ मा मो रु १२५ प्राप्त भएको उल्लेख गरिएको छ ।

### ७.१.६ गुथिमा रहेको जिन्सीसामान विक्रीबाट आम्दानी

गुथिमा प्रयोग नभएर बसेका सामान सबैको सहमतिमा विक्री गरेर गुथिको कोषमा आम्दानी जनाउने गरेको पनि पाइन्छ । गुथिमा रहेको दस्तावेज अनुसार विगतमा खासीपूजाको दिन प्रयोग गरिने खासी वि.सं. २०३३ सालमा गंबहाका थकालि अमोघ बज्रलाई रु. १७००/- मा विक्री गरेको उल्लेख छ ।[62]

## ७.२ वर्तमानमा गुथिको आर्थिक व्यवस्था

हाल गुथिमा विगतमा जस्तो अन्नबाली आयश्रोतको रुपमा रहेको देखिन्दैन । वर्तमानमा नवप्रवेसीहरुबाट प्राप्त हुने आचालसु शुल्क, दाताहरुको तर्फबाट प्राप्त नगद दान, समय समयमा प्रत्येक सर्वसंघहरुबाट प्राप्त हुने ल्हापं(निश्चित रकम) र सो रकम बैंकमा जम्मा गरेर आएको व्याज गुथिको आर्थिक श्रोतको रुपमा रहेको देखिन्छ । यसको साथै गुथिमा प्रयोग हुन छोडेको सामान विक्रीबाट प्राप्त रकम र दाताहरुले गुथिमा राखिदिएको जिन्सीसामान पनि गुथिको आयश्रोटको रुपमा रहेको देखिन्छ ।

### ७.२.१ आचालसु शुल्क :

ने. सं. ११३४ मा गुथिको दिन प्रकाशित भएको थथुप्वीं आचार्य गुथि संरक्षण समितिको प्रतिवेदनमा “आचा-लसुया ज्याः” शीर्षकको (ङ) नम्वरमा चुडाकर्म भएकाहरुबाट प्रत्येकले रु. २००/- संरक्षण समितिलाई दिनुपर्ने भनी उल्लेख भएको छ ।

---

[62] खासी विक्रीबोरे उल्लेख भएको दस्तावेज परिशिष्ट - दस्तावेज नं. (च) ३ ।

### ७.२.२ नगद दान :

वर्तमान समयमा पनि गुथिका सदस्यहरुले अक्षयकोष खडा गर्न एकमुष्ट नगद दान स्वरुप दिइएको पाइन्छ । संरक्षण समितिबाट प्रत्येक वर्ष प्रकाशित गरिने प्रतिवेदनमा उल्लेख भए अनुसार क्वाबाहालका प्रेम रत्न बज्राचार्यबाट रु. १०,०००/- र ध्वाकाबाहालका सुमति बज्राचार्यबाट रु. १०,०००/- दान प्राप्त भएको देखिन्छ । त्यस्तै सामुहिक प्राथना कार्यक्रम कोष खडा गर्न वि.सं. २०६६ सालमा सातजना सर्वसंघहरुको तर्फबाट रु. २३,५००/-प्राप्त भएको उल्लेख छ ।[63]

### ७.२.३ गुथिका सर्वसंघहरुबाट प्राप्त ल्हापं (निश्चित रकम) :

थथुप्वीं आचार्य गुथि संरक्षण समिति स्थापना भएपछि संरक्षण समितिको व्यवस्थापनमा अक्षयकोष स्थापनाको लागि समय समयमा प्रत्येक सर्वसंघहरुबाट ल्हापंको रुपमा निस्चित रकम उठाउने गरेको देखिन्छ । त्यसरी उठाइएको रकम विभिन्न बैंकहरुमा मुद्दती खातामा जम्मा गरिराखेको विवरण ने.सं. ११३४ (वि.सं. २०७०) मा संरक्षण समितिले प्रकाशित प्रतिवेदनमा उल्लेख भएको देखिन्छ ।[64]

### ७.२.४ अक्षयकोषको व्याज :

दाताहरुबाट प्राप्त नगद दान र प्रत्येक वर्ष सर्वसंघहरुबाट उठाउने गरिएको एक निश्चित रकमहरु अक्षयकोषको रुपमा बैंकमा जम्मा गरिएको र बैंकबाट प्राप्त सो कोषको व्याज गुथिको आम्दानीको रुपमा रहेको विवरण संरक्षण समितिले प्रकाशित गरिने प्रतिवेदनमा उल्लेख भएको पाईन्छ ।

---

[63]प्रसर्वसघहरुको तर्फबाट गुथिको कोष खडा गर्न नगद दान दिईएको विवरण परिशिष्ट - दस्तावेज नं (छ) ३ ।

[64] प्रत्येक सर्वसंघबाट रु. ७०/-को दरले ल्हापं प्राप्त भएको विवरण परिशिष्ट - दस्तावेज नं. (छ) २ ।

### ७.२.५ जिन्सीसामान विक्रीबाट प्राप्त रकम :

विगतमा गुथिमा श्राद्ध गर्न प्रयोग गरिने तामाको कोला ११ थानमध्ये १० थानको ११ वटा मण्डल बनाउने निर्णय गरिएको र सो १० थान क्वला गंबाहालका सुजन बज्राचार्यले रु. ३००/- मा खरिद गरी ११ वटा तामाको मण्डल गुथिमा राखिदिएको विवरण गुथिको दस्तावेजमा उल्लेख भएको पाइन्छ ।[65] सो विक्री गरिएको १० वटा क्वलामध्ये ६ वटा क्वला अनुसन्धानको दौरानमा यो शोधकर्तालाई भक्तपुरमा रहेको एउटा क्यूरियो पसलबाट प्राप्त भएको छ । सो ६ वटै क्वलामा गुथिको नाम, सम्वत र श्राद्ध गर्नुपर्ने स्वर्गीयको नाम उल्लेख भएको छ । एउटा क्वलामा "गालाकोबू" भनी दाताले राखिदिएको जग्गाको नाम समेत उल्लेख भएको छ ।[66]

[65] १० वटा क्वला विक्री गरेको विवरण उल्लेख भएको दस्तावेज परिशिष्ट - दस्तावेज नं. (ज) ।
[66] विक्री गरिएको १० वटामध्ये ६ वटा क्वलाको दृश्य परिशिष्ट - चि.फ. नं (क) २ ।

# आठौं अध्याय

# आचागूको प्राचीन र वर्तमान स्वरुप र परम्परामा भिन्नता

थथु पुंई आचागूमा समय समयमा त्यसको स्वरुप तथा परम्परामा धेरै नै परिवर्तनहरु आएको पाइन्छ । गुथि हुने दिनमा गरिने विभिन्न कार्यक्रम तथा परम्पराहरु मध्ये कुनै कुनै कार्यक्रम तथा परम्परालाई हटाउने समेत गरेको पाईन्छ । साथै गुथिको स्वरुपमा पनि परिवर्तन आएको पाईन्छ । जुन परिवर्तन तथा भिन्नता निम्न प्रकार रहेकाछन् ।

**१) गुथि संचालन र समापन :**

गुथिको पचिंम्हिचामा रहेको दस्तावेज अनुसार विगतमा थथु पुंई आचागू फाल्गुन शुक्ल पंचमीको दिन पचिंछायगुबाट शुरु भएर फाल्गुन कृष्ण तृतीयाको दिन ल्यास्वयेगु गरेर समापन गरिन्छ । यस अनुसार विगतमा गुथि शुरु भएको चौधौं दिनमा गुथि सम्पन्न हुन्छ ।

हाल फाल्गुन शुक्ल पंचमीको दिन पचिंछायगुबाट शुरु भएर फाल्गुन त्रयोदशीको दिन ल्यास्वयेगु गरेर गुथि समापन गरिन्छ । यस अनुसार वर्तमानमा गुथि शुरु भएको नवौं दिनमा गुथि सम्पन्न हुन्छ ।

**२) मे श्ववने (रांगा हेर्न जाने) :**

सम्वत १०५२ को दस्तावेज अनुसार गुथिमा मे श्ववनेगु भनेर पनि गुथिको कार्यसूचीमा देखिएको तर हाल सो कार्य गुथिमा नरहेको देखिन्छ ।

**३) मे स्याके (रांगा काट्न लगाउने) :**

सम्वत १०५२ को दस्तावेज अनुसार गुथिमा मे स्याके भनेर पनि गुथिको कार्यसूचीमा देखिएको तर हाल सो कार्य गुथिमा नरहेको देखिन्छ ।

**४) खासी पूजा र भरिं स्वनेगु पूजा :**

सम्वत १०३७ को दस्तावेज अनुसार गुथिमा खासीपूजा भनेर पनि गुथिको कार्यसूचीमा देखिएको तर हाल थथुप्वीं आचार्य गुथि संरक्षण समितिको गठनपछि खासी पूजाको औचित्य नरहेको भनि बि.सं. २०६० साल माघ १५ गते वृहस्पतीबार बसेको समितिको बैठबाट खासी पूजा खारेज गर्ने निर्णय गरेको देखिन्छ । वर्तमानमा खासी पूजा नगरिए पनि फाल्गुन शुक्ल एकादशीको दिन भरिं स्वनेगु पूजा भने गर्ने गरिन्छ । तर विगतमा सो दिन ८ जना थकालि लगाएत सम्पूर्ण सर्वसंघ उपस्थित हुनुपर्नेमा हाल ११ जना थकालि लगाएत गुथि पाला, भरिं, च्यो भरिं, समितिका सदस्यहरु र उपसमितिका सदस्यहरुमात्र उपस्थित हुने गर्दछन् ।

**५) छोयलाभु याये :**

संवत १०३७ को दस्तावेजमा छोयलाभु गर्नुपर्ने उल्लेख भईरहेकोमा सम्वत १०५२ को दस्तावेजमा खर्चले नभ्याउने भएकोले छोयलाभु खारेज गर्ने भनेर उल्लेख भएदेखि हाल पनि छोयलाभु कार्य बन्द नै भई रहेकोछ ।

**६) केंता तयगु :**

सम्वत १०३७ को दस्तावेजमा केंता तयगु कण्ठ भनेर सर्वसंघहरुलाई भात भोज ख्वाउने बेलामा थकालिहरुले भोजमा राख्नुपर्ने दालको परिकारहरु उल्लेख भएको छ । तर हाल सो कार्य बन्द भईसकेको छ ।

**७) आचागूको दिन सर्वसंघको नामावलि पढ्ने, पाउ धोइदिने र पूजा गर्न लगाउने :**

सम्वत १०३७ को दस्तावेजमा श्री सर्वसंघ आचार्य गुथि अर्थात फाल्गुन द्वादशीको दिन नामावलि पढेर उपस्थित सर्वसंघलाई लिचाकयके (पाउ धोइदिने), प्रत्येक सर्वसंघबाट धलंदंके (पूजा गर्न लगाउने) भन्ने उल्लेख भएको तर हाल ती कुनै पनि कार्य गुथिमा गरिएका छैन र सो कार्यहरु हाल बन्द भईसकेको देखिन्छ ।

**८) तले पुजाया कण्ठ (माथि पुजाको विधान) :**

सम्वत १०३७ र १०५२ को दस्तावेजमा सवै भन्दा पहिला कुला गुथिको पूजा । च्याः गुथिको पूजा क्रमश कुला गुथिको रोती सहित जलपान गर्ने भनेर उल्लेख भएको तर हाल ती दुईवटा गुथिमध्ये च्याः गुथिमात्र अस्तित्वमा रहेको देखिन्छ ।

**९) लिचुपाल विये (दिने) :**

सम्वत १०३७ को दस्तावेजमा लिचुपाल विये भनेर भोजनपछि जुठो सफा गरेर जेष्ठ थाय्पा सहित आठजना थकालिको हात धोइदिने । लिचुपाल दिन आवश्यक सामग्री - छेंगु, कछला, छकुपाच, तखा ४ प्रकारको घासा (खानेकुरा), घबो(एक प्रकारको भोज भाग) ६ भाग राख्ने उल्लेख गरिएको छ । तर हाल यी कुनै पनि कार्यहरु हुने गरेको छैन ।

**१०) पिण्ड थयगु (श्राद्ध गर्ने) :**

सम्वत १०३७ र १०५२ को दस्तावेजमा विविन्न व्यक्तिहरुको नाममा श्राद्ध गर्नुपर्ने उल्लेख भएको तर हाल श्राद्ध गर्ने कार्य बन्द भइसकेको छ ।

**११) सिधपाविये**

सम्वत १०३७ को दस्तावेजमा भ्वाःबाहाको तर्फबाट सिधपा दिने भनेर उल्लेख भएको तर हाल गुथिमा यो कार्य हुन्दैन ।

**१२) क्वाकाजा नयषुनु (तातो भात खाने दिन) :**

सम्वत १०३७ र १०५२ को दस्तावेजमा क्वाकाजा नयेगु भनी उल्लेख भएको तर हाल गुथिमा यो कार्य हुने गरेको छैन ।

**१३) विजेश्वरीमा जाने :**

सम्वत १०३७ र १०५२ को दस्तावेजमा विजेश्वरीमा श्राद्ध गर्ने र वंजला पूजा गर्ने कुरा उल्लेख भएको तर हाल सो कार्यहरु बन्द भइसकेको छ

**१४) भरिंठनेगु (भरिं क्वकायेगु) दिन :**

सम्वत १०५२ को दस्तावेजमा भण्डारण पूजा गरिराखेकोलाई विसर्जन गर्ने विधि र "लापोसुयके माल" भनेर मासुको पोको लुकाउने उल्लेख भएको छ । तर हाल भण्डारण पूजा गरिराखेकोलाई विसर्जन गर्ने पूजा मात्र गरिन्छ । विगतमा सो दिन सवै सर्वसंघ उपस्थित हुनुपर्ने तर हाल सो दिन थकालिहरु, पालाहरु, भरिंहरु, च्योभरिंहरु र समितिका पदाधिकारिहरुमात्र उपस्थित हुने गरिन्छ ।

**१५) थाय्पापिंके बंकायगु :**

सम्वत १०५२ को दस्तावेजमा थाय्पापिंके वंकायगु भनेर आठजना थाय्पाहरु गुथिको कार्यक्रममा अनुपस्थित रहेमा जरिवाना के कति तिराउने सो उल्लेख गरिएको छ । तर हाल कुनै कसैलाई पनि गुथिको दिन अनुपस्थिति भएमा जरिमाना तिराउने गरेको छैन ।

**१६) खेतको बाली लिने :**

सम्वत १०३७ र १०५२ को दस्तावेजमा पालाले खेतको बाली उठाउने र सो बाली गुथिमा के कति खर्च गर्ने भनी लेखिए बमोजिम खर्च गरेर बाँकि रहेको गुथिलाई फिर्ता दिने उल्लेख भएको छ । तर हाल गुथिमा खेत पनि नभएको र बाली पनि उठाउने कार्य नभएको भन्ने भनाई गुथिका सर्वसंघहरुको रहेको छ ।

**१७) थ्वं थुयगुया कण्ठ :**

सम्वत १०३७ को दस्तावेजमा थ्वंथुयगुया कण्ठ भनेर गुथिमा प्रयोग गरिने बिभिन्न प्रकारको जाँडको नाम उल्लेख गरी सो जाँडहरु बनाउन आवश्यक सामग्री तथा त्यसको परिमाण उल्लेख गरिएको छ । हाल गुथिमा त्यस्तो विभिन्न प्रकारको जांड प्रयोग भएको पाइन्दैन ।

**१८) ल्याः स्वयेगु (हिसाव गर्ने) दिन :**

गुथिको पचिं म्हिचामा प्राप्त संवत ९८३, ९८४, ९८५ को दस्तावेजमा फाल्गुन कृष्ण तृतीयाको ल्याः स्वयेगु भनी उल्लेख भएको छ । त्यस्तै ने.सं. १११९ (दुईजना पालाको व्यवस्था भएको समय) सम्म फाल्गुन चतुर्दशीको दिन ल्याः स्वयेगु गरेको देखिन्छ भने हाल फाल्गुन शुक्ल त्रयोदशीको दिन ल्याः स्वयेगु कार्य गरिन्छ ।

**१९) थकालिको व्यवस्था :**

संवत १०५२ को दस्तावेजमा गुथिमा ८ जना थकालिको व्यवस्था भइरहेको छ भने हाल ११ जना थकालिको व्यवस्था भइरहेको छ ।

**२०) पालाको व्यवस्था :**

सम्वत १०५१ सम्म एकजना पाला भएको र सम्वत १०५२ देखि सम्वत १११९ सम्म दुईजना पालाको व्यवस्था भएको देखिन्छ भने हाल ने.सं ११२० देखि चारजना पालाहरुको व्यवस्था भएको देखिन्छ ।

**२१) भरिं, सुलिं र च्यो भरिं :**

सम्वत १०५२ को दस्तावेजमा पालो सिद्धिएका २ जना "सुलिं" र पालो लिने २ जना "भरिं"को व्यवस्था गर्ने भनेर उल्लेख भएको छ । हाल ने.सं ११२० देखि सुलिंको व्यवस्था हताएर ४ जना च्यो भरिंको व्यवस्था गरिएको छ । त्यस्तै भरिं पनि २ जना बाट ४ जना बनाइएको देखिन्छ ।

नवौं अध्याय

# निश्कर्ष

बाहा:, बहीका शाक्य बज्राचार्यहरुको भेलालाई जातीय गुथि वा भेला भन्दा पनि बौद्ध धर्मको परम्परा अनुसार संघ भेला मान्नु उपयुक्त देखिन्छ ।

प्रत्येक पुंई आचागूलाई बौद्ध इतिहासमा वर्णित बौद्ध संगायनको परिवर्तितरुप तथा नेपालको बौद्ध धर्मको मौलिकता भएको बौद्ध संगायन भन्न सकिन्छ ।

समय समयमा पुंई आचागूमा विभिन्न दृष्टिकोणले परिवर्तन भई आइरहेको पाइन्छ ।

थथु पुंई आचागूसंग सम्वन्धित उपलब्ध दस्तावेजमध्ये सवै भन्दा पुरानो ने.सं. ४७१ (इ.सं. १३५०) को दस्तावेज रहेको छ । त्यस समयमै उक्त आचागूको राम्रो व्यवस्था भईसकेको तथ्यको आधारमा ईशाको १३ औं शताब्दी भन्दा पूर्व नै थथु पुंई आचागूको स्थापना भईसकेको अनुमान लगाउन सकिन्छ ।

थथु पुंई आचागू मनाउने क्रममा अन्य गुथिहरुबाट दान प्रदान गर्दै आइराखेबाट सर्वसंघले खुशिकासाथ आचागूलाई मान्दै आएको सिद्ध हुन्छ । तर वर्तमान समयमा भने मरिगू जस्ता सहायक गुथि लोप भएबाट संवन्धित नयाँ पुस्ताको ध्यान आकर्षण नभएको भने नकार्न सकिन्दैन ।

वर्तमान समयमा थथुप्वीं आचार्य गुथि संरक्षण समितिको व्यवस्था भएबाट यस आचागूलाई संरक्षण गर्न संवन्धित सर्वसंघमा धेरैको चेतना जागृत भईआईराखेको देखिन्छ ।

उपलब्ध अप्रकाशित दस्तावेजको अनुसार विगतमा आचागू संचालनका लागि जग्गा/जमीन सहित यथेष्ट आयश्रोतको व्यवस्था भएको थियो भन्ने तथ्य देखिन्छ । तर वर्तमान समयमा ती आयश्रोतहरुको निरन्तरता रहेको देखिन्दैन ।

थथु पुंई आचागूको संचालनका हरेक चरणमा पूजाविधि सहित गरिआइराख्नाले पूजाविधि आचागूको एक अभिन्न अंङ्गकोरुपमा रहेको पुष्टि हुन्छ । ती पूजाविधिहरुमध्ये केही पूजाविधिहरु गर्न छोडिसकेको पाइन्छ । पूजाविधि हताइएमा वा लोपभएमा उक्त आचागूकै मौलिक्ता रहिरहन्छ भन्न सकिन्दैन ।

उपलब्ध अप्रकाशित दस्तावेजको अध्ययन र वर्तमान गुथि संचालनको अवलोकनको आधारमा भन्नु पर्दा बौद्ध धर्मका संघ भेला जस्तो नितान्त बौद्ध परम्परामा पनि मद्य र मांसको प्रचुर मात्रामा अनिवार्य प्रयोग भईआइराखेबाट  नेपालको बौद्ध धर्म परम्परामा अति नै विकृति र विसंगतिको गाढारङ्गको छाप देखिन्छ । जुन गाढारङ्गको छापलाई मेटाउन निक्कै कसरत गर्नुपर्ने देखिन्छ ।

थथु पुंई आचागू मात्रै होइन कुनै पनि आचागू बौद्ध धर्म परम्परा अनुसारको सांघिक भेला भएको हुनाले सम्वन्धित सर्वसंघ मात्रै होइन राष्ट्रकै ध्यान आकर्षण हुनु जरुरी छ । संरक्षण र सवर्द्धनका लागि उचित कार्य योजना बनाई प्राथमिक्ताको क्रमानुसार कार्यान्वयन गर्नु पनि जरुरी छ । लोप नै भईसकेपछि पुनर्जागरण गर्नु भन्दा लोप हुन नदिनु बुद्धिमानी हुन्छ ।

# सुझाव

१) प्रत्येक वर्ष गुथिमा सर्वसंघको सहभागितामा ह्रास आइरहेकोले सर्वसंघहरुको अधिकतम सहभागिताको लागि योजना बनाउनु पर्ने आवश्यक छ ।

२) गुथि संचालन गर्ने क्रममा पूजा, दान प्रदान र भोजमा मात्र सीमित नरही नेपालको बौद्ध धर्म, संघ, संस्कृति आदिमा आइपरेका समस्याहरुलाई संबोधन गर्ने, छलफल गर्ने र समाधानका उपायहरु पत्ता लगाउने जरुरी छ ।

३) विगतको तुलनामा मद्य र मांसको प्रयोग कम भएता पनि यसको प्रयोगलाई अझ निरुत्साहित पार्न अतिशीघ्र कदम चाल्नु पर्दछ ।

४) सुधार र सरलताको नाउँमा गुथिको रौनक, मौलिकता आदि नासिने कार्य नहोस् यसमा सतर्कता अपनाउनु पर्दछ ।

५) बज्रयानको कुनै पनि पूजामा गुरुजुको साथमा गुरुमाजु पनि अत्यावश्यक हुने भइरहेकोले यस कुरालाई मध्य नजर राख्दै यस आचागूमा पनि महिला सर्वसंघलाई कुनै न कुनै तरिकाले समावेश गर्दै लानुपर्ने तथा स्थान दिंदै लानुपर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूची


## पुस्तक

### अंग्रेजी भाषा

१) लक जोन के, (ई.सं. १९८५) **बुद्धिस्त मोनाष्ट्रिज अफ नेपाल,** काठमाडौंः सहयोगी प्रेस ।

### नेपाल भाषा

२) बज्राचार्य फणीन्द्ररत्न, (ने.सं. ११२६) **नेवाः बौद्ध संस्कृतिइ गुथि,** यैंः रत्न पिथना ।

३) बज्राचार्य, बद्रीरत्न, (ने.सं १११०) **न्हापायापिं प्रसिद्ध बज्राचार्यपिं,** काठमाडौंः आनन्द कुटी विहार गुठी ।

४) ....., (ने.सं. ११०९) **प्रसिद्ध बज्राचार्य पिनिगु संक्षिप्त विवरण**, प्रथम संस्करण, काठमाडौंः शोभा तुलाधर ।

५) बज्राचार्य, मदनसेन, (ने.सं. १११९) **दे आचार्य गुथि**, काठमाडौंः शाक्य अफसेट प्रेस ।

६) बज्राचार्य रत्नकाजी बिजय रत्न, (ने.सं. ११०३) **नेपाः देःया विहारया ताःचा,** काठमाडौंः मन्त्रसिद्धि महाविहार, सवल बहाः ।

### नेपाली भाषा

७) बज्राचार्य, नरेशमान, (२०६९), **बज्रयान नेपाल,** काठमाडौंः त्रिरत्न प्रकाशन ।

८) प्रधान, भुवनलाल, (ने.सं. ११२७) **काठमाडौं उपत्यकाका केही सांस्कृतिक छिर्का-मिर्का,** प्रथम संकरण, काठमाडौंः डा. सुमित्रा मानन्धर गुरुङ्ग ।

## पत्रपत्रिका, प्रतिवेदन, जर्नलहरु

### नेपाल भाषा

९) बज्राचार्य, नरेशमान, (ने.सं. १११९ चिल्लागा ८) *बौद्ध संगायन व यें देया दे आचा गुठी,* न्हूगु विश्वभुमि दैनिक पत्रिका, तंसा पौ, ।

१०) बज्राचार्य, धर्मसुन्दर, (ने.सं.११३१) *मध्यपुर थिमिमा बौद्ध धर्म र बज्राचार्य संघ परम्परा,* **बज्रयान** त्रैमासिक पत्रिका, वर्ष २ अंक ६, नेपाल परम्परागत बौद्धधर्म संघ ।

११) बज्राचार्य, मञ्जु श्री रत्न, (ने.सं. ११३१) *दे आचार्य गुथि र कान्तिपुरका वज्राचार्यहरुको संघ परम्परा,* **बज्रयान** त्रैमासिक पत्रिका, वर्ष २ अंक ६, नेपाल बज्रयान बौद्ध धर्म संघ ।

### नेपाली भाषा

१२) बज्राचार्य, नरेशमान, (२०६३) *नेपालको बज्रयानी बौद्ध सस्कृति,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

# परिशिष्ट

## १) तपसील

**फाल्गुण शुक्ल पंचमीको दिन पचिंछाय दिनमा**

१) काथ्वं (एक प्रकारको जांड) चखाउन आवश्यक खाद्य सामग्रीहरु धूलो नुन, मरिच अलि, चमसुर, मेथि र रक्सि २ पल्ट दुवै पालाले व्यहोर्नु पर्ने उल्लेख भएको छ ।

२) चार प्रकारको खानाको परिकार राखेर भतमास भाग दुवै जना पालाहरुले आधा आधा बेहोर्नु पर्ने ।

**मे स्ववने (राँगो हेर्न जाने)**

३) राँगो किनेर फर्केकाहरुलाई दुवै जना पालाहरुले आधि आधि वेहारेर २ -२ पाला रक्सि पिलाउने उल्लेख भएको ।

**मे स्याकेषुन्हु (राँगो काट्न लगाउने दिनमा)**

४) मासु खानलाई २-२ पाला रक्सि दुवै जना पालाहरुले आधा आधा वेहोर्नु पर्ने उल्लेख भएको ।

**ज्यासने षुन्हु (काम गर्ने दिनमा)**

५) खासी पूजा गर्न पुजा सामग्री जेष्ठ पालाले ल्याउने

६) भरिं स्वने (भण्डारण) पूजाको लागि पूजा सामग्री दोश्रो पालाले ल्याउने र खाद्य तथा पेय पदार्थ दुवै पालाहरुले आधा आधा वेहोर्ने

७) खासी पूजा सम्पन्न भए पछि लीला बोयात रक्सि दुवै पालाले बेहोर्ने

८) सर्वसंघलाई दिइने च्याकु(छोयला आठ तुक्राजति) खर्चले नभ्याउने भएकोले खारेज गर्ने उल्लेख भएको छ ।

९) छोयलाभुया मुस्यावोतये(भतमासभोज) राख्न दुवैजना पालाले आधा आधा वेहोर्ने उल्लेख भएको छ ।

**आचार्य गुथिको दिन**

१०) विजेश्वरीमा कल(पूजा) पठाउने, देशवलि राखेर कलश पूजा, सर्वसंघ बाट पूजा गर्न समेत पूजासामग्री जेष्ठपालाले जोरजाम गर्नुपर्ने उल्लेख भएको छ ।

११) कुलागुको पूजा, च्यागुथिको पूजा पछि भोजनको लागि आवश्यक सामग्री र भोजको परिकार दुवै पालाले जथाश्रधा राखेर खुवाउने उल्लेख भएको छ ।

१२) लीचुपाललाई कचिला, तखा, कता थ्वं (एकप्रकारको जांड) गुथिबाट बेहोर्ने उल्लेख भएको छ ।

१३) अभ्यंतर पूजामा सर्वसंघबाट पूजा गराउने, श्राद्ध गराउने, धुमांगारी, शेषवलि पूजाहरुलाई चाहिने खाद्य सामग्री गुथि बाट बेहोर्ने र पूजा सामग्री दोश्रो पालाले बेहोर्ने उल्लेख भएको छ ।

१४) भोजन गर्न तखा गुथि बाट राख्ने, भोजको लागि आवश्यक सामग्री र खानाको परिकार जथाश्रधा दोश्रो पालाले बेहोर्ने उल्लेख भएको छ ।

१५) क्वाकाजा खाने दिन आवश्यक माटोको पाला, लप्ते (भोज पात) दुवै पालाले बेहोर्ने उल्लेख भएको छ ।

**विजेश्वरी जाने**

१६) विजेश्वरीमा श्राद्ध गर्न र अन्य पूजा गर्न आवश्यक पूजा सामग्री जेष्ठ पालाले ल्याउने

१७) विजेश्वरीमा भोजन गर्न आवश्यक सामग्रीलगायत खानाको परिकार दुवै पालाहरुले आधा आधा बेहोर्ने र च्यूरा गुथिले बेहोर्ने उल्लेख भएको छ ।

१८) भरिंथने पूजा लाई पूजाको सरजाम दोश्रो पालाले ल्याउने र खाद्य सामग्री गुथिले बेहोर्ने उल्लेख भएको छ ।

१९) च्याकुदिने – खर्चले नभ्याउने भएकोले खारेज गर्ने उल्लेख भएको छ ।

२०) मुस्याबो वियेगु (भतमास भोज दिने) - मासु गुथिले बेहोर्ने, भोजन गर्न आवश्यक सामग्री र भतमास लगायत अन्य खाद्यसामग्रीहरु दुवै जना पालाहरुले आधा आधा बेहोर्ने ।

**ताचाल्हाये**

२१) च्याकुदिने – खर्चले नभ्याउने भएकोले खारेज गर्ने उल्लेख भएको छ ।

२२) बजिबोविये(च्यूराभाग दिने) - मासु गुथिले राखेर च्यूरा दुवै पालाले आधा आधा बेहोर्ने

२३) घबोनपिं ६ म्ह तयेगु - दुवै पालाको ३ - ३ जना राख्ने

२४) मुठयात ग्वसि, कासि विये – दुवै जना पालाको आधा आधा दिने

२५) रक्सि, प्याथ्व(एक प्रकारको जांड) बनाउने परिमाण उल्लेख गरी हाल रक्सि बन्द भएकोले प्याथ्वं बनाउने

२६) कता थ्वं, अजि थ्वं (जांड) बनाउन साविक बमोजिम पालाहरुलाई दिने उल्लेख छ ।

२७) भरिं, सुलिं तयेगु - पालो सिद्धिएका २ जना "सुलिं" र पालो लिने २ जना "भरिं"को व्यवस्था गर्ने उल्लेख भएको छ ।

२८) पालाया छें पचिम्हिचा सवने - पचिम्हिचा सवने भनेर पचिम्हिचा अर्को वर्ष पालो वेहोर्ने दुवै जना पालालाई दिएर सो समयमा गराउने जलपान सोहि पालाले आधा आधा बेहोर्ने उल्लेख भएको छ ।

२९) पामक, कथुप्वा, मण्डपाता - पूजामा प्रयोग हुने मातोबाट बनिएको पामक, कथुप्वा( दीयो बाल्न प्रयोग गरिने), मण्डल दुवै पालाले आधा आधा बेहोर्नु पर्ने उल्लेख भएको छ ।

३०) बालिदुकायगु - गुथिमा आयस्ता राखिएका दाताहरु संग दुवै पाला मिलेर बाली उठाउने र सो बाली गुथिमा के कति खर्च गर्ने भनि लेखिए बमोजिम खर्च गरेर बाँकि रहेको गुथिलाई फिर्ता दिने उल्लेख भएको छ।

३१) बाली विक्रीयाये - खर्च गरेर बाँकि रहेको बाली पालाहरुले लिन्छु भन्यो भने दुवै पालालाई दिने र नलिने भनेको खण्डमा बजारमा विक्री गर्ने उल्लेख भएको छ।

**२) पञ्चगब्य शोधनको लागि आवश्यक सामग्रीहरु :**

१) पाला

२) गाईको दुध

३) दही

४) घ्यू

५) गोवर

६) गोमूत

७) दुवोको मूठ्ठी